# जुम्ला जिल्ला चन्दननाथ गा.वि.स.को महिलाहरुको सामाजिक आर्थिक अवस्था अध्ययन

त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस नेपालगंज मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तरगत समाजशास्त्र तथा मानवशास्त्र विभाग स्नातकोत्तर तह दास्रो वर्षको आठौ पत्रको प्रयोजनको लागी प्रस्तुत

शोधपत्र


शोधार्थी
पूर्णप्रसाद धिताल
महेन्द्र बहुमुखी क्याम्पस
नेपालगंज बाँके ।


२०६५

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह द्धितिय वर्षका विद्यार्थी श्री पूर्णप्रसाद धितालले **जुम्ला जिल्ला चन्दननाथ गा.वि.स.का महिलाहरुको सामाजिक आर्थिक अवस्था** शिर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा परिश्रमपूर्वक तयार पार्नु भएको हो । म उहाँको यस शोधकार्य सँग पूर्णरुपमा सन्तुष्ट छु र यसको अन्तिम मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६५।१०।

शोधनिर्देशक

................

भरत पोखरेल

समाजशास्त्र संकाय महेन्द्र बहुमुखी क्याम्पस

नेपालगंज ।

**त्रिभुवन विश्वविद्यालय**
**महेन्द्र बहुमुखी क्याम्पस**
**समाजशास्त्र तथा मानवशास्त्र विभाग**
**नेपालगंज**
**बाँके**

**स्वीकृति-पत्र**

मिति :

त्रिभुवन विश्वविद्यालय, बहुमुखी क्याम्पस समाजशास्त्र विभागका छात्र श्री पूर्ण प्रसाद धितालले स्नातकोत्तर तह दोश्रो वर्षको शोधपत्र प्रयोजनका लागि तयार पार्नु भएको , (**जुम्ला जिल्ला चन्दननाथ गा.वि.स.का महिलाहरुको समाजिक आर्थिक अवस्था**) शिर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. शोधपत्र निर्देशक : श्री भरत पोखेल

२. बाह्य परीक्षक : ....................

३. विभागीय प्रमुख : .......................

# कृतज्ञता ज्ञापन

जुम्ला जिल्ला चन्दननाथ गा.वि.स.का महिलाहरुको सामाजिक र आर्थिक अवस्थाको वारेमा लेखिएको यो सोधपत्र (Thesis) महेन्द्र बहुमुखी क्यामपस नेपालगंजबाट समाजशास्त्र तथा मानव शास्त्र विषयमा स्नातकोत्तर तह (Master's Degree) को उपाधी पुरा गर्ने सिलसिलामा तयार गरिएको हो । यसले यस क्षेत्रका महिलाको अवस्थाको वारेमा जानकारी लिन चाहने र तिनीहरुको अवस्थामा सुधार गर्न चाहने जो कोहीका लागी पनि उपयोगी हुने आशा एवं विश्वास छ । यो सोध पत्र मेरो एक्लो प्रयासले मात्र सम्भव थिएन जसका लागी मेरा Thesis Guide ***श्री भरत पोखरेल*** ज्यूको सल्लाह, निर्देशन र मुल्यवान सुझावहरु प्राप्त गरेको छु । यसका निम्ती वहाँ प्रति आभार व्यक्त गर्दछु । साथै शारिरीक रुपमा अस्वस्थ हुँदा हुँदै पनि मलाई यो सोधकार्य छिटो सम्पन्न गर्न प्रेरणाका साथ आवश्यक निर्देशन दिनु हुने समाजशास्त्र विभाग प्रमुख ***सावित्री वस्नेत ज्यू*** प्रति कृतज्ञता ज्ञापन गर्दछु । साथै समाजशास्त्र विभागका सम्पुर्ण गुरुवर्ग ज्यू प्रति सुझाव र सहयोगका लागि कृतज्ञता ज्ञापन गर्दछु ।

मेरा लागी जुन सुकै दुःख खेप्दै जन्माई हुर्काई बढाई पढाई यहाँ सम्म पुऱ्याउने मेरा पुज्य बुवा श्री शिव लाल धिताल ज्यू र आमा काशीकला धिताल ज्यू प्रति यो क्षणमा हर्षासु खसाल्दै आभार व्यक्त गर्दछु । मेरो प्रगतिमा गर्व गर्ने भाईहरु प्रेम लाल धिताल , मित्र लाल धिताल , नन्द राज धिताल र बहिनी पञ्चकन्या न्यौपाने लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

आफ्नो कामलाई थाती राखेर यो सोध कार्यमा फिल्डको काममा अहोरात्र खटेर सहयोग गर्नु हुने श्री लाल बहादुर बुढा (सनिगाउँ गा.वि.स.वा.न.८) प्रति विशेष धन्यवाद दिन चाहन्छु । तथ्यांक विश्लेषण र कम्प्युटरको काममा लागी रहेको बेला आफ्नो निद्राको प्रवाह नगरी तातो चिया र कपडाहरु पुऱ्याई सहयोग गर्ने मेरी श्रीमति मनकोइला धिताल र छोरी श्रृजना धिताललाई धन्यवाद दिन चाहन्छु । टेलीफोन बाट भएपनि यस कार्यमा सचेत पारी राख्ने छोरा हेम राज धिताल , हल्ला नगरी सहयोग गर्ने छोरी सुस्मिता र छोरा विकास लाई धन्यवाद दिन्छु।

मलाई स्नातकोत्तर तह अध्ययनको लागि प्रेरणा दिईरहनु हुने आदरणीय दाजु शिवचन्द्र धिताल ( नि प्र जि अ जुम्ला) देवराज धिताल (प्राचार्य श्री भैरव उ मा वि नराकोट जुम्ला ) भाई राजेन्द्र धिताल (सहायक प्राध्यापक ववै वहुमुखि क्याम्पस वर्दिया ) भाई मनऋषि धिताल (

सम्पादक जनादेश साप्ताहिक ) भतिजा आषिस धिताल  ईन्जिनियर किर्डाक जुम्लाका साथै समस्त धिताल लिहीका कर्णाधार हरु श्री रत्न चुंडेश्वर उच्च मा.वि.का सहकर्मी साथीहरु विद्यार्थी भाइ बहिनीहरु लगायत म र मेरो भावना सँग परिचित सम्पुर्ण न्याय प्रेमी महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अंग्रजी भाषाका साहित्यहरुको अनुवादमा सहयोग गर्नु हुने मेरा पुज्य ज्वाई श्री नारायण न्यौपाने ज्यू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा सुद्रा सुद्वी मा सहयोग गर्नु हुने श्री .......र कम्प्युटर सेटिङ्गमा सहयोग गर्नु हुने श्री इन्द्र कुमार श्रेष्ठ ज्यू प्रति धन्यवाद दिनु म आफ्नो कर्तव्य ठान्दछु ।

**पूर्णप्रसाद धिताल**

समाजशास्त्र तथा मानवशास्त्र विभाग

मेहेन्द्र बहुमुखी क्याम्पस

नेपालगंज

# विषय सुचि


| | | पृष्ठ |
|---|---|---|
| सिफारिस पत्र | | क |
| स्वीकृती पत्र | | ख |
| कृतज्ञता ज्ञापन | | ग |
| तालिका सुचि | | घ |
| संक्षेपिकृत शब्दार्थ | | ङ |
| | **अध्याय १** | **१-५** |
| १ | परिचय | १ |
| १.१ | अध्ययनको पृष्ठ भूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको उद्देश्य | ४ |
| १.४ | अध्ययनको तर्क | ४ |
| १.५ | अवधारणात्मक ढाँचा | ५ |
| | **अध्याय २** | **६-१४** |
| २ | साहित्य समिक्षा | ६ |
| २.१ | महिलाका सवाल तथा मुद्दाहरु  सम्वन्धी साहित्यको समिक्षा | ६ |
| २.१.१ | महिला र उमेर | ६ |
| २.१.२ | महिला र विवाह | ६ |
| २.१.३ | महिला र शिक्षा | ७ |
| २.१.४ | महिला र सामाजिक भेदभाव | ८ |
| २.१.५ | महिला र स्वास्थ्य | ९ |
| २.१.६ | महिला र कृषि | १० |

| | | |
|---|---|---|
| २.१.७ | महिला र निर्णय प्रक्रिया | १० |
| २.१.८ | महिला र नागरिक ऐन | ११ |
| २.१.९ | महिला र अर्थ व्यवस्था | १२ |
| २.२ | शब्दार्थ | १४ |
| | **अध्याय ३** | **१५-१७** |
| ३ | अनुसन्धान पद्धति | १५ |
| ३.१ | अध्ययन क्षेत्र छनौटको तार्किक आधार | १५ |
| ३.२ | अनुसन्धान ढाँचा | १५ |
| ३.३ | समग्रता र नमूना आकार | १५ |
| ३.४ | तथ्याङ्क संकलनको श्रोत तथा प्रकृति | १६ |
| ३.५ | तथ्याङ्क संकलन पद्धति | १६ |
| ३.५.१ | अन्तरवार्ता | १६ |
| ३.५.२ | अवलोकन | १६ |
| ३.५.३ | प्रमुख पात्र सँग अन्तरवार्ता | १६ |
| ३.६ | तथ्याङ्क प्रशोधन तथा विश्लेषण | १६ |
| ३.७ | तथ्याङ्कको वैधता र विश्वासनियता | १७ |
| ३.८ | अध्ययनको सिमा | १७ |
| | **अध्याय ४** | **८-४४** |
| ४ | सामान्य वर्णन | |
| ४.१ | जुम्ला जिल्लाको समान्य वर्णन | १८ |
| ४.१.२ | इतिहास वर्तमान र भविष्य | १८ |
| ४.१.३ | जुम्ला जिल्लाको वास्तविक झलक | १९ |
| ४.२ | भौगोलिक स्थिती | २० |
| ४.२.१ | अवस्थित | २० |
| ४.२.२ | भौगोलिक सिमाना | २० |
| ४.२.३ | उपयोगमा आएको जमिन | २० |

४.२.४ कुल जनसंख्या २१
४.२.५ जुम्ला जिल्लामा विभिन्न धर्म मान्ने मानिसहरुको जनसंख्या प्रतिसत २१
४.२.६ शैक्षिक अवस्था २१
४.२.७ शैक्षिक संस्था २१
४.२.८ मुख्य जडिबुटी २२
४.२.९ प्रमुख बाली २२
४.२.१० मुख्य फल २२
४.२.११ मुख्य नदि २२
४.३ माटो र हावापानी २२
४.३.१ जंगल २२
४.३.२ हावा पानी २३
४.३.३ कृषि तथा सिंचाइ २३
४.३.४ जनसंख्यकी विशेषता २५
४.३.५ प्रमुख जातजाति २५
४.३.६ शिक्षा २५
४.३.७ यातायात २६
४.३.८ स्वास्थ्य २७
४.४ अध्ययन क्षेत्र चन्दननाथ गा.वि.स.को सामान्य वर्णन २७
४.४.१ चन्दननाथ गा.वि.स.को भौगोलिक अवस्था २८
४.४.२ सिमाना २८
४.४.३ अध्ययन क्षेत्रका प्रमुख धार्मिक तथा ऐतिहासिक स्थल हरु २८
४.४.४ प्रशासनिक विभाजन २८
४.४.५ सामुदायिक विभाजन २८
४.४.६ चन्दननाथ गा.वि.स.को जातिगत विवरण २९
४.४.७ भुभि सम्बन्धी विवरण ३०
४.५ जुम्ला जिल्लामा महिला सम्बन्धी केही रोचक प्रशंगहरु ३१
४.५.१ जन्मिसकेपछि छोरा र छोरी वीच भेदभाव ३२

४.५.२ विवाह सम्बन्धी ३३

४.५.३ अध्ययन क्षेत्रका महिलाहरुको विशेष पहिरन ३३

४.५.४ गरगहना ३४

४.६.१ अध्ययन क्षेत्रका महिलाहरुले मनाउने चाडपर्व ३४

४.६.२ तागा ३५

४.६.३ बैशाख पुर्णिमा ३५

४.६.४ असाढे पोको ३६

४.६.५ साउने संक्रान्ति ३६

४.६.६ श्रावण पुर्णिमा ३७

४.६.७ तिज ३८

४.६.८ दशै ३९

४.६.९ सोह्रश्राद्ध ३९

४.६.१० तिहार ४०

४.६.११ भैली ४०

४.६.१२ भैलोका टुम्काहरु ४०

४.६.१३ पुष पन्नुवा ४१

४.६.१४ माघी संक्रान्ति ४१

४.६.१५ पछेल्ली माघे संक्रान्ति ४२

४.६.१६ श्रीपंचमी ४२

४.६.१७ विच्छती वा विस्सुवा ४३

४.७ अध्ययन क्षेत्र चन्दननाथ गा.वि.स.मा रहेका महिला र बालबालिकाका क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाहरुको विवरण : ४४

**अध्याय ५** **४६-६४**

५ सहभागिहरुको सामाजिक आर्थिक विशेषता ४६

५.१ जनसंख्यकी पक्ष ४६

५.१.२ उमेर ४६
५.१.३ धर्म ४७
५.१.४ भाषा ४८
५.१.५ बैवाहिक अवस्था ४९
५.१.६ विवाहका वारेमा निर्णय ५०
५.१.७ छोरीका विवाहका प्रतिको दृष्टिकोण ५१
५.१.८ शिक्षा ५३
५.१.९ छोरीको शैक्षिक सुधारका लागि सहभागि महिलाहरुको सिफारिस ५४
५.१.१० पारिवारीक संरचना ५४
५.१.११ परिवारको आकार ५५
५.१.१२ विकासका गतिविधी तथा सामाजिक संस्थामा महिलाको सहभागिता ५६
५.२ आर्थिक पक्ष ५७
५.२.१ पेशा ५७
५.२.२ परिवारको मुख्य आम्दानी ५९
५.२.३ परिवारको वार्षिक आम्दानी ६०
५.२.४ जमिनको स्वामित्व ६१
५.२.५ पुरुषहरुबाट महिलाहरुका काममा सहयोग ६२
५.२.६ घरायसी निर्णयमा महिलाहरुको भूमीका ६३
५.२.७ महिलाहरु सँग व्यक्तिगत सम्पति दाइजो वा पेवा ६४
**अध्याय ६** **६-६८**
६.१ सारांस ६६
६.२ निष्कर्ष ६७
६.३ सिफारिस तथा सुझावहरु ६८

१. सन्दर्भ सामाग्री

२. अन्तरवार्ता सुचि

३. जुम्ला जिल्लाको नक्शा

# तालिकाको सुचि :


| | | |
|---|---|---|
| तालिका नं.१ : | अध्ययन क्षेत्रको बाली चक्र | २४ |
| तालिका न.२ : | अध्ययन क्षेत्रको जनसंख्यकी | २५ |
| तालिका न.३ : | शैक्षिक अवस्था | २६ |
| तालिका नं.४ : | स्वास्थ्य स्थिति | २७ |
| तालिका नं.५ : | सामुदायिक विभाजन | २९ |
| तालिका नं.६ : | जातिगत विवरण | ३० |
| तालिका नं.७ : | भूमि सम्बन्धी विवरण | ३० |
| तालिका नं.८ : | उमेरगत विवरण | ४६ |
| तालिका नं.९ : | धार्मिक विवरण | ४७ |
| तालिका नं.१०: | भाषा सम्वन्धी विवरण | ४८ |
| तालिका नं.११ : | बैवाहिक विवरण | ४९ |
| तालिका नं.१२ : | विवाहका वारेमा निर्णय सम्बन्धी विवरण | ५१ |
| तालिका नं.१३ : | छोरीको विवाह प्रतिको दृष्टिकोण | ५२ |
| तालिका नं.१४: | शैक्षक तालिका | ५३ |
| तालिका नं.१५: | छोरीका शिक्षाका लागि सिफारिस | ५४ |
| तालिका नं.१६: | पारिवारीक संरचना | ५५ |
| तालिका नं.१७: | परिवारको आकार | ५५ |
| तालिका नं.१८: | सामाजिक संस्थामा सहभागिता | ५६ |
| तालिका नं.१९: | पेशा सम्बन्धी विवरण | ५८ |
| तालिका नं.२०: | परिवारको मुख्य आम्दानी | ५९ |
| तालिका नं.२१: | परिवारको वार्षिक आम्दानी | ६० |
| तालिका नं.२२: | जमिनको स्वामित्व सम्बन्धी विवरण | ६१ |
| तालिका नं.२३: | पुरुषहरुबाट महिलाको काममा सहयोग | ६२ |
| तालिका नं.२४: | घरायसी निर्णयमा महिलाहरुको भुमिका | ६३ |
| तालिका नं.२५: | दाइजो पेवा | ६५ |

# संङ्छेपीकृत शब्द सूचि

| | | | |
|---|---|---|---|
| १ | सि.नं. | :- | सिलसिलेवार नम्वर |
| २ | च.ना.गा.वि.स. | :- | चन्दननाथ गाउँ विकास समिति |
| ३ | जि.वि.स. | :- | जिल्ला विकास समिति |
| ४ | रा.ज.ग. | :- | राष्ट्रिय जनगणना |
| ५ | के.त.वि. | :- | केन्द्रिय तथ्याङ्क विभाग |
| ६ | वा.जि.वि.यो. | :- | वार्षिक जिल्ला विकास योजना |
| ७ | म.ब.क्या. | :- | महेन्द्र बहुमुखी क्याम्पस |
| ८ | ने.ग. | :- | नेपालगंज |
| ९ | त्रि.वि.वि. | :- | त्रिभुवन विश्वविद्यालय |

# अध्याय १

## १. . परिचय

### १.१ अध्ययनको पृष्ठभुमी

मानव उद्‌विकासको प्रारम्भ देखि नै महिला र पुरुषको उपस्थिति रहेको छ । मानव इतिहासको  लामो कालखण्ड सम्म समतामुलक सामाजिक संरचना चलेको पाइन्छ । लगभग ९० प्रतिसत सिकारी र घुमन्ते युगमा समय खर्च गरेको मानव समाजले जव व्याक्तिगत सम्पति र स्वामित्वको अभ्यास गर्दै आयो अनि समाजको पारिवारिक ढाँचामा पनि परिवर्तन आउन थाल्यो ।उत्पादन व्यवस्थामा परिवर्तन आईसकेपछि प्रतिस्पर्धा, दमन , शोषण र भेदभाव जस्ता कुराहरु सँग सँगै विकास भए । समाजमा स्तरीकरणको रेखा कोरिन गयो । घुमन्ते तथा सिकारी युगमा बढि लडाकुपन देखाउने पुरुषहरुले आ-आफ्नो झुण्डलाई नियन्त्रणमा राख्ने गरेको मानसिकताले परिवारमा पुरुषको प्रभुत्व वढ्न गएको हो । त्यसको परिणाम स्वरुप पुरुष र महिला वीच सामाजिक असमानताको सुरुवात भयो । अनि महिलाहरु पुरुषकै आड र भरोषामा वस्छन् भन्ने संस्कार र संस्कृतिहरु निर्माण हुँदै आएका छन्  ।

छोरा र छोरी विचका यिनै विभेदकारी सामाजिक दृष्टिकोणका कारण विश्वमा महिलाहरु विभिन्न अवसरहरुवाट वञ्चित छन् । लैङ्गिक असमानता विश्वको एउटा प्रमुख समस्या बनेको छ ।,, विश्वमा दुई तिहाई महिलाहरु अशिक्षित छन्  । महिलाले विश्वको १ प्रतिसत भन्दा कम सम्पति मात्र उपभोग गर्दछन् । विश्वको आयको केवल १० प्रतिसत मात्र महिलाले कमाउछन् । विश्वको काम गर्ने समयको ६७ प्रतिसत समय महिलाले काम गर्दछन् । विश्वका साँसदहरुमा महिलाको. प्रतिनिधित्व केवल ९.७ प्रतिसत मात्र छ ।  *( संयुक्त राष्ट संघीय तथ्याङ्क १९८९)* नेपालकै सन्दर्भमा कुरा गर्ने हो भने जीवनका अवसरहरु जस्तो घुमफिरको स्वतन्त्रता ,राजनीति र अर्थव्यवस्थामा महिलाहरुको उल्लेख्य उपस्थिति छैन । शिक्षा र रोजगारका अवशरहरु ,

परिवार स्तरमा सम्मानित र न्यायोचित व्यावहारहरुका साथै , सम्पतिको चलन भोगको अधिकारमा महिलाहरुको पहुँच अति कम छ ।

सामाजिक रुपमा हेर्दा पुरुषका अगाडि महिलाले बोलेको , महिलाले निर्णय गरेको जन्म देखि मृत्यु सम्मका क्रियाकलाप - ( Rituals ) मा महिला संलग्न भएको अवस्थालाई नेपाली समाजले सहजरुपमा लिदैन । छोरा र छोरीलाई दिइने विभेदकारी शिक्षाले महिला शिक्षाको स्तर न्युन छ । राज्यले शिक्षामा समान अवसर भनि घोषणा गरेपनि समाजका विभिन्न स्तरमा देखिएका विभेदकारी मानसिकताले केटीहरु विद्यालय नजाने गएपनि विचमै कक्षा छोड्ने , अनुतीर्ण भई कक्षा दोहऱ्याउने ,परिस्थिति वन्दछ ।

हाम्रो समाजमा महिलाहरुलाई स्वतन्त्ररुपले चिनाउने भन्दा उनिहरु कसैकी छोरी, कसैकी वुहारी वा कसैकी आमा र कसैकी श्रीमति भनेर चिनाईन्छ । धर्म शास्त्रहरुले महिलाहरु आफै वा आफ्नो छुट्टै अस्तित्वमा वाँच्न नसक्ने भनि परिभाषित गरेको पाइन्छ । हिन्दु समाजमा महिलाहरु वकालतमा वावुको अधिनमा उमेर पुगेर विवाह गरेपछि लोग्नेको अधिनमा र वुढेसकालमा छोराको अधिनमा हुन्छन् भनेको छ भने इस्लाम धर्मका कडा कानुनले महिलाहरुलाई वुर्कावाट वाहिर निस्कने अनुमति दिदैन ।

यस प्रकारका विभेदहरु र असमान पहुँचहरुको अन्त्य गरिएमा मात्र लैङ्गिक समानता कायम हुन्छ । जसकालागि सैद्धान्तिक र व्यवहारीक परिवर्तनको आवश्यकता छ ।

हुनत विश्वमा आज क्रमिक रुपमा महिलाहरुको स्थितिमा परिवर्तनहरु भई रहेका छन् । कैयौं राष्ट्रका महिलाहरु उच्च नेतृत्वमा पुगेका छन् । कोरिया क्युवा जस्ता समाजवादी राष्ट्रहरुमा त डाक्टर वकिल इन्जिनियर र साँसद सम्मपनि महिलाहरु पुरुषको हाराहारीमा वा वढि संख्यामा पुगेका छन् । आज महिला विरुद्धका सवै विभेदकारी कानुनहरु , चलनहरु , सँस्कारहरुको जग हल्लिएका छन् । भने कतिपय विभेदका पहाडहरु ध्वस्त भईसकेका छन् । तर पनि कति पय अवस्थामा महिलाका समस्या महिलाले नै नवुझि वाधक वनिरहेको पनि देखिन्छन् । अतः महिलामा हुने पराधिन मानसिकता र पुरुषमा हुने प्रभुत्वशाली मानसिकता रहे सम्म लैङ्गिक समानता कायम हुन सग्दैन र समाज अगाडि वढ्न सग्दैन ।

यसकालागि पुरातन अवैज्ञानिक सामाजिक दृष्किोण र मान्यतामा व्यापक परिवर्तनको खाँचो छ । महिला आन्दोलन सहितको सामाजिक क्रान्तिको आवश्यकता छ । त्यसो हुनकालागि पूर्वसर्त भनेको हरेक समाजको वस्तुगत अध्ययन अति जरुरी छ । जसको एउटा पाहिला यो सोध पत्र हुने आशा राख्न सकिन्छ । यस्ता हजारौं अनुसन्धानहरुले समाज समता मुलक र समुन्नत हुन सक्छ ।

## १.२ समस्याको कथन Statement of the problem

नेपालको कुल जनसंख्या मध्ये ५१ प्रतिसत महिलाहरु छन् , आधा भन्दा वढी आकास ढाक्ने देशको ठुलो जनसंख्या शिक्षा , स्वास्थ्य , संचार आदि क्षेत्रमा न्युन पहुँच राख्दछ । कडा परिश्रमले सताइने नेपाली महिलाहरुको सामाजिक र आर्थिक अवस्थालाई हेर्दा दोश्रो दर्जाको नागरिक सरह महशुस गरिन्छ । पारिवारीक र सामाजिक रुपमा हेर्दा नेपाली महिलाहरु पुरुषलाई खुशि तुल्याउने खेलौनाको भमीका निर्वाह गर्दछन् । अथवा महिलाहरु वच्चा जन्माउने मेशिन हुन् । आर्थिक रुपमा हेर्दा महिलाहरु उत्पादन गर्दछन् तर पुरुषहरु मुल्य प्राप्त गर्दछन् । पुरुषहरुको निर्णयले मुल्य प्राप्त गर्दछ भने महिलाहरुको कडा परिश्रम मुल्यहिन हुन जान्छ ।

नेपाली महिलाहरुको अर्को समस्या भनेको सहभागिताको हो । घर वाहिर वस्ने पुरुषहरुको प्रसंसा गरि नथाक्ने समाजले एक रात घरवाट टाढा वस्दा महिलामाथि छड्के नजरले हेर्दछ । नाना थरिका पवित्रता र अपवित्रताका पुराण पढाईन्छ । यसै कुराले के प्रष्ट हुन्छ भने शिक्षा,विवाह , पेशा, र आस्थामा पनि महिलाहरुले आत्मनिर्णय गर्न पाउदैनन् । उनिहरु पुरुषमा निर्भर हुन्छन् ।

वहुमतमा रहेको नेपाली महिला जनसंख्याको सामाजिक र आर्थिक पक्षको मुल्याङ्कन गर्नु महत्वपूर्ण विषय हो । यही विषयलाई मुख्य आधार वनाएर । यस अध्ययनलाई केन्द्रित गरिएको छ । नेपाल गाऊँ नै गाँऊ मिली वनेको देश हो । त्यसैले यो अध्ययन गाँउ केन्द्रित छ । साथै

हाम्रो देश सहरीकरणको प्रक्रियामा छ । यो अध्ययन सहरी हावामा थोरै भएपनि घुलमिल भएकै छ । किनकि यो अध्ययन क्षेत्र गाँउ सहर दुवैको मिश्रीत वस्ती हो । यस वस्तीमा भाषा , सँस्कृति चालचलनहरु ,चाडपर्व , आपसी सहयोग , पेशा देखि लिएर परम्पुर्खा देखि एउटै जाती धर्ममा अवद्ध विभिन्न गाँउ वस्तीहरुको गाँउले वातावरण हो जहाँ २० वटा गाँउहरु मिलेर

वसेका छन् । भने यी गाँउहरुमा विजुली , खानेपानी, केवुल लाइन , टेलिफोन ,अस्पताल देखि स्नातक स्तरको क्याम्पस , उच्च मा.वि. झण्डै एक दर्जन भन्दा वढिका निजी विद्यालय , मोटर गाडिको कोलाहल र वजार व्यवस्था र सरसामानको किन वेचले विभिन्न जिल्ला र अन्चलका मानिसहरुको आवागमनले यस क्षेत्रलाई सहरीया वनाएको छ । अत गाऊँ र सहरको यस मिश्रित वस्ती वाट निम्न प्रश्नहरुमा यो अध्ययन केन्द्रित छ ।

१ अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक र आर्थिक अवस्था के छ ?

२ यहाँका महिलाहरुले सामना गर्नु परेका सामाजिक र साँस्कृतिक समस्याहरु के के हुन् ?

## १.३ अध्ययनको उद्देश्य Objectives of the study

कुनै पनि देश र समाजको उन्नतीमा जति पुरुषको भूमीका रहन्छ त्यति नै भूमीका महिलाको पनि रहन्छ । त्यसैले यो सोध पत्रको अध्ययनका निम्न उद्देश्यहरु राखिएका छन् ।

(क) जुम्ला जिल्ला चन्दननाथ गाविसका महिलाहरुको आर्थिक र सामाजिक स्थितिको जानकारी लिने ।

(ख) चन्दननाथ गा.वि.स.का महिलाहरुको आर्थिक सामाजिक विकासमा रहेको भूमीका वारे प्रकाश पार्ने ।

(ग) यस गा.वि.स. को लैङ्गिक अवस्था वारे प्रकास पार्ने र सुझावहरु पेश गर्ने ।

## १.४ अध्ययनको तर्क Rational of study

यो प्रस्ताव गरिएको अध्ययन आधारभुत रुपमा शैक्षिक अध्ययन हो । जुन स्नातकोत्तर तह Master’s Degree को आवश्यकता अनुसार गरिएको हो । यसको लक्ष चन्दनाथ गाविसका महिलाहरुको सामाजिक , आर्थिक स्थितिको तथ्याङ्क उपलब्ध गराउनु हो । यसका लागि उत्पादन

गरिएका तथ्याङ्कहरु विकासका कार्यक्रम वनाउन, स्वास्थ्य, शिक्षाका सुविधाकालागि पूर्वाधार निर्माण गर्न, र विभिन्न कार्यक्रम तर्जुमा गर्न तथा सरकारी गैह्र सरकारी संघ सँस्था र निकायहरुले यस क्षेत्रका महिला सम्वन्धि अध्ययन गर्नमा सघाउ पुयाउने छ ।

## १.५ अवधारणत्मक ढाँचा (Conceptual Frame Work)

महिलाहरुको सामाजिक -आर्थिक स्थिति निर्धारणमा धेरै पक्षहरुले भुमिका खेल्दछन् । यो अध्ययनमा शिक्षालाई ऋयलअभउतगबा ाचकभ धयचप मानी महिलाहरुको स्थितिको विश्लेषण गरिएको छ । शिक्षा आर्जन गर्ने महत्वपुर्ण समयमा केटीहरु घरेलु कार्यमा आमा वुवालाई सघाउँछन् विद्यालय गए पनि सानै उमेरमा विद्यालय छोड्छन् । अनुतिर्ण भई कक्षा दोहरयाउछन् । विभिन्न कारणले उनिहरु शिक्षाका अवशरहरुवाट वञ्चित हुन्छन् । शिक्षा विना महिला वा पुरुष कोहिपनि अघि वढ्न सग्दैनन् । त्यहि भएर होला भावि संविधानमा शिक्षा निशुल्क र अनिवार्य हुनु पर्छ भन्ने आवाज उठिरहेको छ ।

महिलाहरुको स्थिति थाहा पाउने अर्को महत्वपूर्ण सुचक भनेको स्वास्थ्य हो जुका परेको थाह नपाई ज्यान गुमाउनु पर्ने वाध्यता र झाडापखाला परेका लाई पानी दिनु हुन्न भन्ने याँहाको आम स्वास्थ्य चिन्तन ले केही तस्वीर त झल्काउछ । त्यसमा पनि १लाख जनसंख्यालाई ३ दरवन्दि भएपनि १ जना डाकटरको सेवा उपलब्ध हुन गाह्रे हुने स्थितिवाट उत्पन्न हुने समस्याहरुलाई पनि नजर अन्दाज गर्न सकिदैन ।

यसका साथै हरेक काममा आज महिला सहभागिताको कुरा उठीरहेका छन् । महिलाहरुलाइ विकासका विभिन्न कार्यमा सहभागिता गराएमात्र उनिहरु शसक्तिकरण हुन्छन् । यस वाहेक विवाह पनि महिलाहरुको जीवनमा महत्वपुर्ण पक्ष हो । विवाहले महिलाहरुको भावि जीवन कस्तो हुने भन्ने भएकाले यो विषयले पनि अध्ययनको महत्व राख्दछ ।

## अध्याय २ ( दुई )

## साहित्य समिक्षा

### २.१ महिलाका सावल तथा मुद्धाहरु सम्वन्धि साहित्यको समिक्षा (Literature on Women Issues)

महिलाहरुका समस्या र समाधानका विषयमा विभिन्न स्वदेशी तथा विदेशी विद्धानहरुका विचार, अध्ययन र दृष्टिकोणहरु छन् । साथै विभिन्न सरकारी तथा गैह्र सरकारी प्रतिवेदनहरु पनि प्रकासित छन् । ती मध्ये निम्न शिर्षक हरुसँग मिल्दा सन्दर्भहरु समिक्षामा राखिएको छ ।

### २ .१.१ महिला र उमेर (Women and age)

सिर्सियामा ५ वर्ष देखि ९ वर्ष उमेर समुहका पुरुष बच्चाहरुले प्रत्येक दिन १.२४ घण्टा काम गर्दछन भने त्यही उमेरका महिला बच्चाले २.०५ घण्टा काम गर्दछन । पुरुषहरुले उत्पादनसिल कार्यमा ९२.२% समय विताउँदछन् भने महिलाले त्यही उत्पादनसिल कार्यका लागी ३८.८% समय विताउछन । तर पनि महिलाले पुरुष भन्दा बढी काम गर्दछन । पुरुषका लागी ७ घण्टा फुर्सदको समय हुन्छ भने केटीहरु १० दखि १४ वर्ष उमेर समुहका ले ५ घण्टा प्रति दिन सरदर काम गर्दछन (**मिना आचार्य १९८१:१२७**)

मानव विकास प्रतिवेदन १९९८ का अनुसार “पहिलो जन्म दिवस मनाउन नपाउँदै प्रतिहजारमा ७५ .२ जना वालिकाहरु मर्छन्” ।

### २.१.२ **महिला र विवाह** (Women and Marriage)

महिलाको स्थितीका लागी विवाह पनि एक महत्वपुर्ण पक्ष हो । किनभने वैवाहिक प्रक्रियाबाट महिलाको स्थिती छोरी बाट बुहारीमा परिर्वन हुन्छ । जसले महिलालाई पुर्ण रुपमा श्रीमान माथि निर्भर गराउँछ । किनभने महिलाको परिवार माथि श्रीमानको माध्यमबाट मात्र अधिकार हुन्छ । नेपालको सम्पति माथिको अधिकारका बारेमा बेनेटले लेखेकी छन् “पुरुषहरु

जैविक रुपमा जन्मबाट नै सम्पति माथिको अधिकार ल्याएर आएका हुन्छन्" महिलाको सम्पति माथिको अधिकार पुर्ण रुपमा उनको विवाहको सामाजिक तथ्यमा निर्भर रहन्छ र उनको आर्थिक

सुरक्षा वैवाहिक आचरणमा निर्भर रहन्छ। मुलुकी ऐन ले विवाहका लागी १८ वर्ष तथा २० वर्ष पछि मात्र अनुमति दिएको छ तर युनिसेफले भनेको छ २२% ले १३ वर्षको उमेरमा विवाह गर्छन भने ५०% ले २० वर्षको उमेरमा विवाह गर्दछन् विकासोन्मुख देश हरुका महिलाहरुले कलिलै उमेरमा विवाह गर्छन। यु.एन.का अनुसार ५०% अफ्रिकन ४०% एसियन र ३०% लेटिन अमेरिकन महिला १८ वर्षको उमेरमा विवाह गर्छन। नेपाल मानव विकास प्रतिवेदन १९९८ का अनुसार ४४ प्रतिसत महिलाहरुको विवाह १९ वर्ष नपुग्दै हुन्छ। र विवाहित ४ प्रतिसतले १९ वर्ष नपुग्दै वच्चा जन्माउछन्। मानव विकास प्रतिवेदन २००४ मा उल्लेख भएअनुसार नेपाली महिलाको विवाह गर्ने औषत उमेर सन १८७१ म १६.८ वर्ष थियो भने सन २००१मा १९.५ वर्ष पुगेको छ।

## २.१.३ महिला र शिक्षा (Women and Education)

मिना आचार्य र वेनेटले संयुक्त रुपमा गरेको अध्ययन अनुसार मानिसले केटाहरु भन्दा केटीहरुलाई शिक्षित वनाउन कम इच्छा राख्दछन्। किनकी थोरै मानिसले मात्र केटीहरुलाई विद्यालय पठाउँछन्। र केहीले मात्र छोरा र छोरीको शिक्षा वरावर चाहन्छन्। उनिहरुले प्रकासित गरेको पुस्तक Women and the subsistence sector economic participation and household decision making in Nepal मा महिलाको साँकृतिक प्रारुप र मान्यताको सम्वन्धका साथै महिला र पुरुषले गर्ने कामको वाँडफाँड र महिलाका स्थितिका वारेमा विश्लेषण छ

उक्त कृतिमा सामाजिक, आर्थिक, जानसँख्याकिक आदि जटिल पक्षमा महिलाहरुको निर्णय गर्ने भूमीकामा प्रभाव पारेका छन्। जसमा घरेलुकाम र कृषि उत्पादनमा ८६ प्रतिसत महिलाहरु उत्तरदायी छन्।

छोरीको अध्ययनमा जोड दिदै घिमिरे ले छोरालाई शिक्षित वनाउनु भनेको एक व्यक्तिलाई शिक्षित वनाउनु हो भने छोरीलाई शिक्षित वनाउनु भनेको पुरा परिवार र समाजलाई नै शिक्षित

हो त्यसकारण महिलालाई शिक्षामा आत्म निर्भर हुन बढि उत्पादक हुन सिपयुक्त हुन र तीनिहरु समाजमा ठिक स्थान छान्नआवश्यक छ र महिलालाई राष्ट्रको विकासको मुलधारमा प्रवेश गर्न पनि शिक्षाको आवश्यकता छ ।

महिला शिक्षाका वारेमा जतिपनि अध्ययन, प्रतिवेदन र विचारहरु छन् ती सवैको निचोड महिलाहरुलाई शिक्षा दिनुको विकल्प छैन । त्यही भएर होला देशको संविधान ऐन, कानुनहरुमा महिला शिक्षाका वारेमा विशेष खालका प्रावधानहरु राखिएका छन् तर छोरीलाई पढाउनु पर्छ भन्ने सामाजिक अभियान अँझै विकास हुन सकिरहेको छैन । राज्यले महिला शिक्षामा लगानी वढाएको छ । तर सोही अनुरुप प्रतिफल प्राप्त हुन सकिरहेको छैन । यसका कारणहरुमा वालीकाहरुमा पारीवारिक कामको बोझ हुनु, विद्यालय संचालनमा अनियमितता हुनु , गरिवी हुनु ,शिक्षाको उपादेयता वारे न्युन मूल्याङ्कन हुनु , विद्यालय भित्र विभेदपूर्ण वातावरण हुनु र मातृभाषामा शिक्षा दिने परिपाटीको अभाव हुनु आदि ।

*श्रोत - (नेपाल मानव विकास प्रतिवेदन १९९८ )*

## २.१.४ महिला र सामाजिक भेद भाव(Women and social discrimination)

वलराम आचार्यको ‘लैङ्गिक अध्ययन’ नामक पुस्तकमा महिलाहरु सामाजिक र साँकृतिक रुपमा नै पिडित हुनुपर्ने कही सामाजिक विभेदहरु औंल्याइएको छ । लेखकका अनुसार :-

१ लैङ्गिक आधारमा महिला पुरुष वीच , महिला महिला (सासु वुहारी, नन्द र भाउजु , पढे लेखेका र नपढेका, सहरिया र गाँउले, उपल्लो जात र तल्लो जात) वीच विभेद गरिन्छ।

२ सहरिया महिला र गाँउले महिला विच विभेद ।

३ सम्पति माथिको स्वामित्व र त्यसको चलखेल माथि महिला र पुरुष वीच विभेद छ ।

४ धार्मिक कार्य गर्न र काज क्रिया गर्न पढ्न घुमफिर गर्न आदिमा महिला र पुरुष वीच विभेद छ । घरायसी कार्यमा काम गर्ने समय पुरुषको तुलनामा महिलाको निकै बढि छ । उक्त पुस्तकमा नेपालमा सँस्कृतिका नाममा महिलामाथि हुने गरेका शोषणहरुलाई औंल्याइएको छ । जसका केही उदाहरणहरुमा उल्लेख गरिएको छ :-

१ सुदुर पश्चिमाञ्चलको देउकी प्रथा ।

२ दाङ्ग देउखुरीको वादी प्रथा ।

३ झुमा प्रथा र नारी प्रतिको व्यवहार ।

४ नेपाली समाजमा गाँजिएको दाईजो प्रथा ।

५ मकवानपुर तिरको चेलिवेटी वेच विखन प्रथा ।

६ मनाङ्ग मुस्ताङ्ग तीरको वहुपति प्रथा ।

७ कुमारित्वको धारणा र छिटो विवाह गर्ने प्रचलन ।

८ रजस्वला हुने नियमित प्रक्रियामा सुद्धता र असुद्धताका लागि अर्थहिन मान्यता र कठोर व्यावहार आदिलाई लिइएको छ ।

यी परम्परागत प्रथाका साथै 'वोक्सी' 'टोकाइ' आदिको लाञ्छाना , घरायसी हिंसा , यौन शोषण अनि महिला सामाजिकिकरणमा गलत प्रक्रियाहरु रहेको कुरा उल्लेख गरिएको छ । यी सवै कुप्रथाहरु सामाजिक कलंकका रुपमा नेपालीसमाजमा विद्यमान छन् । कानुनद्धारा नै दण्डनीय भई सकेका यी प्रचलनहरुलाई हटाउन नागरिक चेतना र शिक्षालाई बढि जोड दिनु पर्छ । मानव धर्म र प्रगतिशिलविचारको प्रचार र व्यवहारको पनि अति खाँचो छ ।

## २.१.५ महिला र स्वास्थ्य (Women and Health)

प्राकृतिकरुपमा नै महिलाहरु अत्यन्त कोमल शारिरीक वनोटका हुन्छन् । प्रजनन् प्रक्रियामा १० महिना सम्म गर्भ वोक्नु पर्ने र प्रसूती भए पछि पनि बच्चालाई हुर्काउने क्रममा महिलाहरुको स्वास्थ्य अति कमजोर हुन्छ । यस कुरालाई विचार गरी वेइजिङ्ग महिला सम्मेलन बाट महिला स्वास्थ्य सम्वन्धि निम्न निर्णयहरु पारित गरिएका थिए ।

१ महिला प्रजनन् अधिकार सुरक्षित गर्ने ।

२ महिलाको स्वास्थ्य सुधाँरकालागि आर्थिक श्रोतहरु वढाउने ।

३ महिला स्वास्थ्य सम्वन्धि अनुसन्धान कार्य संचालन गर्ने

नेपालमा महिला स्वास्थ्य सम्वन्धि थुप्रै समस्याहरु देखिएका छन् । शिक्षाको कमि गरिवी, कलिलो अमेरमा विवाह गर्ने चलन, अस्पताल र स्वास्थ्य केन्द्रको कमि अन्ध विश्वास आदि कारणहरु यसमा जिम्मेवार रहेका छन् । नवौं योजना (२०५४ देखि २०५९ ) मा नेपाली महिलाको प्रजनन् दर ४.६ प्रतिसत भन्दा कम हुन सकिरहेको थिएन । परिवार नियोजनका साधनहरु ३० प्रतिसत जनताले मात्र प्रयोग गरेको शिशु मृत्यु प्रतिहजार ७४.७ रहेको छ ।

यसै गरी नेपाल सरकारको २० वर्षे दिर्घकालिन स्वास्थ्य नीति लागु भएको छ । जसमा परिवार नियोजन तथा मातृ शिशु कार्यक्रमलाई सरकारी तथा गैह्र सरकारी सँस्था मार्फत सँचालन गराउने, गाँउघरमा सुरक्षित मातृत्व सम्वन्धि अवधारणा अवगत गराउने र मातृत्व

सम्वन्धि ऐन कानुनहरु पारित गराउने आदि योजनाहरु वनाईएको छ । ***राष्टिय जनगणना २०५८*** का अनुसार हाल नेपालमा महिला स्वास्थ्यको अवस्था नवौं योजनाको समापन हुँदा सम्म महिलाको औषत आयु ६२.२, मातृ मृत्युदर प्रति लाखमा ४१५ जना, प्रजनन् अवस्थामा स्वास्थ्य सेवा उपलब्धता १०.८ प्रतिसत र प्रजनन् दर ४.१ रहेको छ ।

## २.१.६ महिला र कृषि (Women and Agriculture)

सुजका अनुसार दक्षिण एसियाका देशहरुमा ७० देखि ८० प्रतिसत महिलाहरु कृषिका कृयाकलापमा वा कृषि उत्पादकका रुपमा अथवा कृषि श्रमिकका रुपमा भर्ना भएका छन् । महिलाको भुमिका धेरै जसो कृषिका क्रियाकलापलाई पुरा गर्नु रहेको छ । कृषिमा संलग्न भएका मानिसहरुले तरकारी फलफुल खाना तथा पशुपालन गर्दछन् । राष्ट्रिय विकासमा महिलाहरुले खेलेको भुमिका महत्वपुर्ण छ ।

कृषि उत्पादन कार्यमा महिलाहरु पूर्ण रुपमा सँलग्न हुँदा हुँदै पनि रुढीवादी परम्परा र अन्धविश्वासका कारण उत्पादन स्वामित्व र उत्पादन निर्णयका साथै उत्पादनका साधनहरु महिलाहरुको पहुँच भन्दा टाढा रहेका छन । यदि नेपाली महिलाहरुलाई यी कुराहरुमा अधिकार सम्पन्न बनाउने हो भने राष्ट्रिय उत्पादन बढ्नुका साथै देशले कृषि क्षेत्रमा नयाँ आयाम् थप्न सक्छ । महिलाहरु कृषि विशेषज्ञ र कृषि वैज्ञानिकका रुपमा माथि उठ्न सक्छन् ।

## २.१.७ महिला र निर्णय प्रक्रिया (Women and Decision Making)

Shri Sahakit (1995) को प्रतिवेदन अनुसार धर्म,कानुन ,परम्परा इतिहास र सामाजिक प्रवृतिहरु जस्त पितृसतात्मक उपरीसंरचना भएको समाजिक प्रणाली का कारण सार्वजनिकरुपमा महिला सहभागितालाई सिमित पारी दिएको छ । यी सवै सिमाहरु मानिसद्धारा निर्मित हुन्छन् ।

नेपाल पुरुषहरुको प्रभुत्व भएको देश हो । यहाँ महिलासहभागितालाई कम महत्व दिईन्छ । महिलाहरुलाई तवमात्र सहभागिता र निर्णयको अधिकार दिइन्छ जव पुरुष हरु घरमा हुँदैनन् अथवा घर वाहिर हुन्छन् । - *मिना आचार्य १९८१* )महिलाको अवस्था भन्ने कृति)

सोही कृतिमा अगाडि भनिएको छ महिलाहरुलाई कृषि क्षेत्रमा सिमित पारिएको छ । उनिहरुलाई खाली विउ वीजन को छनोटमा सिमित पारिन्छ ।महिलाहरु १८.५ प्रतिसतले मात्र आफ्नो निर्णय आफै गर्छन् । १२.५ प्रतिसतले पुरुषहरुसँग सँयुक्तरुपमा निर्णय गर्दछन् ।

नेपाली महिलाहरु निर्णय गर्ने तह सम्म पुग्दै नपुगेका भने होइनन् । केन्द्रमा उपप्रधान मंत्री ,उपसभामुख र संविधान सभाका उपाध्यक्ष सम्म पुगेका छन् भने पार्टी नेतृत्वमा विभिन्न पार्टीका केन्द्रीय अध्यक्ष सम्मपनि रहिसकेका नेपाली महिलाहरु विश्वका महिलाहरुकालागि प्रेरणा वन्न सग्दछन तापनि तल्लो वर्गका महिलाहरु भने माथि उठ्न सकेका छैनन् । घरायसी निर्णयमा पुग्नका लागि अभ्यासरत छन्

## २.१.८. महिला र नागरिक ऐन (Women and Civil code)

नेपाल सरकारको वैधानिक कानुन २००४ ले नेपाली नागरिक महिला र पुरुषहरुले समानरुपमा हक हरु प्रयोग गर्न पाउने व्यावस्था गरे पनि व्यवहारमा त्यो लागुहुन सकेन । विसं २०२० मा वनेको मुलूकी ऐनले कानूनी रुपमा जातिपाति र छुवाछुतको अन्त्य गरी वहुविवाह, वालविवाह तथा विवाहमा उमेरको सिमा निर्धारण र अन्तरजाति विवाह गर्नसक्ने केही कानुनी अधिकारहरु प्रदान गऱ्यो । प्रजातन्त्रको पुनर्वहाली भई बनेको नेपालको संविधान २०४७ को धारा ११मा समानताको हकको प्रत्याभुती गरी पुरुष र महिलालाई समान कानुनी संरक्षण प्रदान गरेको छ । यसै गरि संविधानको धारा १२ मा स्वतन्त्रताको हक र धारा २० मा शोषण विरुद्धको हक , आदि व्यवस्थाले महिलाहरुलाई कानुनी रुपमा एथेष्ट अधिकार प्रदान गरेको थियो ।

२०६२।०६३को १९ दिने जनआन्दोलन पछिको वनेको अर्थात २०६३ माघ १ गतेको अन्तरिम संविधानमा ३३ प्रतिसत महिलाको अनिवार्य प्रतिनिधित्वको हुनु पर्ने र संविधान सभाको समानुपातीक निर्वाचनमा ५० प्रतिसत प्रतिनिधित्वको प्राबधानले नेपाली महिलाहरुले साँच्चिकै समानता प्राप्त गरेका छन् ।

कानुनविद् युवराज संग्रौलाले छोरीलाई जन्मदा नै सदस्यतावाट वञ्चित गरिने कानुनी व्यवस्थाले केही गभिर समस्या सृजना गरेको तथ्यलाई वुँदागत रुपमा उल्लेखित गरेका छन् ।

१. महिलाहरुको विवाह पूर्व व्यक्तित्वहिन हुने भएकाले आफ्नो इच्छा अनुसार कार्य गर्न पाउने अधिकार अपहरित भएको हुन्छ ।

२.	छोरीको विवाह वाल्यअवस्थामा नै हुन्छ । कानुनले तोकेको उमेर पुग्ने कुरालाई पर्खने कार्य  मात्र हुन्छ ।

३.	यदि १० वर्ष सम्म सन्तान उत्पादन गर्न नसकेमा महिलाले श्रीमानसँगको एकलौटी सम्वन्धलाई त्याग्नु पर्छ । त्यसपछि परिवारको सदस्यतामा महिलालाई  अपूर्णताको सृजना  हुन्छ । जसले गर्दा महिलाले वहुविवाहको सिकार मात्र हुनु पर्ने होईन १० वर्ष भित्रमा सन्तान प्राप्ती गरिसक्नु पर्ने भएकाले आफ्नो व्यक्तित्व निर्माण गर्नु पर्ने नैसर्गिक अधिकारलाई कुण्ठित पारी वैवाहिक सम्वन्धसँग सम्झौता गर्नु पर्ने हुन्छ ।

विगतमा यस किसिमको अवस्था रहेपनि हालको देशको परिवर्तनले यी व्यवस्था र वाध्यताको अन्त्य भएको छ । सारमा के वुझ्न सकिन्छ भने देशमा ठूला-ठूला परिवर्तन भएपनि स- साना कुराहरु र व्यवहारमा परिवर्तन ल्याउन अँझै वाँकि नै छ । महिलाहरुलाई समानताको प्रत्याभूती आर्थिक समानता सहितको व्यवस्थाले मात्र दिन सक्छ ।

## २.१.९ महिला र अर्थव्यवस्था (Women and Economy)

विश्वका गरिव देशहरु मध्ये नेपाल एक हो । यहाँको प्रति व्यक्ति आय २८० अमेरिकी डलर छ । यसका साथै नेपाली ग्रामिण क्षेत्रका महिलाहरुको जीवन स्तर अत्यन्त दयनीय अवस्थामा छ । **नेपाल मानव विकास प्रतिवेदन १९९८** मा उल्लेख भए अनुसार १९९६ को नेपालको जीवनस्तर सर्वेक्षणले उत्पादनशिल श्रमशक्तिको दर  महिलाको लागि ६६ प्रतिसत र पुरुषका लागि ७५ प्रतिसत देखाईएको छ । यस प्रतिवेदनमा आर्थिक रुपमा सक्रिय महिलाहरु मध्ये जम्मा ४ प्रतिसत महिलाहरु मात्र औपचारिक क्षेत्रमा रोजगारी गर्छन । अधिकाँस महिलाहरु आफ्नै काममा र कृषि क्षेत्रमा सँलग्न छन् । जति पनि महिलाहरु गैह्र कृषि अथवा औपचारिक क्षेत्रमा कार्यरत छन तिनिहरु अधिकाँस कम उत्पादकत्व र कम मजदुरीमा सिमित छन् । **सन १९९७ मा डा. मिना आचार्यले** तयार पारेको लैङ्गिक समानता र महिलाको सशक्तिकरण स्थिति प्रतिवेदनमा शहरी भेगका अंश संगठित क्षेत्रमा ७८ प्रतिसत मात्र ज्याला पाउने उल्लेख गरिएको छ ।

नेपाल मानव विका**स प्रतिवेदनमा** जनाए अनुसार भारतका विभिन्न शहर हरुमा १ लाख देखि २ लाख महिलाहरु यौन व्यापारमा संलग्न छन् र प्रति वर्ष ५००० नेपाली महिलाहरु यस्तो

व्यवसायमा जाने गरेको अनुमान गरिएको छ। यस प्रतिवेदनका अनुसार ४.१ प्रतिसत महिलाहरु अर्ध वेरोजगार छन् । ७.३ प्रतिसत महिलाहरु नगद आउने काममा छन् । ६३ प्रतिसत

महिलाहरु नगद नआउने कार्यमा संलग्न छन् । साथै कमलरीका रुपमा अर्काको घरमा वस्ने विशेष गरि मध्ये पश्चिम र सुदुर पश्चिमका थारु महिलाहरु श्रम र यौन शोषणमा पर्ने तथ्य उल्लेख गरिएको छ।

अन्तत नेपाली महिलाहरु एक दिनको कम्तिमा ११ घण्टा काममा विताउछन् । तर पुरुषहरु ७.५ घण्टामात्र काम गर्छन् । सम्पुर्ण आयमा ५० प्रतिसत महिलाको योगदान छ । अतः महिलाहरुलाई हक अधिकार र सहभागितामा पछाडी पारिएको कारणले राष्ट्रिय उत्पादन, राष्ट्रको प्रतिष्ठा र राष्ट्रिय गौरवमा ह्रास भएको भन्नुमा अतियूक्ती नहोला । महात्मा गांधी भन्दछन् । महिलालाई 'अवला' भन्नु तिनीहरुको आन्तरिक शक्तिलाई तिरस्कार गर्नु मात्र नभई Insult गर्नु हो। राष्ट्रको गौरवका लागि तीनीहरुले मुहार फेर्न सक्छन्।

साहित्य समिक्षाको माध्यमबाट यो अनुसन्धान गर्नको लागी धेरै सन्दर्भहरुलाई अध्ययन तथा विश्लेषण गरिएका थिए । जुन अध्ययन विधी अपनाउन सहयोगी भए । अध्ययन प्रतिवदेनको निष्कर्ष सम्म पुगुन्जेल नमुना छनौट गर्न , अध्ययनलाई गुणात्मक बनाउन, प्रमुख समस्याको पहिचान गर्न, उपयूक्त शिर्षकको छनौट गर्न यो साहित्य समिक्षा सहयोगी भएको छ। यो आशा गरिएको छ की यस अध्ययनले नेपालका महिलाहरुको सामाजिक आर्थिक स्थितीका क्षेत्रमा गरिएको पहिलेको अध्ययनको सहयोगी हुनेछ।

## २.२. शब्दार्थ

**साक्षर :** अक्षर चिन्न र लेख्न जान्ने ।

**निरक्षर :** अक्षर चिन्न र लेख्न नजान्ने ।

**एकल परिवार :** लोग्ने स्वास्नी र तिनका छोरा छोरी मात्र रहेको अपेक्षाकृत सानो परिवार

**संयूक्त परिवार :** आमा बाबुका अतिरिक्त नातेदार हरु सँगै बसेको परिवार ।

**बृहत परिवार :** एक वा एक भन्दा बढी बाजे, बराजुहरुबाट जन्मेका सन्तान हरु भएपनि एउटै घर वा सम्पति भित्र अटाएको वा नअटाएको तर अँशवण्डा नभएको परिवार

**चुट्किला** : कर्णाली अञ्चलमा विभिन्न अवसरमा गाइने परम्परागत गित यि गित हरु विशेष गरी छोरा जन्मदा विवाह गर्दा तिर्थ जाँदा वा देवी देवताको स्तुति गर्दा गाइन्छ

**मागल :** शुभ कार्यमा गाइने स्तुति गान वा प्रशंसा र शुभ-कामनाका गितहरु ।

**विलौनाका गित :** दुःखका गित , वियोगका गित ।

**शुद्धता अशुद्धता :** अध्ययन क्षेत्रमा महिलाहरु रजस्वाला हुंदा नछुने भनी घर देखि टाढा वा पशुवस्तु राख्ने गोठमा वसालिन्छ । ३ दिन ५ दिन र ७ दिन पछि मात्र तिनीहरुलाई चरणवद्धरुपमा क्रमशः आँगन कोठा र भान्सामा जाने अनुमति हुन्छ ७ दिन पुरा भई सकेको अवस्था शुद्धता र त्यस भन्दा पहिलेको अशुद्धताको अवस्था मानिन्छ । अशुद्धताको बेला महिला मात्र होइन तिनका पुरुष हरुलाई पनि पुजा आजा र मृत्यु संस्कारका क्रियाकलापमा भाग लिन बर्जित गरिन्छ ।

**असहभागि अवलोकन :** अध्ययनका लागी नमुना छनौटमा पर्ने संभावना भएका तर नपरेका , परे पनि खास समस्या व्यक्त नगरी आसय मात्र प्रकट गरेका अध्ययन क्षेत्रका व्यक्तिहरु , चलन हरु , व्यवहार र मुल्यमान्यताहरु बुझी , हेरी प्राप्त गरिएका तथ्यहरुको अध्ययन ।

# अध्याय ३ ( तीन )

# अनुसन्धान पद्धति (Research Methodology)

## ३.१ अध्ययन क्षेत्र छनोटको तार्किक आधार

## (Rational of the Study Area Selection)

जुम्ला जिल्लाका ३० वटै गाविसको वीचमा पर्ने चन्दननाथ गाविस जिल्लाको सदरमुकाम र सोधकर्ताको आफु वसेको गाविस हो ।यस गाविसमा जुम्ला जिल्लाका ३० वटै गाविस र कर्णाली अञ्चलकै प्राय सवै जिल्लाहरुवाट आएका मानिसहरुको वसोवास छ । यस हिसावमा यो गाविस कर्णाली अञ्चलकै प्रतिनिधि गाविस पनि हो । साथै सोधकर्ताको आफ्नो गाविस भएकाले अध्ययनमा सरलता र सूचनाहरु विश्वसनीय हुने ठहरका साथ यो गाविस नै अध्ययन क्षेत्र रोजिएको हो । यस अध्ययनले चन्दननाथ गाविस मात्र होइन कर्णाली अञ्चलकै महिलाहरुको सामाजिक र आर्थिक अवस्थाको तस्वीर झल्काउने आशा छ ।

## ३.२ अनुसन्धान ढाँचा (Research Design)

यस अनुसन्धानमा वर्णनात्मक ढाँचा अपनाईएको छ ।किनकि यस भन्दा अघि यस गाविसमा यस शिर्षकमा कुनैपनि अनुसन्धानहरु गरिएका छैनन् । यस अनुसन्धानले यस क्षेत्रका महिलाहरुको सामाजिक र आर्थिक अवस्था अन्तर्गत पेशा, आय, परिवारको आकार ,जमिनमा स्वामित्व, विवाह, संघ सँस्थामा संलग्नता, र पारीवारिक सहयोग आदि र त्यसले यी महिलाहरुको जीवनमा पारेको प्रभावको वारेमा व्याख्या गरिएको छ ।

## ३.३ समग्रता र नमूना आकार (Universe and Sample Size)

जनसंख्याको हिसावले चन्दननाथ गाविस जुम्ला जिल्लाको सवभन्दा ठुलो गा.वि.स. हो । यस गाविसमा वसोवास गर्ने मानिसहरु विविध जाती, भाषा, धर्म, पेशा, र साँस्कृतिक र आर्थिक स्तरका छन् । यस गाविसको जम्मा जनसंख्या **८९४१ छ । जस्मा ४९१८** महिला र ४०६३ पुरुष छन् । जम्मा १३९३घर धुरी रहेकोमा एउटा वार्डवाट कम्तिमा फरक फरक घरका

१० जना महिला नछुट्ने गरि जम्मा ९५ जना विभिन्न धर्म, जाति र उमेर समुहका महिलाको प्रतिनिधित्व हुने गरि सम्भावनायुक्त नमुना छनोट गरि तथ्याँक संकलन गरिएको छ ।

### ३.४ तथ्यांङ्क सङ्कलनको श्रोत तथा प्रकृति (Nature and Soures of Data)

यो अध्ययन मुख्यतया प्राथमिक तथ्याँकमा आधारित छ ।यसका साथै आवश्यक्ता अनुसार द्धितीय तथ्याँकलाई पनि सुहाउँदो ठाँउमा प्रयोग गरिएको छ । द्धितीय तथ्याँकहरु विभिन्न प्रकासित अप्रकासित सामाग्री र पुस्तकहरु प्रतिवेदनहरु तथा जर्नलहरु लेख रचना र सरकारी तथा गैह्रसरकारी कागज पत्रहरुवाट सूचनाहरु संकलन गरिएको छ ।

### ३ .५ तथ्याक संकलन पद्वति (Data Collection Techniques)

यो तथ्याङ्क संङ्कलन पद्वति निम्नानुसारका तथ्याङ्क सङ्कलन पद्वति अपनाई प्रयोग गरिएको थियो

#### ३.५.१ अन्तर वार्ता (Interview Shedule)

यो पद्वति लक्षित जनसँख्याबाट स्तरिय जानकारीहरु सङ्कलन गर्न प्रयोग गरिएको थियो । अन्तरवार्तामा लक्षित जनसँख्याको शिक्षा पेसा, पारीवारिक आय श्रोत, परिवारको आयको आकार आदि सूचनाहरु सङ्कलन गर्न अन्तरवार्ताको माध्यम अपनाइएको थियो ।

#### ३.५.२ अवलोकन (Observation)

अनुसन्धानका प्रमुख साधनहरुमध्ये अन्तरवार्ता एक हो । सामाजिक अनुसन्धाानकालागि सहभागिहरु र असहभागिहरु अवलोन गरी स्तरीय जानकारीहरु प्राप्त गरिएको थियो । सामाजिक दृश्यहरुलाई आँखामा कैद गरी शब्द संयोजन गर्न यो विधि उपयुक्त सावित भयो । जसले गराई र भनाईका वीच सम्वन्ध स्थापित गऱ्यो ।

#### ३.५.३ प्रमुख पात्रहरुसँग अन्तरवार्ता (Interview with key Informants)

गहिराइमा पुगेर सही सूचनाहरु लिनका लागि स्थानीय नेता, शिक्षक, सामाजिक कार्यकर्ता ,सरकारी तथा गैह्रसरकारी संघ सँस्थाका प्रतिनिधिहरुको छनोट गरिएको थियो । तिनीहरुको सहयोग यस अनुसन्धानकालागि उल्लेख्य रह्यो ।

### ३.६ तथ्याङ्क प्रशोधन तथा विश्लेषण (Data Analysis and Processing)

विभिन्न विधिहरुवाट संकलन गरिएका तथ्याँकहरुलाई वर्णनात्मक विधिवाट व्याख्या गरियो । त्यसपछि शिक्षा, पेसा, उमेर आदिमा छुट्याइयो । त्यसैवाट महिलाका सामाजिक तथा आर्थिक क्रियाकलापलाईं वर्णनात्मक विधिवाट व्याख्या गरियो ।

## ३.७ तथ्याङ्कको वैधता र विश्वासनियता (Validity and Reliability of Data)

संकलित तथ्याङ्क हरुलाई तथ्याङ्क शास्त्रीय विधिवाट परिक्षण गरियो । योजनावद्ध र होसियारीका साथ प्रयोग गरिएका अन्तरवार्ता, प्रश्नावली र अवलोकनबाट प्राप्त नतिजाहरु लाई तर्कपूर्णरुपमा सत्यतासँग जाँच गरियो । तथ्याङ्कहरु सोधकर्ता आफै कार्यक्षेत्रमा गएर पूर्वतयारी प्रश्नावलीका साथ तथ्याङ्कहरु संकलन गरिएको थियो । आफ्नो गाविस भएकाले सूचनाहरु गलत हुन पाएनन् । पूर्वाग्रहबाट जोगिन पनि निकै ठूलो प्रयास भएकाले यो सोध विश्वासनीय छ भनि दावि गर्न सकिन्छ ।

## ३.८ अध्ययनको सिमा (Limitation Of The Study)

यो अध्ययन जुम्ला जिल्लाको चन्दननाथ गा.वि.स.का महिलाहरुको सामाजिक र आर्थिक अवस्थाको विश्लेषणकालागि मात्र गरिएको हो । यो अध्ययन क्षेत्रलाई देशका अरु क्षेत्रसँग सम्पूर्णरुपमा दाँज्न सकिदैन । तसर्थ यस अध्ययनले अन्य क्षेत्रलाई समेट्न सक्दैन । यो सामाजिक र आर्थिक अवस्थाको मात्र चित्रण भएकाले. यसले राजनीति लगायतका अन्य क्षेत्रलाई समेट्न सग्दैन ।

अध्याय ४

## ४.१ जुम्ला जिल्लाको सामान्य वर्णन (General description of Jumla district)

### ४.१.१ जुम्ला जिल्लाको नामाकरण

चन्दननाथ गाविसका वडानं ३, ४ ७ र ९ को वीचमा पर्ने देवल डाँडा र गरल डाँडा भन्ने दुई वटा डाँडाहरु एउटै आकार , उत्तिकै लम्वाई चौडाईं र उचाईका छन् । प्राचिन समयमा मानिसहरुले यी डाँडाको नाम यमल ( सँस्कृत भाषामा) डाँडा राखेका थीए । जस्को नेपालीमा अर्थ जुम्लयाहा भन्ने हुन्छ । यमल शब्द समय समयमा परिवर्तन हुदै जाँदा यमल, जमल, जुमल हुँदै जुम्ला रहन गएको हो ।

*(श्रोत रत्नाकर देवकोटा वृहत जुम्ला राज्यको ऐतिहासिक विवेचना पेज नं २२८)*

जुम्लावासीको जन जिव्रोमा झुण्डिएको शब्द भनेको त्यही जुम्लयाहा डाँडा वाट जुम्ला रहन गएको हो भन्ने नै छ । चन्दननाथ मन्दिर तिर समान दुरी र आकारमा सोझिएका यी दुइ देवल र गरल नामका समान भु-स्वरुपका डाँडाहरुको प्रतिकात्मक नाम जुमल्याहावाट जुम्ला रहन गएको भन्नुमा दुई मत छैन । साथै जवा र तिला दुइ नदी पनि यसै गा.वि.स.को दानसाँघुमा आएर मिसिएका र ति दुवै नदीहरु पनि जुमल्याहा जस्तै भएकाले यसलाई पनि जुम्ला शब्द उत्पतीको प्रशंङ्गमा उल्लेख गर्न सकिन्छ ।

### ४.१.२ इतिहास , वर्तमान र भविश्य (Past, Present and Future)

ऐतिहासिक सिँजा साम्राज्यका (जुन जुम्ला ) जिल्लामा पर्दछ । सँस्थापक नागराजले स्थापना गरेको विसाल कर्णाली प्रदेशको यो राज्य पूर्वमा वेत्रावती नदी सपादलक्ष (१लाख २५हजार गाँऊ) पश्चिममा काँकडा उत्तरमा तिब्बतको गुँगे प्रदेश, मानसरोवर र कैलाशकुट भवन र दक्षिणमा गंगा नदिको विसाल भ-ुभाग ओगटेको थियो । नागराजका मल्ल वंशका सवै भन्दा कमजोर राजा रत्न मल्लका पालामा कल्याल वंशका वलिराज शाहीले उक्त सिँजाको राजधानीलाई सुनार गाँउ (हाल जुम्ला जिल्लाको तातोपानी गा.वि.स.मा पर्दछ ।) मा सारे । पछि उनै शाहीले छिनासिम हालको सदरमुकाममा सारेका थिए ।

नेपालको एकिकरणको क्रममा गोर्खालीहरुले १८४६ मा विजय गरे पछि पनि १८ दरा र २२ पाखा जुम्ला भनि चिनिदै आएको थियो । राजा सुरेन्द्रको पाला १९१० मा नेपालमा कायम भएका १० वटा जिल्ला भित्र पनि गरिमामय इतिहास वोकेको प्रभावशाली जिल्लाको रुपमो उभिएको थियो ।

त्यस पछि पनि विभिन्न गौडा, गोश्वरा भनि प्रशासनिक अड्डा रहदै आएको जुम्ला २०१८ साल वैशाख १ गते नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्दा कर्णाली अञ्चलको सदरमुकाम का रुपमा स्थापित छ । हाल नेपाल संघीय गणतन्त्रमा प्रवेश गरिरहेको सन्दर्भमा आगामी दिनमा पनि कर्णाली प्रदेशको प्रादेशिक राजधानीका रुपमा जुम्ला रहने कुरा लगभग निश्चित नै छ ।

## ४.१.३ जुम्ला जिल्लाको वास्तविक झलक

क) परिचय

| | |
|---|---|
| विकास क्षेत्र | मध्य पश्चिमाञ्चल |
| अञ्चल | कर्णाली |
| सदरमुकाम | छिनासिम खलङ्गा |
| गा.वि.स.संख्या | ३० |
| ईलाका | ९ |
| चुनाव क्षेत्र | १ |

श्रोत : महिला विकास कार्यालय आ.व.२०६४/०६५ वार्षिक प्रगति विवरण :-

## ४.२. भौगोलिक स्थिति

### ४.२.१. अवस्थिति

| | |
|---|---|
| अक्षाँस :- | २८° ५८” देखि २९° ३०” सम्म उत्तर |
| देशान्तर :- | ८१° ५१” देखि ८२° ३५” पुर्व |
| क्षेत्रफल :- | २,५३१ व.कि.मी . |
| उचाई :- | ७,००० फिट देखि २१,०७७ फिट सम्म |
| अधिकतम तापक्रम :- | ३०° डिग्रि सेल्सियस |
| न्यूनतम तापक्रम :- | –१४ ° डिग्रि सेल्सियस |
| वर्षा :- | ८०० मी.मी. (औषत वर्षा ) |

### ४.२.२. भौगोलिक सिमाना

| | |
|---|---|
| पूर्व :- | डोल्पा जिल्ला |
| पश्चिम :- | कालिकोट जिल्ला |
| उत्तर :- | मुगु जिल्ला |
| दक्षिण :- | जाजरकोट जिल्ला |

### ४.२.३. उपयोग आएको जमिन

| | | |
|---|---|---|
| कृषि योग्य जमिन : | ३९४८६ | हेक्टर |
| सिंचित क्षेत्र : | २६०९५ | ,, |
| जंगल ,, : | १०६४३० | ,, |
| चरन ,, : | ६९०२६ | ,, |
| अन्य ,, : | १३३२८ | ,, |

## ४.२.४.    कुल जनसंख्या १०५००१

पुरुष  : ५३५४७

महिला : ५१४५४

**कुल घरधुरी संख्या :  १६९४**

वाहुन क्षेत्री :  १२५११ घर  जनजाती  :  २३० घर

दलित  :  ३२०९ घर  थकाली नेवार :  २७ घर

मुशलमान  :  १ घर  अन्य  :  ९७० घर

## ४.२.५.    जुम्ला जिल्लामा विभिन्न धर्म मान्ने मानिसहरुको जनसंख्या प्रतिशत :

| हिन्दु | बौद्ध | मुश्लिम | क्रिश्चियन | किराँत | अन्य |
|---|---|---|---|---|---|
| ९६.९० | १.८८ | ०.०४ | ०.१६ | ०.०० | ०.०२ |

श्रोत राष्टिय जन गणना २०५८

## ४.२.६.  शैक्षिक अवस्था

साक्षारता  :  ४४ प्रतिसत

पुरुष संख्या :  २७७४४

महिला संख्या :  १८०३०

निरक्षरता :  ५६ प्रतिसत

पुरुष संख्या :  २३९५१

महिला संख्या :  ३५२७६

## ४.२.७.    शैक्षिक संस्था

क्याम्पस  :  १ एक

उच्च मा.वि. :  ४ चार वटा

मा.वि. :  २५ पच्चीस वटा

नि.मा.वि. :  २५ वटा

प्रा.वि. :  १२९ वटा

प्राविधिक शिक्षालय :   १ एक            (श्रोत : बा.जि.वि.यो.आ.व.२०६५/०६६)

## ४.२.९. मुख्य जडिवुटी

यार्सागुम्वा, गुच्ची च्याउ , जटामासी, हातीजडा , सुगन्धवाल , सिलाजीत , पदमचाल, निरमसी , अत्तिस ,केशर ,घाडामच्चो,कटुको,समयो, तितो , गुन्नाइनो आदि ।

## ४.२.१०. प्रमुख वाली

धान जौं ,कोदो ,गहुँ ,मकै ,फापर , चिनो ,कागुनो , उवा आदि ।

## ४.२.११. मुख्य फल

स्याउ , आरु , ओखर खुर्पानी, वोखडा , अंगुर आदि

## ४.२.१२. मुख्य नदि

हिमा , तिला, र जवा

श्रोत - *वार्षिक जिल्ला विकास योजना आ. व.२०६५।०६६ जुम्ला १*

## ४.३. माटो र हावापानी    (Soil and Climate)

कर्णाली अञ्चलको दक्षिणी भु-भागमा अवस्थित जुम्ला जिल्लाको भु-स्वरुप अग्ला अग्ला हिम शिखरहरु, पाटनहरु, जगलहरु, नदि तथा खोला किनारका वेंसीहरुले वनेको छ । यहाँ पाँगो, बलौटे तथा पत्थरिलो माटो छ । पाँगो माटो धान खेतीका लागि उपयुक्त छ । जुम्ला जिल्लामा २८५०मी. उचाई सम्म धान फल्नु यही माटोको देन हो भन्न सकिन्छ भने वलौटे र पत्थरिलो माटो जौं, गहुँ ,मकै आदि खेतीका लागि उपयुक्त छ ।

वेंसीलाई ‘ज्युला’ पनि भनिन्छ । ज्यूला भन्दा माथिको पाखा हुँदै पाटन सम्मको क्रमशः बलौटे र पत्थरिलो माटो पाईन्छ । पाखामा भुँइ घाँस र पाटनमा वुकि घाँस हुन्छ भने जंगलमा विभिन्न जातका रुखहरु पाईन्छन् ।

### ४.३.१.     जंगल (Forest)

जुम्ला जिल्लामा जम्मा १०६४३० हेक्टर जमिन जंगलले ढाकेको छ । याँहाको जंगल नरम काठ तथा वनौषधिले भरपुर छ । सल्ला देवदार, धुपी, झुलो, खर्सु, पिपल, भोजपत्र, रुइस, वुइस आदिका रुखहरु पाइन्छन् भने ओखर, स्याउ, आरु, कुइयँसी, मलेवा, पाँग्रो, चुत्तो आदि

फलफूलका वोटहरु सहितको कोणधारी जंगल याँहा पाइन्छन् । ढँटेलो सु-प्रशिद्ध तेलहन बुट्यान पनि हो जुन यहाँ प्रचुर मात्रामा पाईन्छ ।

जडिबुटीको हकमा देशकै प्रख्यात यार्सागुम्वा यस जिल्लाको पाटनमा पाइन्छ । त्यहाँ पाँच औल, भुत्ले, गन्नाइनो, सतुवा, समयो, लगायतका दर्जनौ जडिवुटीहरु र तल तिरको जगलमा गुच्छि च्याउ पाईन्छ । योगी नरहरीनाथका शब्दमा *'जुम्लाका कुनैपनि वनस्पतिहरु एक न एक रोगका औषधि हुन्'* ।

## ४.३.२. हावापानी (Climate)

खोला किनारका होचा वेंसीहरु देखि पातरासी हिमालका शिखर सम्मको विविधतापूर्ण भुगोल भएकाले यहाँको हावापानी सवै ठाँउमा एकैनासको छैन । उच्च लेकाली भागमा निकै जाडो हुन्छ भने तलका पाखा तथा वेशीहरुमा गृष्ममा केही न्यानो पनि हुन्छ । ्यस जिल्लाको औषत अधिकतम तापक्रम ३०डिग्री र न्यूनतम तापक्रम –१४ डिग्री सम्म पुगको रेर्कड छ । यो जिल्लामा कार्तिक देखि चैत्र सम्म जाडो हुन्छ भने वैशाख देखि असोज सम्म न्यानो हुन्छ । यस जिल्लाको वार्षिक औषत वर्षा ६६६.६मी मी .हुँछ भने अधिकतम औषत वर्षा ८५१.८ मी .मी.हन्छ । छोटोमा ठण्डा समशितोष्ण लेकाली हावापानी यहाँ पाइन्छ ।

## ४.३.३. कृषि तथा सिँचाई (Agriculture and Irrigation)

जुम्ला जिल्लाको कुल भूमि मध्ये ३९४३६५ हेक्टर भूमि कृषि योग्य छ ।जस मध्ये खेतीगरिएको जमिन २६७६१हेक्टर छ । त्यस्तै सिँचित पाखो ४० हेक्टर र असिँचित पाखो २३६५० हेक्टर छ ।मौसमी खोलापानी २२ हेक्टर छ । यस जिल्लामा धान ,जौं ,कोदो ,गहुँ, मकै , चिनो फापर ,आदि प्रमुख वालीहरु हु भने सिमी भट्ट केराउ ,मास गुराउस आदि दालहन वाली हुन् । स्याउ , आरु, नास्पती , ओखर आदि फलफुल हुन्छन् भने तिल्खुडो, भाँगो , तोरी आदि तेलहन वाली भित्र पर्दछन् ।

परम्परागत खेती प्रणाली रहेको यस जिल्लामा संसारकै सवभन्दा उचाईमा फल्ने मारसी धान नै यहाँको एक मात्र धान खेती हो । धान खेतीका अतिरिक्त यहाँ जौं,गहुँ ,मकै, आलु, सिमी,लगाएत अन्य वालीहरु पनि लगाईन्छ । यस जिल्लाको वाली चक्रलाई यसरी देखाउन सकिन्छ ।

## तालिका नं १

## अध्ययन क्षेत्रको मुख्यवाली चक्र :

| सि.नं. | वालीहरु किसिम | किसिम | किसिम | १ वर्षमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | धान | जौ | धान | २ बाली | बेंसीमा |
| २ | धान | – | कोदो | २ वर्षमा ३ बाली | ” |
| ३ | कोदो | जौ | धान | वर्षको २ बाली | ” |
| ४ | धान | गहुँ | चिनु | वर्षको २ बाली | खोलापानी |
| ५ | जौ | सिमी | - | ” | ” |
| ६ | जौ | चिनु | - | ” | ” |
| ७ | जौ | फापर | | ” | पाखावारी |
| ८ | आलु | जौ | - | ” | लेक तिर |
| ९ | आलु | गहुँ | - | वर्षको १ बाली | लेक तिर |
| १० | - | मकै | गहूँ | वर्षको २ बाली | ” |

श्रोत : कृषि विकास कार्यक्रम तथा तथ्यांकको एक झलक २०६४/०६५

## ४.३.४. जानसंख्यकी विशेषता (Demographical Characteristics)

जुम्ला एक दुर्गम हिमाली जिल्ला भएकाले भौगोलिक विकटता र मानवीय सेवा सुविधाको कमिका कारण याँहाको जनसंख्या तराई तथा भित्रि मधेश तिर वसाई सरी जाने क्रम चलि रहेको छ। तथापी कर्णाली अञ्चलका अरु जिल्लाको तुलनामा याँहाको जनसंख्या वेशी नै छ। हालका दिनहरुमा शिक्षा स्वास्थ्य , यातायात र संचारमा भएको विकासका कारण यहाँको वसाइ सराइमा निकै कमि आएको छ । तलको तथ्याङ्कले जुम्ला जिल्लाको जानसंख्याकीय अवस्था देखाउँछ।

**तालिका नं २**

| | |
|---|---|
| कुल जनसंख्या | १०५००१ |
| पुरुष | ५३५४७ |
| महिला | ५१४५४ |
| कुल घरधुरी संख्या | १६९४ |
| वाहुन क्षेत्री | १२५११ घर |
| जनजाती | २३० घर |
| दलित | ३२०९ घर |
| थकाली नेवार | २७ घर |
| मुसलमान | १ घर |
| अन्य | ९७० घर |

श्रोत : वा.जि.वि.यो. २०६५।६६

## ४.३.५. प्रमुख जातजाती

वाहुन ,क्षेत्री ,ठकुरी ,नेवार गुरुङ्ग , मगर , तामाङ्ग , लामा ,दमाई ,कामी , सार्की आदि

## ४.३.६. शिक्षा Education

जुम्ला जिल्लाको औषत साक्षारता ४४ प्रतिसत छ । पुरुषहरुको तुलनामा महिलाहरु निकै पछि छन् । हाल जिल्लामा विद्यालयहरु खोल्ने् क्रम वढ्दो छ तर गुणस्तरका लागि निकै प्रयास गर्नु पर्ने यस जिल्लाको शैक्षिक झलक यस तालीका वाट प्रस्ट हुन्छ ।

**तालीका नं ३**

| शैक्षिक अवस्था | |
|---|---|
| साक्षारता | ४४ प्रतिसत |
| पुरुष | २७७४४ |
| महिला | १८०३० |
| निरक्षरता | ५६ प्रतिसत |
| पुरुष | २३९५१ |
| महिला | ३५२७६ |
| शैक्षिक संस्था | |
| क्याम्पस | १ एक |
| उच्च मा.वि. | ४ चार वटा |
| मा.वि. | २५ पच्चीस वटा |
| नि.मा.वि. | २५ वटा |
| प्रा.वि. | १२९ वटा |
| प्राविधिक शिक्षालय | १ एक |
| **जम्मा** | **१८५** |

**श्रोत : जिल्ला शिक्षा कार्यलय जुम्ला वार्षि शैक्षिक पुस्तिका २०६५**

## ४.३.७. यातायात (Transportation)

२०२५ साल देखि जुम्ला विमानस्थलको निर्माण भए पछि महंगो हवाई सेवा नै यहाँको एक मात्र यातायातको साधन रहेकोमा २०६३।१२।३० गते देखि मोटर बाटो पुगेको घोषणा गरिएको छ । यस मार्ग लाई कर्णाली जनमार्ग भनि नामाकरण गरिए पनि हाल सम्म करिव ४

दर्जन भन्दा वढि माल वाहक गाडिहरु दुर्घटना भएका छन् । यात्रु सेवा भने यो ३ मिटरको मार्गमा असम्भव जस्तै छ । तथापी हिउँदको समयमा माल सामान ढुवानी भई रहेको छ । यस कर्णाली राजमार्गको स्तर वृद्धिका लागि प्रयास भई रहेको छ ।

जिल्ला विकास समितिको गुरु योजना अन्तरगत विभिन्न १९ वटा आन्तरिक बाटाहरु निर्माण गर्ने लक्ष्य राखिएको छ । सोही बमोजिम सिँजा चौधविस र पाँनसय क्षेत्रलाई जोड्ने कृषि तथा अन्य मार्ग हरु निमार्णाधिन छन् कर्णाली जनमार्गलाई नाग्मा सिँजा हुँदै मुगु सम्म पुरयाउने काम आगामी २ वर्ष भित्र सम्पन्न गर्न युद्ध स्तरमा काम भई रहेको छ । साथै घोडा, खच्चड ,भेडा र भ्रोवा यहाँका परम्परागत यातायातका साधनहरु हुन जुन यद्यपि चालु छन् । घोरेटो र गरेटो बाटाहरु पनि  यस जिल्लामा यथेष्ट रहेका छन ।

## ४.३.८. स्वास्थ्य Health

यस जिल्लाको स्वास्थ्यको अवस्थालाई तलको तालिकाले प्रष्ट पार्दछ ।

**तालिका नं ४**

| | | |
|---|---|---|
| १ | हेल्थ सेन्टर | १ |
| २ | अस्पताल | १ |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र | ८ |
| ४ | सव हे पो | २० |
| ५ | आयुर्वेदिक अस्पताल | १ |
| ६ | जम्मा | ३० |

श्रोत जिल्ला स्वास्थ्य कार्यलय जुम्ला

## ४.४ अध्ययन क्षेत्र - चन्दननाथ गाविसको सामान्य वर्णन

गा.वि.स.को नामाकरण - हाल खलंगा बजार रहेको तत्कालिन छिनासिममा त्यति बेला एक राजाको घोडा सँधै त्यही आएर चर्ने गर्दथ्यो । किन त्यसो गर्छ घोडाले त्यहाँ के रहेछ भनि खनेर हेर्दा (व्रह्मा विष्णु महेश्वरको संयुक्त रुप) दत्तात्रयको पद्चाप भएको शिला भेटिएको र त्यही ठाँउमा भारतवाट आएका सिद्ध पुरुष चन्दननाथ वावाले दत्तात्रयको मन्दीर स्थापना गर्न लगाएका थिए । सो मन्दिर चन्दननाथको मन्दिरका नामले प्रख्यात हुन गयो त्यही मन्दिरको नाम

बाट यस गा.वि.स.को नाम पनि चन्दननाथ रहन गएको यहाँका वुद्धिजीवीहरुको भनाई रहेको छ । उक्त पद्चाप भएको शिला हाल सम्म छँदै छ ।

### ४.४.१ चन्दननाथ गाविसको भौगोलिक अवस्था

समुद्रि सतह देखि ६७०० फिटको उचाईमा रहेको जुम्ला वजार यस गा.वि.स.को मुटु हो । तिला नदि माथिको समथर फाँट त्यस माथि घरवारी, त्यसमाथि पाखावारी त्यसमाथि सल्लाघारी त्यस माथि खर्सेनी, भुजेनी हुदै माथि डाँफे लेख र त्यस माथि वुकि पाटन अत्यन्तै रमणीय देखिन्छ । सारै मिलेको यो धरातल उत्तर देखि दक्षिण तिर पानी ढलो भइ विचमा जुगाड खोला बग्दछ ।दक्षिण पूर्व फर्केको यो गा.वि.स. सूर्य सम्मुख भएकाले पहारिलो छ ।

### ४.४.२ सिमाना

यो गाविसको पूर्वमा गर्ज्याकोट गा.वि.स. र जवा नदि पर्छन् भने पश्चिममा महतगाँउ गा.वि.स. ,उत्तरमा शनिगाँउ गाविस (सोधकर्ताको आफ्नो जन्मस्थान) ,वुम्रमाणी चौर गाविस र पटमारा गाविस पर्दछन् । भने दक्षिणमा तिलानदि र कार्त्तिक स्वामी गा.वि.स. पर्दछन् ।

### ४.४.३ अध्ययन क्षेत्रका प्रमुख धार्मिक तथा ऐतिहासिक स्थलहरु :-

| | स्थलहरु | स्थान |
|---|---|---|
| १. | चन्दननाथ मन्दिर | चना ७ |
| २. | भैरवनाथ मन्दिर | ” |
| ३. | निला भैरव मन्दिर | ” |
| ४. | दरवार मन्दिर | ” |

### ४.४.४ प्रशासनिक विभाजन

जुम्ला जिल्लाका ९ वटा ईलाकाहरु मध्ये इलाका नं १मा पर्ने यो गाविसमा जिल्लाका सवै प्रशासनिक कार्यालयहरु रहेका छन् । गाविसको संरचना अनुसार ९ वटा वार्ड हरुमा विभाजित यो गाविसमा २०ओटा गाँउहरु  छन्

### ४.४.५ सामुदायिक विभाजन

परम्परागतरुपमा विभिन्न जाती र निश्चत भौगोलिक स्थानमा वसोवास गरी आएका स्थानहरुलाई विभिन्न गाँउ भनि याँहाको समुदाय विभाजित छ । जस अनुसार यस गाविसमा निम्नानुसारका गाँउहरु रहेका छन् ।

**तालिका नं ५**

| सिनं | वडानं | गाँउको नाम | जातिगत वसोवास |
|---|---|---|---|
| १ | ,, १ | तलिचौर | सार्कीहरुको वस्ती |
| २ | ,, १ | देवकोटा वाडा | देवकोटा वाहुनको वस्ती |
| ३ | ,, १ | दान साँघु | गुरुङ्ग मगरहरुको वस्ती |
| ४ | ,, २ | आचार्य वाडा | आर्चार्य वाहुनको वस्ती |
| ५ | ,, २ | थ्याइत वाडा | क्षेत्रीहरुको वस्ती |
| ६ | ,, २ | कुलाल वाडा | दलितहरुको वस्ती |
| ७ | ,, ३ | कुमाइ वाडा | कुमाई बाहुनहरुको वस्ती |
| ८ | ,, ३ | भण्डारीवाडा | भण्डारी क्षेत्री तथा शाहीहरुको वस्ती |
| ९ | ,, ३ | खोलीकोट | वुढाथापा क्षेत्रीहरुको वस्ती |
| १० | ,, ३ | वगर | नयाँ वस्ती सेजुवाल वुढाथापा र भोटेहरु |
| ११ | ,, ४ | डाँडाकोट | सार्कीहरुको वस्ती |
| १२ | ,, ४ | बुद्थवाडा | वुढाथापा क्षेत्रीहरुको वस्ती |
| १३ | ,, ५ | सिमखाडा | उपाध्याय वाहुनहरुको वस्ती |
| १४ | ,, ६ | भारतीवाडा तथा वजार | मिश्रित जनसंख्या |
| १५ | ,, ७ | वजार | कठायत तथा नेवारहरुको वस्ती |
| १६ | ,, ८ | कार्कीवाडा , | कार्कीहरु तथा मिश्रीत वस्ती |
| १७ | ,, ८ | कामीटोल | कामीहरुको वस्ती |
| १८ | ,, ८ | कालेखोली | नयाँवस्ती |
| १९ | ,, ९ | मलाभिड | वाहुन र ठकुरी वस्ती |
| २० | ,, १० | सिँगाचौर (नयाँनाम सिँगापुरं) | दलित सार्कीहरुको वस्ती |

श्रोत : फिल्ड सर्भे २०६५

## ४.४.६ चन्दननाथ गाविसको जातीगत विवरण

विविध जातजातिहरुको वसोवास रहेको यो गाविस जातिगत आधारमा कर्णाली अञ्चलकै प्रतिनिधि गाविस पनि हो । यस गाविसमा रहेको जातगत विवरणलाई निम्नानुसार देखाउन सकिन्छ ।

**तालिका नं ६**

| वा.नं. | दलित जाती | | | जन जाती | | | वाहुन क्षेत्री | | | जम्मा | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | |
| १ | १३२ | १८२ | ३१४ | ६२ | ६२ | १२४ | १९९ | २०६ | ४०५ | ३३१ | ४०५ | ७८१ |
| २ | १५२ | १८० | ३३२ | ० | ० | ० | ३२१ | ३४८ | ६६९ | ४७३ | ५२८ | १००१ |
| ३ | ० | ० | ० | १७८ | १४४ | ३२२ | ४४२ | ५०८ | ९५० | ४४२ | ६५२ | १०९४ |
| ४ | २७२ | २७५ | ५४७ | ० | ० | ० | २४० | २४२ | ४८२ | ५१२ | ५१७ | १०२९ |
| ५ | ० | ० | ० | ० | ० | ० | ३११ | २८९ | ६०० | ३११ | २८९ | ६०० |
| ६ | २३ | २२ | ४५ | ३३ | २७ | ६० | १४० | १५८ | २९८ | १६३ | २०७ | ३७० |
| ७ | ० | ० | ० | ७१ | ७८ | १४९ | ६१ | ६२ | १२३ | ६१ | १४० | २०१ |
| ८ | ११४ | ११९ | २३३ | ५८ | ५४ | ११२ | १९४ | १८९ | ३८३ | ३०८ | ३६२ | ६७० |
| ९ | २९४ | ३०६ | ६०० | ० | ० | ० | ३२२ | २२५ | ५४७ | ६१६ | ५३१ | ११४७ |

*श्रोत दलित सेवा संघ जुम्लाको जातिगत विवरण पुस्तिका २०६५*

### ४.४.७. भूमि सम्वन्धि विवरण

संचार तथा यातायातको विकासका साथै सदरमुकामको हावाले यहाँका वासिन्दाहरुलाई सेवा तथा व्यापार व्यावशायमा संलग्न गराए पनि अधिकाँस मानिसहरु कृषिमै निर्भर रहेको यस गा.वि.स. को भूमी सम्वन्धि विवरण यस प्रकारको रहेको छ ।

**तालिका नं ७**

| | |
|---|---|
| १ सिंचित क्षेत्रफल | १७६३१६६ हेक्टर |
| २ असिँचित ,, | ८१८८७७८ ,, |
| ३ गुठि क्षेत्र ,, | ७६६६८ ,, |
| ४ सरकारी क्षेत्र | ७३२७५६ ,, |

| | |
|---|---|
| ४ चरन क्षेत्र ,, | २६२४५४ ,, |
| ५ कुल ,, | १९३६०००९९७७ हे क्टर |

श्रोत -कृषि विकास कार्यक्रम तथा तथ्याँक एक झलक २०६४।२०६५

## ४.५ जुम्ला जिल्लामा महिला सम्बन्धि केही रोचक प्रसंगहरु :-

| छोरा जन्मे पछि | छोरी जन्मे पछि |
|---|---|
| १. बाजा बजाइन्छ । | बाजा बजाईदैन । |
| २. बन्दुक पड्काइन्छ । | बन्दुक पड्काईदैन । |
| ३. मागल (मंगलगान) भनिन्छ । | मागल भनिदैन । |
| ४. बा.आमा र बाजे बज्यूलाई अविर र दुवो लगाइन्छ । | लगाईदैन । |
| ५. दुदारी राखिन्छ । | दुदारी राखिंदैन । |
| ६. तेल घिउ र माछा मासुको बन्दो बस्त गरिन्छ । | सामान्य रुपमा खाना खुवाइन्छ । |
| ७. जोतिष हेराइन्छ । | जोतिष हेराईदैन । |
| ८. चिना (कुण्डली) बनाइन्छ । | बनाईदैन । |
| ९. छैटी वा षष्टी कर्म गरिन्छ । | गरिदैन । |
| १०. खेलाउने काम गच्छे अनुसार ३ दिन ५ दिन वा ७ दिन सम्म रातभरी देउडा , चुट्किला खेलिन्छ । | कुनै रमाइलो गरिदैन । |
| ११. नौ दिनको न्वारन गरिन्छ । | न्वारन गरिदैन । |
| १२. ब्रह्मणबाट शुद्ध पार्ने काम १०औं १५ औं र २० औं दिनमा गहुँत (गौमुत्र) दिने काम गरिन्छ । | कन्याकेटीबाट गहुँत दिए पुग्छ । |
| १३. इष्ट मित्रबाट भोटो काँठो (उपहार) ल्याउने गरिन्छ । | उपहार ल्याईदैन । |
| १४. ठूलो सानो भोज भतेर गरिन्छ । | कुनै भोज गरिदैन । |

| | |
|---|---|
| १५. बधाईको उइरो लाग्छ । | राम्रो भयो पनि भन्नु हुँदैन । बरु दु:ख व्यक्त गरिन्छ । फेरी छोरा हुने कामना गरी मन थाम्ने काम हुन्छ । |

### ४.५.१ जन्मि सकेपछि छोरा र छोरी वीच भेदभाव :-

| सि नं | छोरा | | छोरी |
|---|---|---|---|
| १ | विद्यालयमा अनिवार्य पठाइन्छ । | | ऐच्छिक रुपमा विद्यालय पठाईन्छ । |
| २ | मिठो मसिनो खाने कुरामा प्राथमिकता दिइन्छ । | | बचेको खण्डमा मिठो खाने कुरा दिइन्छ । |
| ३ | सके सम्म काममा कम लगाइन्छ । | | काम गर्न अनिवार्य नै हुन्छ । |
| ४ | साना भाई बहिनीहरुको धरालो कतै कतै लगाइएको पाइन्छ । | | आफ्ना भाई बहिनीहरुको धरालो लाग्ने काम अनिवार्य नै हुन्छ । |
| ५ | पास्नी गरिन्छ । | | पास्नी गरिदैन । |
| ६ | पहिलो पल्ट पिठ्युँमा बोक्दा उत्सव मनाइन्छ । | | कहिले कसले पिठ्युँमा बोक्यो थाह हुँदैन |
| ७ | छुरी कर्म गरिन्छ । | | कपाल काटिदैन । |

श्रोत : असहभागि अवलोन २०६५

### ४.५.२ विवाह सम्बन्धी :

१. छोरा छोरी जन्मनु भन्दा पुर्व नै विहे गर्ने बाचा गर्ने चलन छ “मेरी छोरी भए तेरो छोरालाई, तेरी छोरी भए मेरो छोरालाई”

२. दुलहा दुलहीले नदेखेपनि विवाह गर्न मन्जुरी हुन्छ । जसलाई माग्ने भनिन्छ ।

३. कतिपय ठाउँ र घरको अवस्था हेरेर श्रीमति पाउन ससुरालीमा काममा सघाउने चलन छ ।

४. बाहुन हरुमा छोरी ज्वाई वा बहिनी ज्वाई हरुलाई हलो जोत्नु पाप सम्झिन्छ ।

५. आफ्ना कुटुम्वहरुको. हितका लागी आफ्नी छोरीको भविष्य हेरिदैन ।

६. बाल विवाह , बहु विवा आदी सहजै स्वीकारिन्छ ।

७. छोराका विवाहका लागी धेरै तयारी गर्नु पर्छ तर छोरीका विवाहका लागी सामान्य तयारी भए पुग्छ ।

८. छोराको लगन मिले मात्र विवाह हुन्छ । छोरीको लगन जुराई राख्नु पर्दैन ।

९. कतिपय ठाउँमा जवरजस्ती केटीहरु तानेर रक्छेर पनि विवाह गरिन्छ ।

१०. केटीको चित्त बुझ्नु भन्दा कुटुम्भको चित्त बुझायो भने त्यहाँ छोरीले मान्नु पर्छ ।

११. छोरीले मन नपराएमा अर्को लोग्ने खोजेर रोजेर नयाँ विवाह गर्न सक्नेछ । यस्तो प्रक्रियालाई उरालु पोइल जाने भनिन्छ ।

१२. विवाह गरेको घरमा घर जम गरी वस्ने मन नभएकी महिलालाई मन उल्लेकी भनिन्छ ।

१३. एउटा लोग्ने छोडेर अर्को लोग्ने रोजेर गए पछि पहिलोको लोग्नेलाई जारी तिर्नु पर्छ ।

१४. अहिले सम्म सवै भन्दा बढी जारी १,२०,०००।- सम्म तिरिएको छ ।

१५. माओवादी जनयुद्धले जारी प्रथा लाई न्यून गरेको बताइन्छ ।

१६. एउटा लोग्नेले दुई तिन ओटी सम्म श्रीमति विवाह गरिरहेका हुन्छन ।

१७. ठालुहरु धनिमानी , सामन्तहरुले ४,५ वटी सम्म श्रीमति विवाह गरेको भेटिन्छन् ।

१८. धेरै श्रीमति विवाह गर्ने लाई मर्दको उपमा दिइन्छ ।

१९. बहु विवाह गरेको कारण हाल सम्म एक जना पनि व्यक्ति लाई जेल सजाय भएको छैन ।

२०. जति वटी छोरी भए पनि एउटा छोरा नजन्मीए अर्को विवाह गर्ने गरिन्छ ।

२१. आफ्नी श्रीमति ‘जोई’ लिने मानिसका सन्तान हरुले छोएको पानी खानु हुँदैन भन्ने चलन छ । छोरा नजन्माउने वा आमाले छोरी घरमा राखेर जुवाई खोज्ने चलन छ । यस प्रक्रियालाई छोरी घर हाल्ने चलन भनिन्छ ।

२२. छोरी घर हाल्ने पनि स्थानिय समुदायले ति छोरी र जुवाई अनि तिनबाट जन्मेको सन्तानलाई भतुवा भनि हेप्छन् ।

२३. बाबु आमाले इच्छाएको जुवाई ल्याई घरमा राखे पनि साखा सन्तान र गाउँले हरुलाई खुशी पार्न भोज दिनु पर्छ ।

### ४.५.३ अध्ययन क्षेत्रका महिलाहरुको विशेष पहिरन ।

| परम्परागत पहिरन | आधुनिक पहिरन |
| --- | --- |
| कालो काम्लो | उनि सल |
| कटराईको चोलो | चौवन्दी चोलो |
| ठेटुवाको गुन्यु | सारी , धोती |
| सुकी ह्लाम | जुत्ता मोजा |
| नैनासुटको पटुका | आधुनिक पटुका |

**गर गहना :-**

| परम्परागत | आधुनिक |
| --- | --- |
| एक गेडे मुगा | मोती माला |
| दोलडी मुगा | मसिनो पोते |
| चरियो(चाँदीले बेरेको तुथो) | मंगलसुत्र |
| कप्पन्या | मारवाडी |
| विज | तिलहरी |
| सिरफुल | शिरवन्दी |
| ढुङग्री | औठी |
| पैरा | घडी |
| बाला | टुकी |
| कल्ली | पोते मसिनो |
| छाप | |
| पोते गल्थो | |
| फुली | |
| बुलाकी | |
| नथनी | |

### ४.६ अध्ययन क्षेत्रका महिला हरुले मनाउने चाड पर्व :- (Women's Festival )

प्रतिकुलताहरु विर्सन र अनुकुलताहरु सृजना गर्नु मानिसले चाड पर्वहरु सृजना गरेको हुनु पर्छ । चाड पर्व हरु पनि प्रकृतिका नियमहरुबाट निर्देशित हुन्छन । आगोले ताप र प्रकाश दिने हुनाले अग्नि देवता भनि पुजा गरिन्छ भने विभिन्न प्रयोगमा आउने भएकोले पानीलाई जल देवता भनिएको हो । यस्तै कतिपय ठाउँमा वन पात र वृक्षहरुलाई पनि पुजा गरिन्छ । मेलिनोस्कीले पपुवा न्यूगीनी क्षेत्रमा बसेर यस सम्बन्धी गहन अध्ययन गरेका छन ।

चाड पर्वहरु विभिन्न अवसर र उमेर सँग सम्बन्धीत हुन्छन् । भोज भतेर युवाहरु सँग र पुजा आजा बुढा बुढी सँग बढी सम्वन्धीत हुन्छ । त्यस्तै नाच्ने गाउने र गहना लगाउने खालका चाड पर्वहरु महिला सँग बढी सम्बन्धीत हुन्छ । अध्ययन क्षेत्रमा महिलाहरु सँग सम्बन्धीत निम्न चाड पर्वहरु रहेका छन र तिनीहरुको विशेषता यस प्रकार रहेको छ ।

### ४.६.२. **तागा Taga** :-

यो चाड महिलाहरुको निजी चाड हो । यो विवाहिता महिलाले आफ्नो घरमा गएर मनाउने चाड हो । हरेक वर्ष बैशाख १ गतेका दिन माइतीमा भएका महिलाहरु पनि घर आउनु पर्छ । नुहाई धुवाई सरसफाई भएपछि घरमा मिठो मिठो भोजनहरुको परिकार बनाइन्छ । काचो धागो बाटेर रातो पहेलो रंग अलग अलग मिसाएर सात सात गाँठो पारेको आर्कषक तागा हरु बनाएर चोलीको तुनामा बाधिन्छ । सफा राम्रो र नयाँ कपडाहरु लाएका महिलाहरु यस दिन आफ्नो श्रीमान को दिर्घायुको कामना गर्दछन । यस दिनलाई महिलाले खाने र पुरुषले हेर्ने दिनको रुपमा लिइन्छ । तर आफ्नो प्रिय लोग्नेहरुलाई नदिएर आफु मात्रै खान महिला हरु सक्दारहेनछन् भन्ने कुरा अध्ययन क्षेत्रका महिलाहरुले वताए ।

बैशाख १ गते तागा भुण्डायर कार्तिक ६ गते तागा सेलाईन्छ । वर्षको २ चोटी पर्ने तागामा महिलाहरु काम नगरी आराम गर्छन । यो चाड यहाँको मौलिक चाड हो ।

### ४.६.३ **बैशाख पुर्णिमा** :- **( Baishakh Purnima)**

हिन्दूहरुका चार ठुला पुर्णिमा मध्येका (बैशाख पुर्णिमा, साउन पुर्णिमा , कार्तिक पुर्णिमा , माघ पुर्णिमा) मध्येको एक बैशाख पुर्णिमा हो । यस दिन महिलाहरु देवी देवताको थानमा गएर रातभर जागराम वस्ने (खड्राती) गर्छन । कतिपय महिलाहरुले त भवानी मष्टा र देउतीका थानमा गएर ढुङ्गाको सिरानी काँढाको ओछ्यान माथी आफ्नो घाँटीमा दाम्लो लगाएर मन्दिरमा

वस्छन । यसको अर्थ ति महिलाहरु आफै वा तिनका श्रीमान र छोराहरुले गरेको गल्तीबाट पश्चाताप गर्दै पशुले झै दण्डीत हुन र आफुलाई माफ गरी दिन देउतालाई आग्रह गर्दछन । यसो गर्नाले ति देवी देवताहरु खुशी भई आफ्नो मनकामना पुरा गर्छन भन्ने जनविश्वास छ ।

हुन त शान्तिका अग्रदुत गौतम बुद्ध को जन्म दिन ज्ञान प्राप्ती र महानिर्वाण को दिन कुनै खालको हिंसा नगर्नु पर्ने यस दिनमा यहाँका मन्दिरमा पशु बली दिइने हुनाले यसलाई फरक परिवेशको रुपमा लिइन्छ । तथापी महिलाहरु कुनै हिंसाका लागी नभएर ईश्वरलाई खुशी पार्न त्यसो गरेको बताउँछन ।

**४.६.४ <u>आषाढे पोको</u> :- (Ashade poko)**

विवाह गरेर पोइली घर गएका चेलीहरु जेष्ठ र आषाढ महिनामा खेतमा रोप्ने र गोड्ने काममा थाकेका हुन्छन । खेत गोड्दै माइतीको सम्झनामा विभिन्न गित चुट्कीला गाउँदै गरेको बेला माइतीबाट रोटी, अचार, पुरी , सेल, खिर, हलुवा आदि परिकारहरु लिएर दाई भाई बुवा वा भतिजा मध्ये कोही खेतमा नै पुगेर दिने प्रचलन लाई आषाढे पोको भनिन्छ । यो पोका नपुऱ्याउने माइती आलोचित हुन्छन र चेलीहरुको अपमान हुन्छ ।

**४.६.५ साउने संक्रान्ति :-**

यो चाड पनि यस क्षेत्रको अति लोक प्रिय चाड हो । रामले रावणलाई मार्दा जसरी बाणको वर्षा भयो त्यसरी नै आगोका मुश्लाहरु दुश्मन तिर फालेर आफु सुरक्षित छु भनि ढुक्क हुने यस चाडमा महिलाहरु आ-आफ्ना माइत जान्छन । श्रावण १ गते दिउँसो देखि घर आगनमा लिपपोत र सरसफाई हुन्छ । जेष्ठ र आषाढमा कडा काम गरेका यि महिलाहरु विश्रामको प्रतिकका रुपमा यस चाडलाई लिइन्छन् । दही , भात , दाल तरकारी पकाएर खाइन्छ । दिउँसो खशी काट्ने माछा मार्ने र गाउँ भरिको रिती थिती का बारेमा पुरुषहरुले छलफल गर्छन । महिलाहरु माइत जान पाएकोमा खुशी हुन्छन । जब साँझ पर्छ हरेकले आ-आफ्ना घरका थाडा ( छत) मा गएर दियालो सल्काई अलग अलग मशाल बालेर आफ्ना पुर्खा देखिका विपक्षी गाउँलेलाई चर्को स्वरले गाली गर्छन । त्यो गाली यस प्रकारको हुन्छ ।

फाटो फेरे लैजा

नौलो फेरे दिजा

मोहीको ठेकी लैजा

दहीको ठेकी दिजा

अनिकाल लैजा

सुविकाल दिजा

बुढो बल्ल (गोरु) लैजा

बालो बल्ल(गोरु) दिजा

नाटो गाई लैजा

दुहने गाई दिजा आदि ।

यसका अतिरिक्त नानाथरीका गाली गलौज गर्दै केटा केटी र लोग्ने मान्छे हरु छतमा रमाई रहेको बेला महिलाहरु घर घरमा सेल रोटी टाटे , वावर, चिनी रोटी आदि पकाइरहेका हुन्छन । गाली गर्दै थाकेर आएका लोग्ने मान्छेहरु र केटा केटी सित बसेर खाने कुरा खान महिलाहरु रमाउछन ।

भोली पल्ट हिजो बनाएको मिठो परिकार आ-आफ्ना ईस्टमित्र र माइत आउन नपाएकी छोरी बहिनी हरु कहाँ पुऱ्याइन्छ । माइत बाट घर फर्कने महिलाहरु पनि यि मिष्ठान्न हरु लिएरै फर्किन्छन

### ४.६.६ **श्रावण पुर्णिमा :-** (Shrawan Purnima)

श्रावण पुर्णिमा को एकादशी देखि शुरु हुने यो अवसर यहाँका महिलाहरुको लागी निकै ठुलो मानिन्छ । यसवेला देवी देवताको पुजा आराधाना गर्ने , मन्दिरका भारा नुहाउने (मुर्ति सफा गर्ने) तिर्थ जाने र पैठ गर्ने (जात्रा लगाउने) गरिन्छ । यसबेला राम्रा लुगा र मिठो खानाका साथ सजधज भएका महिलाहरु हँसिला र रसिला देखिन्छन । यतिवेला टाढा टाढा बाट पैठ हेर्न माइतीमा आएका महिलाहरु आ-आफ्ना माइती देवताहरु सँग आफ्नो र आफ्ना परिवारका सदस्यहरुको उत्तोरत्तर प्रगतिको लागी याचना गर्दछन । देउता हरुको तर्फबाट धामीहरुले ति कन्याहरुलाई हात छेला र काखी चेला दिने बचन दिन्छन । त्यसको बदलामा यि कन्याले

देवताको स्थानमा फुलपाती, अक्षता , र भेटी ल्याएर पटक पटक आइराख्ने नर्विसने भाकल गर्दछन् ।

श्रावण पुर्णिमा माइत गएकी छोरी हरु आफ्नी सहपाठी साथीहरु सित देउडा खेल खेल्छन् स्वतन्त्र भई रमाइलो गर्छन तर तिनका पछि पछि लागेर आइहाल्ने श्रीमानहरुले भने त्यो स्वतन्त्रतालाई कुल्चिदिएका हुन्छन् । यस्तैमा पराई केटाहरु सँग खेल्न गएको (गित गाएको) भनि कति केटीहरु तिनका श्रीमानबाट पिटिएका हुन्छन् । अध्ययन क्षेत्रमा श्रावण पुर्णिमा पछि जात्रा

लाग्दछ ।यस जात्राले महिलाहरुलाई निकै मनोरंजन दिन्छ । आफ्ना प्रेमी वा चिनजानका केटाहरुलाई नास्ता रोटीहरु दिएर केटीहरुले कर्तव्य पुरा गर्दछन भने बदलामा केटाहरुले बिस्कुट चाउचाउ , चुरोट लगायतका वस्तु किनेर रुमालमा पोको पारी दिन्छन् । यो जात्रा चराहरुको लागी वसन्त ऋतु झै केटीहरुका लागी आनन्द र स्वचन्दताको अवसर हुन्छ । यतिवेला धेरै केटिहरु प्रेम वा विवाह वन्धनमा वाँदिन्छन् । सिँजा क्षेत्रको श्रावण पूर्णि , नाग्मा क्षेत्रको हलाढुéा मालिका र पाँनसय र वजार क्षेत्रको कृष्ण अष्टमी जात्राले यस क्षेत्रमा ठुलै महत्व राख्छ ।

यो वेला राम्रो लुगाल गाउने महंगा कपडाहरु लगाउने गरिन्छ । चोरी लुटपाट नहुने भएपनि यसवेला गहना हराउने घट्ना भइरहन्छन् ।

### ४.६.७ तीज : (Teej) :-

यहाँ तिजको महिमा विस्तारै बढेर आएको छ । पहिले त यहाँका महिलाहरु हरितालिका व्रत वसेर यो चाड मनाउथे , आफ्नै परम्परामा आधारित भएर देउडा खेलेर चुट्किला भनेर नदि किनारमा रमाउथे तर अबका दिनहरुमा तीजका गितले बजार पाएको छ । सुचना र प्रविधिको विकास सँगै तिजको रोनकतामा वृद्धि भएको छ । जुम्ला बजारमा विभिन्न जिल्लाका कर्मचारी महिला र कर्मचारीका परिवार महिलाहरु का साथै बजारिया महिलाहरुले आजकल निकै तामझामका साथ तिज मनाउँछन् ।

तिजको दर खाने भनेर त्यसदिन यस बजारमा झण्डै ५० भन्दा बढी खशी काटिन्छन् । कामदार महिलाहरु पनि आफ्नै पाखुरीले ज्याला मजदुरी गरी कमाएको पैसा दर खाने भनि खर्च गरिरहेका हुन्छन् । तर दुःखको कुरा महिलाहरुको दरको निहुँ पारेर पुरुषहरु पोषिने काम भइरहेको हुन्छ । आजकल महिला विकास कार्यालय र अन्य नारी वादी संघ संस्थाहरु ले तिज

मनाउने विशेष खालका कार्यक्रम हरु आयोजना गरेका हुन्छन् । पहिले पहिले पुरुषहरुको पनि संलग्नतामा मनाइने यि कार्यक्रम अवका दिनमा महिलाहरु आफैले सम्पुर्ण रुपमा आयोजना तथा समापन गरेका हुन्छन् । यस दिन अध्ययन क्षेत्रका महिलाहरु ले आ-आफ्ना पीर मर्का र बेदनाका गीतहरु गाउँछन् । हालको राजनितिक सरगर्मी लाई मध्ये नजर गरी विभिन्न व्यङ्ग्यात्मक गीतहरु पनि गाइन्छन् ।

### ४.६.८ **दशैं :-** (Dashain)

दशैं नेपालको राष्ट्रिय चाड भएकोले देशै भरि यो चाड एउटै प्रकारले मनाइन्छ । अध्ययन क्षेत्रमा फरक के मात्र छ भने टिका लगाउन सानोले ठुलो नातेदार कहाँ जाने प्रचलन भर्खर विकास भएको छ । यहाँको मौलिक प्रचलन टिका थाप्न भन्दा पनि पिठाहा लगाउन जाने भन्ने हो । पिठाहामा चार ठाकुर लाई सम्मान व्यक्त गर्ने गरिन्छ । ति ठाकुरहरु यस प्रकार छन्

(१) **ससुराली ठाकुर :-** ससुराली तिरका सवै नातेदारहरु जस्तै सासु ससुरा साला साली भतिजा भतिजी आदि पर्दछन् । पिठाहा लगाउन ससुराली घरमा गए पनि टिका लगाउँदा मर्यादा क्रम अनुसार नै हुन्छ ।

(२) **मावली ठाकुर :-** यसमा मावलीमा नै जानु पर्ने हुन्छ । तर मावलीमा जो कोही भएपनि मर्यादा अनुसार नै टिका लगाइन्छ ।

(३) **माटे ठाकुर :-** जिविको पार्जन , वास स्थान, र अन्य प्रयोजनको लागी मुल्य लिएर वा नलिएर भएपनि जग्गा दिने व्यक्तिलाई पनि ठाकुर मानी पिठाहा लगाइन्छ । यस क्रममा पुर्व निर्धारित नाता अनुसार ढोग भेट गर्ने चलन छ ।

यसरी सानो वा ठुलो जे भए पनि महिलाहरु का माइती हरुलाई ठुलो सम्मान गरिन्छ त्यो भनेको महिलाहरुको महत्व लाई अझै बढाएको ठहरिन्छ । विहे नगरेकी तर माग्ने कार्य भइसकेका केटीहरुको घरमा केटा पक्षका मानिसहरु गएर पिठाहा लगाउने चलन छ ।

### ४.६.९ **सोह्र श्राद्ध :-**

आफ्ना पित्रीहरुको सम्झनामा गरिने सोह्र श्राद्धमा छोरी बहिनीहरुलाई खाना खान बोलाइन्छ । विभिन्न परिकारका अतिरिक्त दही, विशेष खाद्य वस्तुको रुपमा रहने यस बेला छोरी बहिनी नआए नियास्रो मानिन्छ । आएकी छोरी बहिनीलाई दक्षिणा दिएर पठाइन्छ । आफ्ना पित्रीहरुको सम्झनामा ति महिलाहरुले आँशु बगाएका दृष्टिान्तहरु पनि अध्ययन क्षेत्रमा देखिन्छन् । तसर्थ सोह्र श्राद्ध पनि महिलाहरुको उपस्थिती अपरिहार्य हुन्छ ।

## ४.६.१० तिहार :-

तिहारलाई यहाँको परम्परागत प्रचलनमा जमधुति भनिन्छ । यस दिन छोरी बहिनीहरु आफ्ना घरबाट थरि थरीका भोजनहरु ल्याएर माइतीहरुलाई ख्वाउने पुरानो चलन हो । तर हाल यसका विरुद्ध पुर्वेली चलनलाई आत्मसाथ गरिन्छ । जस अनुसार दाजुभाई हरु दिदी बहिनीको घरमा बोलाएर टीका लगाइन्छ । दक्षिणाको संस्कृति र मादक पदार्थ को विकृतिले ठाउँ लिइरहेकोले यो प्रचलनले सकारात्मक दिशातिर समाजलाई अगाडी बढाउँदैन भन्ने गुनासो सर्वत्र छ ।

## ४.६.११ भैली :-

जुम्ला जिल्लामा सानी भैलो र ठुली भैलो गरेर जम्मा दुई किसिमका भैलीहरु छन । सिंजा तिर सानो भैली खलिन्छ यो मंसिर पुर्णिमा देखि सुरु भएर १५ दिन चल्दछ । औसीका दिन सम्म यो टुङ्गिन्छ भने अध्ययन क्षेत्र तिर पौष पुर्णिमा देखि सुरु भएर औसी सम्म चलि रहने ठुली भैलो हो । यसरी यि भैलीहरुमा केटाहरुको टिम अलग कटीहरुको टिम अलग अलग भएर भैली खेलिन्छ । भैलोमा पैसा, चामल, दाल, तरकारीहरु जम्मा पारिन्छ र अन्तयमा वा औसीका दिन भैलो बाट जम्मा भएको चामलको भात पकाइन्छ दाल, तरकारीका साथै रुपैयाबाट खसी किनेर काटिन्छ र मिठो परिकार बनाएर खाइन्छ । यस दिन गाउँ भरीका मानिसहरु मध्ये हरेकको घरका केटा केटी सामेल भएका हुन्छन् । भैलो भात खाई सकेपछि रमाइलो गरिन्छ ।

## ४.६.१२. भैलोका टुम्काहरु :-

पुनीका वार , दर बुधवार, दरामे खेली , वाँसकी जोली , ओर न तारे पिपलु छारे , राम्रो जमायो , चोचमा गोड, पञ्चमा छेड , गोज्या गोडौली, छेडया छेडौली, पेटारे बाखाका सिंगै समाउछ । सिंगैको तिखे , कान समाउन , कानैको लम्काने आखैकै गाजले थुन समाउन दुवै थुन धोपाका , पुछ समाउन, पुछको लम्पुछ्या हुँदै मैले का उब्ज्यो । सरघर उब्ज्यो सररघर भै लाले केउ खान्की पायो सुनै खान्की पायो दुल्लो डाँडा मकै मुगु करान भैलाले , नने खान्की पायो दाङ्ग , देउखुरी भैलाले धानै खान्की पायो ।

### ४.६.१३. पुष पन्नुवा :- (Push punnua)

अंग्रजी पात्रोले २० डिसेम्वर लाई संसारको सवै भन्दा छोटो दिन मान्दछ । तर यस अध्ययन क्षेत्रमा पुषको १५ गतेलाई छोटो दिन लामो रात भनिन्छ । त्यसैले यस दिनलाई रात भरि बसेर हाँसेर कथा सुनेर सुनाएर मनाउनु पर्छ भने महिलाहरु कुनै छिमेकीका घरमा जम्मा भई कुनै कथा वाचिका लाई बोलायर कथा सुन्छन । त्यसका लागी जम घरमा जम्मा हुन्छन् । त्यस घरकाले विभिन्न परिकार नास्ताहरु सगुन बनाउँछन् । हन त कथा सुन्ने जो कोहीले पनि सगुन ल्याएर आएकै हुन्छन् । यस दिनको कथामा राक्षस देवता फर्सी फलफुल , पशु , टुहुरा , अन्धा अन्धी र सर्प विच्छी वा राजा महाराजा र लडाई विजय पराजय राज्य प्राप्ती र तपस्या विरता कायरता वा देश परदेश सम्वन्धी हुन्छन् । केटा केटीहरु पनि उक्त रात औधी खुशी हुन्छन् । कसै कसैले त यो रात सिंङ्गै बिताउँछन् भने कोही विना ओच्छ्यान कथा सुन्दा सुन्दै त्यही निदाउँछन् ।

त्यस दिन पृथ्वीमा सुख्खा हुने र स्वर्गमा बाढी आउने उक्त बाडीले इन्द्रको आसन समेत डुवाउने भएकाले इन्द्रको वा भगवानको रक्षाका लागी पनि रातभरी सुत्नु हुन्न भनिन्छ । त्यही भएर एउटा उखान यहाँ लोक प्रिय छ ।

“पुष पन्नुवा बसी ब्याउनु ,

आषाढ पन्नुवा सिब्याउनु”

### ४.६.१४. माघी संक्रान्ति :

माघी संक्रान्ति चाड यहाँका महिलाहरुका लागी अति महत्वको चाड हो । पुष जाने र माघ लाग्ने राती गाउको कुनै सार्वजनिक ठाउँहरुमा मुडा बालेर रातभर बसिन्छ । यता तिर आगो ताप्दै उता रातभरी ७ चोटी सम्म नुहाउने गरिन्छ । अत्यन्तै जाडो हुने यस रात जति धेरै चोटी नुहायो त्यति नै पाप पखालीने भन्ने विश्वास छ । त्यसलाई पुष पखाल्ने भनिन्छ । त्यसका लागी १०,१५ दिन पहिले देखि केटा मुढा काट्ने र केटीहरुले सिंउता खेल्ने (जम्मा गर्ने) गर्छन । यस राती सम्भवतः वर्ष भरीको ठुलो आगो बालिन्छ । यस दिन घर घरमा महिला हरु पुरी , ताले , बाबर , सेल , हलुवा , खुदिया, आदि पाकाउँछन् । भोली पल्ट सम्म पनि उक्त परिकार खाने गरिन्छ । यसैलाई भनिन्छ “पुष हालेका टाटे.माघ खाने” रातभरी मागंल , चुट्कीला , देउडा गित गायर रमाईलो गरेर विताइन्छ ।

भोली पल्ट बिहान हरेक दाजु भाई हरु वा काका हरुले आ-आफ्नो छोरी बहिनीहरु लाई फुपुलाई घरमा खुट्टा पखालेर त्यही खुट्टा को पानी चाख्ने गर्छन । यसैलाई गोडा धुने पनि भनिन्छ । खुट्टा पखाल्दै पानी चाख्दै गर्दा त्यस दिन सवै महिलाहरुको ठुलो सम्मान हुन्छ । त्यही भएर अधिकांश महिलाहरु त्यस बेला माइतीमा जान्छन् । गोडा धुने तिनका वा हजुर बुवा वा दाई भाई र भतिजा हरुले आ-आफ्नो गच्छे अनुसार को दान दक्षिणा पनि दिन्छन् । यसो गरे धर्म हुन्छ भन्ने बलियो विश्वास रहेको छ । यो चाड महिला केन्द्रित चाड भएको छ ।

### ४.६.१५. पछेल्ली माघे संक्रान्ति :

यो चाड पनि अघिल्लो जस्तै मनाइन्छ । तर धर्मि महिना माघ जाने भएकाले यसको महत्व कम छ । तापनि यस दिन पनि महिलाहरु माइत जाने छोरी बहिनी को गोडा धुने प्रचलन रहेकाले यस चाडमा पनि महिलाहरु बढी सम्मानित र खुशी हुन्छन् ।

### ४.६.१६. श्री पञ्चमी :

हुन त श्री पञ्चमीलाई पुरुषको चाड को रुपमा लिइन्छ । तर अध्ययन क्षेत्रमा यस दिन खिचडी पकाएर खाने गरिन्छ । खिचडीलाई खिच्चो पनि भनिन्छ । दाल, चामलको यस खिच्चो परिकारमा ओखरको पिना राखेर पनि खाइन्छ । कसै कसैले त यस दिन पिना खिर पकाएर पनि खान्छन् । यो परिकार निर्माण गर्ने काम महिलाहरुको हुन्छ । मिठो बनाएर सवैले खुशी भई प्रशंशा गर्छन ।

यस दिन केटा केटीका नाक कान छेड्ने भएकाले यस क्षेत्रमा केटाका भन्दा केटीहरुका नाक कान बढी छेडिन्छन् । नाक मा बुलाकी र फुली लगाउने भनि २ ठाउँमा कानमा पनि २,३ ठाउँमा छेडन्छ । कति महिलाहरुले त यस दिन आफ्ना शरिरका विभिन्न ठाउँमा खुँड्ने पनि गर्दछन् । नयाँ वर्षको लागी खेतीको सुभारम्भ मानिने यस दिन देखि हलो वा जोताईको सुरुवात भएको मानिन्छ । जसलाई हलसारो भनिन्छ । हलसारोमा दुइवटै गोरु एउटै रुप रंगका सिंग कान मिलेका खोजेर प्रत्येक घरको धानको विउ राख्ने बेनोमा एक एक सियो जोतीन्छ । पुरुष जीनो बुढाले नाग रेखा कोर्ने त्यही अर्काले अक्षता राख्ने जोतिएको ठाउँमा अरुले तोड्ने गर्छन यस बेला महिलाहरु सफा र राम्रो पहिरनमा आएर तीनै गोरुलाई घाँस , आटो दिन्छन् । भने अन्यलाई सगुन बाँड्छन । यस बेला ती महिलाहरु विशेष आर्कषक देखिन्छन् ।

## ४.६.१७. विच्छती वा विस्सुवा

धान खेतीका लागी चैत्र १२ गते पानीमा भिजाएर राखेको विउ १६ गते घाममा सुकाइन्छ । यसलाई वीउ पहऱ्याउने भनिन्छ । वीउ पहऱ्याउँदा पुरुषहरुले पानीबाट कच्चिला थैला (चिसो) घरको आँगनमा राखेका हुन्छन् । महिलाहरुले उक्त विउ मजाले कुनै कपडा माथी राखेर छान्दै सुकाउँदै गर्छन । त्यस क्रममा उनिहरु राम्रो कपडामा सजिएका हुन्छन । साथै उक्त विउ सितै भिजेका धानबाट चिउरा कुटिन्छ । जसलाई वियती भनिन्छ । ती चिउरा साँझ घर घरमा दियो बत्ति बालेर चन्दन नाथको पुजा गरी खाइन्छ । टाढा टाढाका छोरी बहिनीहरुलाई पनि ति चिउराको नासो केसेली पुऱ्याइन्छ । त्यस दिनका चिउरा माइतीबाट नआएमा चेली हरु निरास हुने वा दु:ख मान्ने गर्छन । त्यही भएर नै अनिवार्य रुपमा पुऱ्याउने गरिन्छ ।

त्यसको ४ दिन पछि अथवा चैत्र २० गते घरमा उम्रेको वीउ बेर्नामा लगेर छरिन्छ । भने महिलाहरु त्यस दिन विशेष पहिरनमा सजियर न्यूला जौवाली लगाएका खेत भित्र उम्रेको सागहरु टिप्न जान्छन् । ज्यूलामा :इसाग : ल्या चाल्या नामको कलिलो सागहरु हुन्छ ती मध्ये :इसाग र चाल्या काचै खाइन्छ । तर :ल्या तितो हुने भएकाले घरमा ल्याएर पखालेर पकाएर खाइन्छ । तितो हुँदा हुँदै पनि औधि मिठो पनि हुन्छ । यो साग खेत खेतमा गएका केटीहरुको हुल रमाइलो गर्दै साग टिप्छन् । त्यो देखेर केटाहरु पनि त्यही पुग्छन र रमाइलो गर्छन । यस दिन ज्यूला भन्दा माथि पाखामा वस्ने महिलाहरु पनि ज्यूला सम्म आइपुग्छन् । महिलाहरुले

देउडा खेल खेली रहेका हुन्छन् । केटाहरु रमीते भएर हेर्छन । तर यस्तो खेलमा पुरुषहरु टाढै वस्दछन् । महिलाहरु स्वच्छ भएर गाउछन् तर ती महिलाको खेल माथि पराई गाउँका केटाहरुले विथोल्ने सम्भावना हुने भएकाले त्यस  गाउँका केटाहरुले बाहिरी सुरक्षा दिई रहेका हुन्छन् ।

यसरी साग टिपेर रमाइलो गरी आएका महिलाहरु साँझ त्यही साग पकाएर भात सित खान्छन् ।

## ४.७ अध्ययन क्षेत्र चन्दननाथ गा वि स मा रहेका महिला र वालवालिकाको क्षेत्रमा कार्यरत

### गैह्र सरकारी संघ संस्थाहरुको विवरण :-

| सि नं | सस्थाको नाम | अध्यक्षको नाम |
|---|---|---|
| १ | हिमाली लघु उद्धमी संघ | नरवीर वुढा |
| २ | दलित सेवा संघ | धन वहादुर सार्की |
| ३ | मानवीय संस्कृति विकास मंच | विष्णु प्रसाद तिमिल्सेना |
| ४ | माया सदन जुम्ला जुम्ला अपाङ्ग पुर्नस्थापना तथा विकास केन्द्र | यज्ञ बहादुर बुढथापा |
| ५ | कर्णाली उपकरण प्रविधि सरोकार सेवा | सुकवीर नेपाली |
| ६ | नेपाल राष्ट्रिय द लित समाज कल्याण संघ | मनसुर सुनार |
| ७ | सामाजिक बहुविकास मंच जुम्ला | गणेश अधिकारी |
| ८ | अधिकार र विकासमा महिला सहभागिता मंच | पुष्पा गिरी |
| ९ | नारी कल्याण केन्द्र | लुनाक्षी चौलागाई |
| १० | सुर्य सामाजिक सेवा संघ | |
| ११ | हिमाली जडीबुटी विकास समुह जुम्ला | राम कृष्ण बुढथापा |

| | | |
|---|---|---|
| १२ | समावेसी तथा सृजनशिल समाज विकास केन्द्र | लक्ष्मी बहादुर महत |
| १३ | कर्णाली दलित विकास केन्द्र जुम्ला | धिर बहादुर वड |

श्रोत : वार्षिक प्रगति विवरण : आ.व.२०६४/०६५

## ४.७.१ अध्ययन क्षेत्रमा आएको परिवर्तन :-

**विवाह :-** मागी विवाह हराउँदै गएको प्रेम विवाह बढ्दै गएको प्रेम भएका केटीहरुले आफ्नो आमा बाबुको इज्जत राख्न प्रेमी पक्ष लाई घरमा माग्न लगाउँछन ।

**ज्वाई भित्रयाउने :-** यस अध्ययन क्षेत्रमा केटीहरुले बाहिरबाट आएको केटा सँग विवाह गर्छन ती मध्ये अधिकांशले घर नगएर बजारमै घर बनाउन लगाउँछन ।

**स्थानिय वन उपयोग :-** स्थानिय वन उपयोगमा छोरा र छोरी विच भेदभाव गरिन्छ ।

**बाहिरी विवाहमा आर्कषण र चुनौती :-** जागिर वा व्यापारको सिलसिलामा गएका केटाहरु सँग विवाह गर्ने केटीहरु मध्ये केही वर्वाद हुन्छन । विशेष गरी प्रहरी र नेपाली सेना सँग विवाह गर्ने कतिपय केटीहरु ले उनका श्रीमानको सरुवा सँगै श्रीमान पनि गुमाउछन । या त सौताको चपेटामा पर्छन । कतिपयले घरमा टिक्न नसकेर रुदै फर्कनु परेको छ भने केहीले एक दुई बच्चा सहित पुनः माइती फर्कनु पर्छ

श्रोत : असहभागि अवलोकन २०६५

महिला विकास कार्यालय जुम्ला

**अध्याय ५**

५. सहभागीहरुको सामाजिक आर्थिक विशेषता

(SOCIO-ECONOMIC CHARACTERISTICS OF RESPONDENTS)

यस अध्ययनको प्रमुख विषय रहेको सामाजिक तथा आर्थिक पक्षको अन्तरगत सामाजिक पक्षको जानकारी निम्नानुसार देखिएको छ ।

## ५.१ जानसंख्यकी पक्ष (Demographic aspect)

यस अध्ययनमा लक्षित व्यक्तिहरुको सामाजिक जानसंख्यकीय पक्षमा अध्ययन गरिएको छ । जस अन्तरगत उनिहरुको उमेर , शिक्षा , वैवाहिक स्थिति ,परिवारको आकार ,परिवारको संरचना सम्वन्धि अध्ययन गरिएको छ ।

## ५.१.२ उमेर (Age)

उमेर एउटा महत्वपूर्ण जानसंख्यकीय विशेषता हो । उमेरले नै विभिन्न प्रकारका काम र काम गर्ने समयमा मानिसहरुलाई प्रभाव पार्दछ । कार्य तथा निर्णय प्रंक्रियामा संलग्न हुनका लागी उमेर अति महत्वपूर्ण तत्व हो । यस अध्ययनमा १६ वर्ष भन्दा मुनिका महिलाहरुलाई सहभागि गराईएको छैन । किनकि १६ वर्ष भन्दामुनिका महिलाहरुको उमेर परिपक्व हुँदैन । अध्ययन क्षेत्रका महिलाहरुको उमेरगत अवस्थालाई तलका तालिकामा देखाइएको छ ।

**तालिका नं ८**

| सिनं | उमेर | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | १६देखि ३०वर्ष सम्म | २६ | २७ % |
| ँ२ | ३१ देखि ४५ वर्ष सम्म | ५३ | ५६ % |
| ३ | ४६ वर्ष भन्दा माथि | १६ | १७ % |
| ४ | जम्मा | ९५ | १०० % |

श्रोत फिल्ड सर्वे २०६५

अध्ययनमा सहभागि महिलाहरुमा ३१ देखि ४५वर्ष उमेरका महिलाहरु बढी देखिनुको प्रमुख कारण यस उमेरका महिलाहरु नै घरको जिम्मेवारीमा महत्वपूर्ण भूमीका निर्वाह गरि रहेका र उनिहरु खेती व्यापार, नोकरी र घरायसी लघुकार्यमा लागेका पाईयो । र प्रश्नावलीको मर्म अनुसार अन्तरवार्तामा सामेल भएका छन् । प्रश्न सोधिएका मध्ये ५६ % महिलाहरु यही उमेर समूहका हुनुले त्यस कुरालाई पुष्टि गर्दछ । हुनत संख्याको हिसावले १६ देखि ३० वर्षका महिलाहरु पनि अध्ययन क्षेत्रमा कम थिएनन् । तरपनि उनिहरु मध्ये अधिकाँस अविवाहिता र अध्ययनरत हुनु , विवाह भएकाहरुपनि घर वा समाजको जिम्मेवारीमा छैनौ. भनि पन्छीनु जस्ता कारणले दोश्रो स्थानमा वा २७ % देखिए । भने १७ % मात्र ४६ वर्ष उमेर र सो भन्दा माथिका अध्ययनमा सहभागी हुन पुगे । यस उमेरका महिलाहरु घरायसी काममा जस्तै खाना पकाउने वच्चा हेर्ने, र गाई वस्तु चराउने काममा संलग्न रहेको पाईयो ।

## ५.१.३ धर्म (Religion)

नेपाल विगतमा हिन्दु धर्म सापेक्ष देश भएपनि हाल धर्म निरीपेक्ष देश घोषणा भई सकेको छ । कुनैवेला सत प्रतिसत हिन्दुहरुको वसोवास रहेको यस क्षेत्रमा मुगु जिल्लावाट आएका भोटे जातिका बुद्ध धर्मालम्वीहरु वस्छन् र उनिहरुले हाल २ वटा चर्चहरु निर्माण गरेका छन् । हिन्दु धर्मावलम्वी भएपनि क्रिश्चियन धर्म प्रचारको प्रभावमा परी स्थानीय मानिसहरुले २ वटा चर्चहरु पनि निमार्ण गरेका छन् । भने मस्जीदका लागि जग्गा समेत खरिद गरिसकिएको वुझियो । अध्ययन क्षेत्रका महिलाहरुको धार्मिक अवस्था निम्नानुसार रहेको छ ।

**तालिका नं ९**

| सि नं | धर्म | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | हिन्दु | ८६ | ९१ % |
| २ | वौद्ध | ६ | ६ % |
| ३ | क्रिश्चियन | २ | २ % |
| ४ | मुसलमान | १ | १ % |
| ५ | जम्मा | ९५ | १०० % |

श्रोत फिल्ड सर्वे २०६५

माथिको तालिकाले हिन्दु धर्मालम्वीरुको संख्या देखिएको छ । वौद्ध धर्मालम्वीहरु ६% रहेका छ । जुम्ला जिल्लाको कुल संख्यामा हिन्दुहरुको संख्या ९७ % रहेको छ । यस गाविसमा ९० प्रतिसत मात्र हिन्दुहरु देखिनु भनेको यस गा.वि.स.मा अन्य धर्मालम्वीहरुको संख्या वढिरहेको देखिन्छ ।

विशेष गरी दलित महिलाहरु र विरामी महिलाहरु क्रिश्चियन धर्म प्रति आकर्षित देखिन्छन् ।त्यस्तै जुम्ला वजारमा व्यापारिक कारोवारमा अगाडि रहेका मुसलमान हरुसँग हिन्दु महिलाहरुले  विवाह गरेको कुरा असहभागि अवलोकनवाट पाईयो । यो तथ्यलाई गम्भिरताका साथ अध्ययन गर्ने हो भने धार्मिक सम्वन्धलाई पनि आर्थिक सम्वन्धले प्रभाव पार्छ भन्ने समाज शास्त्री कार्लमार्क्सको भनाई पुष्टि हुन्छ ।

## ५.१.४ भाषा (Language)

नेपाल वहुभाषिक देश हो । १०० भन्दा वढि भाषा यस देशमा वोलिन्छन् । तर नेपाली भाषा सरकारी कामकाजको भाषाकारुपमा रहेको छ । यो भाषा यही जिल्लाको सिँजा क्षेत्रवाट उत्पति भएको खस भाषा हो ।आफ्नो मातृ भाषा नै देशको राष्ट भाषा भएकोमा यहाँका मानिसहरु गर्व गर्दछन् । अन्य जिल्लाहरुवाट आएका मानिसहरु अन्य भाषा वोल्दछन् । अध्ययनमा सहभागि महिलाहरुको भाषिक वर्गिकरण तलको तालिकावाट प्रष्ट हून्छ ।

**तालिका नं १०**

| सि नं | मातृ भाषा | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | नेपाली भाषा | ८८ | ९३% |
| २ | भोटे भाषा | ६ | ६ % |
| ३ | हिन्दी भाषा | १ | १ % |
| ४ | जम्मा | ९५ | १०० % |

श्रोत : फिल्ड सर्वे २०६५

विभिन्न धर्मावलम्वीहरुले आ आफ्नो मातृभाषा वोलेपनि जुम्लामा क्रिश्चियनहरुले नेपाली नै वोल्दछन् । सवभन्दा रोचक कुरा त के भने जुम्लामा वस्ने नेवारह्रुले नेपाली भाषा वोल्न जान्दैनन् । गुरुङ्ग र मगरहरुले पनि आ आफ्नो मातृभाषा वोदैनन् । यिनीहरु जनजाती त हुन् तर आफ्नो मातृभाषा भने नेपाली नै वताउछन् ।

## ५.१.५ वैवाहिक अवस्था (Marital status)

महिलाहरुको सामाजिक अवस्था र आर्थिक अवस्थालाई विवाहले पनि महत्वपूर्ण भूमीका निर्वाह गर्दछ । छिटो विवाह नेपालीहरुको विशेषता भित्र पर्दछ । विवाहले नै छोरीहरु वुहारीमा परिवर्तन हुन्छन् । अधिकाँस नेपाली महिलाहरु २० वर्ष मुनि विवाह गर्छन् । तर अध्ययन क्षेत्रमा १४ वर्ष मुनि विवाह गर्ने महिलाहरुको संख्या उल्लेख्य भेटियो । विवाहका रोचक तथ्याँकहरु तलको तालिकाले प्रष्ट पार्दछ ।

**तालिका नं ११**

| सि नं | सहभागी महिलाहरुले विवाह गरेको उमेर | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | १४ वर्ष भन्दा मुनि ,, | १६ | १७ % |
| २ | १५ देखि २० वर्ष भित्र ,, | ५० | ५२ % |
| ३ | २१ देखि २४वर्ष भित्र ,, | २६ | २७ % |
| ४ | २५ वर्ष भन्दा माथि ,, | ३ | ४% |
| ५ | जम्मा | ५९ | १०० % |

श्रोत फिल्ड सर्भे २०६५

माथिको तालिकाले अध्ययन क्षेत्रका महिलाहरु मध्ये आधा भन्दा वढिले अर्थात ५२ % ले १५देखि २० वर्षको उमेरमा विवाह गरेको पाईयो । तर कानुनले नै वर्जित गरेको १४ वर्ष मुनिका १७% महिलाहरु विवाह गरेको तथ्याङ्क अस्वभाविक लाग्यो । यस सम्वन्धमा व्यापक छलफल र गहिरो अध्ययन गर्दा यस गाविसको वडा नं ५ सिमखाडा गाँऊमा उपाध्याय वाहुन जातिको वसोवास रहेको छ । ती उपाध्याय हरुको समाजमा छोरीहरुको विवाहको उमेर ९,१०,११, वा १२ वर्ष सम्म रहेछ । उनिहरुका अनुसार छोरीहरु रजस्वला हुनु भन्दा पहिले नै

कन्यादान गरिदिदा पूर्ण मिल्छ भन्ने धार्मिक आदर्श रहेछ । तर अव त्यो मान्यता गई सक्यो भन्ने तर्क ती महिलाहरुको छ । यो विवाह ठिक थियो भन्ने एकाध महिलाहरु भेटिए पनि अधिकाँस महिलाहरुले त्यस उमेरमा विवाह गरेको मा पश्चाताप नै व्यक्त गरे ।

२१ देखि २४ वर्ष वीचमा विवाह गर्ने महिलाहरु २७% भेटिए । आधुनिक शिक्षा र संचारको विकासले यो उल्लेखनीय प्रगति भएको देखियो । ढिलो विवाह प्रतिको आकर्षण वढेको पाईयो । त्यस्तै २५ वर्ष भन्दा माथि विवाह गर्नेहरु भेटिन गाह्रो पर्ला भन्ने लागेकोमा ४% महिलाहरु त्यस समूह भित्र देखिनु पनि यहाँको सन्दर्भमा अचम्म लाग्दो कुरा नै मानियो । त्यस सम्वन्धमा विश्लेषण गर्दा भोटे समुदायमा लामो समया सम्म माइतीमा वस्ने र ढिलो विवाह गर्ने प्रचलन रहेको पाइयो । साथै वाहुन क्षेत्रीहरुमा पनि र विशेष गरी वजार क्षेत्रका महिलाहरु उच्च शिक्षा अध्ययनका कारणले र खोजे जस्तो वर र घरको प्रतिक्षाका कारण ढिलो विवाह गर्ने गरेको पाइयो ।

छिटो विवाहका कारण बढी सन्तान जन्मेको र आमा र वच्चाको स्वास्थ्य कमजोर भएको भन्ने दुखेसो धेरै सुनियो । असहभागी अवलोकनमा छिटो विवाहका कारण सम्वन्ध विछेदका घटनाहरु वढेको देखियो । अन्तरवार्ताका क्रममा छिटो विवाह गरेका महिलाहरु लाज मान्ने संकुचित देखियो भने ढिलो विवाह गरेकाहरु फराकिला र फरासिला पाईयो ।

### ५.१.६ विवाहका वारेमा निर्णय (Dicision making in marriage )

महिलाको भावि जीवन वन्न र विग्रन विवाह महत्वपूर्ण तत्व हो । तर विवाह कहिले गर्ने ? किन गर्ने ? को सित गर्ने ? भन्ने निर्णयमा महिलाहरु आफै पुग्न नपाउनु नेपाली महिलाहरुको परम्परा हो । आफ्नी छोरीहरुको विवाह राम्रै घरमा गरिदिने कर्तव्य वुझेका वावु आमाहरुले छोरीकालागि राम्रै घर त हेर्न सक्लान् तर राम्रो वर हेर्ने के गर्लान् ? हुनत भाग्यवादमा विश्वास गर्ने यस समाजमा राम्रो र नराम्रो वर वा घर पर्नु लाई छोरीको भाग्य सँग जोडिन्छ । तथापी आफ्ना आमा वावा भन्दा इष्ट मित्र र अन्य ठालु भलादमीहरुले पनि विवाहको निर्णय गरि दिएका थुप्रै सदृष्टान्तहरु यस समाजमा पाईने र यसरी गरिएको विवाहले आफ्नो भाग्य भन्दा पनि अरुकै भाग्य सप्रेको तितो सत्य अध्ययन क्षेत्रमा यस्तो भेटियो । जुन तालिकामा निम्न अनुसार देखाइएको छ ।

तालिका नं १२

| सि नं | विवाहको निर्णय कसले गऱ्यो | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | वावु आमा र नातेदारले | २१ | २२% |
| २ | आफैले | ५९ | ६२% |
| ३ | साथिहरु वा अन्यले | १५ | १६ % |
| ४ | जम्मा | ९५ | १०० % |

**श्रोत : फिल्ड सर्भे २०६५**

यस तालिकाले चन्दननाथ गाविसका ६२ % महिलाहरुले आफ्नो विवाहको निर्णय आफै गरेको पाइयो । आत्म निर्णयको अधिकार यति धेरै महिलाहरुले प्राप्त गरेको तथ्याङ्क सन्तोषजनक नै मान्नु पर्छ ।तर आफ्नो जीवनको सवै भन्दा महत्वपूर्ण मानिने विवाह जस्तो कार्यमा पनि आधा भन्दा केही कम महिलाहरुले निर्णय आफै गर्न नपाएको दुखद समचार यस तथ्याङ्कले देखाऊँछ । तथ्याङ्कले २२% महिलाहरुको भाग्य र भविष्यको फैसला तिनीहरुका वा आमा र नातेदारहरुले गर्दा रहेछन् भने १५ % प्रतिसत महिलाहरु तिनका साथीहरु र अन्य ठालु भलाद्मी लमी वा अरु कसैको निर्णयमा आत्म समर्पण गर्दारहेछन् । तर अव यस वारे महिलाहरुमा सचेतता आई सकेको कुरा असहभागि अवलोकन र छलफलवाट थाह पाइयो ।

## ५.१.७ छोरीको विवाहका प्रतिको दृष्टिकोण (Views on daughter’s marrage)

आफ्नो उमेर नपुगि विवाह भएका अधिकाँस महिलाहरु पछुताएको र आफुले ठिक समयमा विवाह गरेका कारण जीवनमा राम्रै भएको र आफ्ना छोरा छोरीहरुकालाई पनि परिपक्व उमेरमा विवाहगर्ने धारणा सहभागि महिलाहरुले व्यक्त गरे ।तर पनि परम्परा ,आदर्श, अशिक्षाको छाया भने मडारी नै रहेको कुरा तलको तालिकावाट देखिन्छ ।

ंतालिका नं १३

| सिनं | विवाहका लागि छोरीको उमेर | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | १८ वर्ष मुनि | ६ | ६ % |
| २ | १९ वर्ष देखि २०वर्षसम्म | ५० | ५३ % |
| ३ | २१वर्ष देखि २४ वर्ष सम्म | ३२ | ३३ % |
| ४ | २५ र त्यस भन्दा माथि | ७ | ७ % |

यस तालिकामा १८ वर्ष भन्दा मुनि आफ्नी छोरीको विवाह गर्ने ईच्छा राख्ने केवल ६% महिलाहरुमात्र देखिए भने तिनीहरुले १५ वर्ष मुनि आफ्ना छोरीहरुको विवाह गर्ने कुरा ठाडै अस्वीकार गरे । १७ वर्षको उमेरमा विवाह गर्न नहुने यहाँको धार्मिक विश्वासका कारण १८ वर्षमा नै राम्रो केटासँग विवाह गरिदिने विचार व्यक्त गरेको पाइयो । अध्ययन क्षेत्रका अधिकाँस महिलाहरु आफनी छोरीहरुको विवाह १९ र २० वर्षमा नै गर्न चाहन्छन् ।किन भनेर प्रश्न गर्दा उनिहरुको तर्क छ , “सरकारले पनि त्यही उमेरमा  विवाह गर भनि कानून वनाई सक्यो त्यो भन्दा मुनि गर्ने कुरा भएन त्यस उमेर भन्दा माथि विवाह गर्दा छोरीको जात माइतीमा धेरै राख्नु हुँदैन ।” यसवाट के कुरा प्रष्ट हून्छ भने अध्ययन क्षेत्रका महिलाहरु कानुनी रुपमा पनि सचेत भईसकेका रहेछन् ।५३ % महिलाहरुले आफनो धारणा यस समूहमा व्यक्त गरेका छन् । त्यस्तै ३३ % महिलाहरु आफ्ना छोरीको विवाह २१ देखि २४ वर्षको उमेरमा गर्ने इच्छा व्यक्त गर्छन् । यी महिलाहरुमा वजार क्षेत्र र गाँउमा पनि शिक्षित घरका महिलाहरुले यो विचार व्यक्त गरेको पाइयो । अध्ययन क्षेत्रका ७ प्रतिसत महिलाले भने आफ्ना छोरीहरुको विवाह २५ वर्ष भन्दा माथिको उमेरमा गरी दिने विचार व्यक्त गरे । यिनीहरुको तर्क थियो “जव सम्म वि.ए. पास हुदैनन् तव सम्म विहे नगर्ने ” यस क्षेत्रका महिलाहरुमा विवाह सम्वन्धि सचेतनामा विकास भएको कुराको आभास पाईन्छ ।

## ५.१.८ शिक्षा (Education)

वहुसंख्यक नेपाली महिलाहरु निरक्षर छन् । नेपालमा (रा ज ग २०५८) को तथ्याङ्कलाई हेर्दा ४२.४९% महिलाहरु मात्र साक्षार छन् । जवकि ६५.०३% पुरुषहरु साक्षार छन् । महिलाहरुको सामाजिक आर्थिक अवस्था दयनीय हुनको प्रमुख कारण भनेको निरक्षरता नै हो । अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्था तलको तालिका अनुसार देखिएको छ ।

**तालिका नं १३**

| सि.नं. | शिक्षा | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | एस.एल.सी. माथि | २ | २ % |
| २ | एस.एल.सी. | ८ | ८ % |
| ३ | साक्षार | ३३. | ३४ % |
| ४ | निरक्षर | ५२ | ५६ % |
| ५ | जम्मा | ९५ | १०० % |

श्रोत : फिल्ड सर्वे २०६५

यो तालिकाले अध्ययन क्षेत्रका वहुमत महिलाहरु निरक्षर रहेको वताउछ । सदरमुकाम जस्तो गाविसमा ४४% महिलाहरु मात्र लेखपढ गर्ने जान्ने हुनु भनेको धेरै होइन । यस तथ्याङ्कले जुम्ला जिल्लाका अरु गाविसका महिलाहरुको शैक्षिक अवस्था अरु खराव रहेको देखाउछ । ५६ % महिलाहरु निरक्षर हुनुको पछाडी उनिहरुमा अनौपचारीक शिक्षाका कार्यक्रमहरुको प्रभाव पनि नपरेको पाइयो ।विद्यालयमा गएका छोरीहरु पनि ठूलो संख्यामा अनूतीर्ण हुने र विद्यालय छोड्ने गरेको गनासो यी महिलाहरुको छ । चुलो चौको घाँस दाउरा र खेतीको कार्यमा संलग्न रहने यी महिलाहरु इच्छा हुँदा हँदै पनि पढ्न नसकेको वताउछन् । केवल २ प्रतिसत मात्र एस एल सी भन्दा माथि र ८ % ले मात्र एस एल सी उतीर्ण गरेको पाइयो । यस तथ्याङ्कले छोरीको शिक्षा प्रति सरोकारवालाको ध्यान नगएको पाईयो । सरकारले यस पटक ल्याएको साक्षारता अभियान अन्तरगत गाँउमा पढ्न पाईने आशा यी महिलाहरुले व्यक्त गरेका छन् ।

### ५.१.९ छोरीको शैक्षिक सुधारका लागि सहभागी महिलाहरुको सिफारिस (Recommendation made by Respondents for Improvement of Educational Condition of Women )

निरक्षरता कसरी हटाउने र तपाइहरुका छोरीहरुलाई कसरी शिक्षित वनाउने ? भन्ने प्रश्नमा उनिहरुको जवाफ यस्तो थियो ।

**तालिका नं १४**

| सि नं | वर्णन | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | निशुल्क पोषाक वितरण | २६ | २८ % |
| २ | निशुल्क शिक्षा | ५६ | ५९ % |
| ३ | महिला र गरिवहरुलाई प्राथमिकता दिनु पर्ने | ६ | ६ % |
| ४ | सम्पूर्ण कुरा निशुल्क हुनु पर्ने | ७ | ७ % |
| ५ | जम्मा | ९५ | १०० % |

श्रोत : फिल्ड सर्वे २०६५

यस तथ्याङ्कले ५६% महिलाहरु निशुल्क शिक्षाको माग गर्दछन् भने निशुल्क पोषाक हुनु पर्छ भन्ने महिलहरु २८ प्रतिसत छन् ।त्यस्तै गरिव र महिलाहरुलाई प्राथमिकता दिनु पर्छ भन्ने कुरामा ६ प्रतिसत महिलाहरु सहमत छन् । सम्पूर्ण कुरा निशुल्क भए मात्र छोरीहरु पढ्न सक्छन् भनि ७ प्रतिसत महिलाहरुले सिफारिस गरेका छन् ।यी महिलाहरुको थप तर्क छ छोरीहरुको पढाइमा साँच्चै ध्यान दिनेहो भने विद्यालयहरुमा छात्रावासको व्यवस्सथा हुनुपर्छ र त्याँहा महिला शिक्षीकाहरु पनि वस्नु पर्छ ।

### ५.१.१० पारीवारिक संरचना (Family structure)

पारिवारिक संरचनाले पनि महिलाहरुको अवस्थामा प्रभाव पारेको हुन्छ । गरिवी र मानसिक तनाव एवं कलह अथवा शान्तिपूर्ण अवस्थाहरुको सिर्जनामा पारीवारिक संरचनाले महत्वपूवर्ण भुमीका खेलेको हुन्छ । अध्ययन क्षेत्रका महिलाहरुमा ३ प्रकारका परिवारका संरचना भेटिए ।

**तालिका नं १५**

| सि नं | पारिवारिक संरचना | संख्या | प्रँतिसत |
|---|---|---|---|
| १ | एकल परिवार | ७८ | ८२% |
| २ | संयुक्त परिवार | १६ | १७ % |
| ३ | वृहत परिवार | १ | १ % |
| ४ | जम्मा | ९५ | १०० % |

श्रोत : फिल्ड सर्वे २०६५

केही वर्ष पहिले यस क्षेत्रमा अधिकाँस संयुक्त परिवार हरु पाइन्थे भने आधुनिक संचार तथा यातायातको विकासले पूँजीवादी वन्दोवस्तलाई प्रचार गरेकै कारण यहाँका संयुक्त परिवार हरु धमाधम फुटेर एकल परिवारमा परिणत भएको पाईयो ।अध्ययन क्षेत्रमा ८२% परिवारहरु एकल परिवार भेटिए भने १७ प्रतिसत संयुक्त परिवार पाइए । त्यस्तै एउटा मात्र वृहत परिवार भेटियो ।यही क्रम वढ्दै जानेहो भने संयुक्त परिवार इतिहासका पाना भित्रमात्र रहने देखिन्छ । एकल परिवारमा सुख हुने कुरा सहभागि महिलाहरुले वताए ।

## ५.१.११ परिवारको आकार (Family size)

अध्ययनमा सहभागि महिलाहरुका परिवारलाई आकारका आधारमापनि ३ भागमा वाँडियो जहाँ १देखि ५ जना सम्मको संख्यालाई सानो परिवार ६ देखि १० जना सम्मको परिवारलाई मध्यम आकारको परिवार र ११ र त्यस भन्दा माथिको परिवारलाई ठूलो परिवारकोरुपमा राखेर अध्ययन गर्दा तालिकामा यस प्रकारका परिवारका आकार पाइयो ।

**तालिका नं १६**

| सि नं | परिवारको आकार | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | सानो परिवार ( १देखि ५जनासम्म) | ४६ | ४८% |
| २ | मध्यम परिवार ( ६ देखि १० जना सम्म ) | ३५ | ३७% |
| ३ | ठूलो परिवार ( ११ जना र त्यस भन्दा माथि ) | १४ | १५ % |
| ४ | जम्मा | ९५ | १०० % |

श्रोत : फिल्ड सर्वे २०६५

यस तालिकामा ४८ % महिलाहरु सानो परिवारमा वस्छन् ।३७ % महिलाहरु मध्यम परिवारमा वस्छन् । भने १५ प्रतिसत महिलाहरुमात्र ठूलो परिवारमा वस्छन् । यस तथ्याङ्कवाट के कुरा वुझ्नु पर्ने भयो भने तालिका नं १७ वमोजिमको एकल परिवारमा पनि ६ भन्दा वढि संख्या हुने धेरै परिवारहरु रहेछन् ।

अधिकाँस महिलाले सानो परिवारमा वस्न रुचायको पाइयो । चाहेर मात्र सानो परिवार नहुने तर्कहरु ती महिलाहरुवाट आयो । छलफलमा सानो परिवार खान र लाउनको लागि मात्र हो काम गर्नका लागि त ठूलो परिवार नै राम्रो हो । भन्ने तर्कपनि उनिहरुले राखे । अन्तत सानो परिवार चाहना र ठूलो परिवार एक आदर्श मात्र रहेको पाईयो ।

### ५.१.१२ विकासका गतिविधि तथा सामाजिक संस्थामा महिलाको सहभागिता (Women’s participation in social organization and development activities)

महिलाको सँलग्नता र सहभागिता विना विकासको कल्पना गर्न सकिन्न विकासका आधुनिक अवधारणा मा wid, wad र Gad जस्ता अवधारणाहरु अगाडि आएको वर्तमान परिवेशमा महिलाहरु घरका चार दिवार भित्र सिमित रहन सग्दैनन् । तसर्थ आज महिलाहरुलाई धेरै अवसरहरु प्राप्त भएका छन् । सँघ सँस्थामा सहभागीहुँदा महिलाहरुले पढ्ने लेख्ने र केही न केही उपार्जन गर्ने अवसरहरु प्राप्त गर्दछन् । अध्ययन क्षेत्रमा महिलाहरुको संघ सँस्थामा सहभागीताको छ कि छैन भनि सोधिएपछि निम्नानुसारको अवस्था रहेको देखिएको छ ।

**तालिका नं १७**

| सि नं | सहभागिता छ ? छैन ? | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | छ । | ८४ | ८८% |
| २ | छैन । | ९ | १० % |
| ३ | थाहा छैन । | २ | २ % |
| ४ | जम्मा | ९५ | १०० % |

श्रोत:फिल्ड सर्वे २०६५

घरायसी कामवाट पटक्कै फुर्सत नपाउने र सामूहिक कार्यमा संलग्न हुन नसक्ने महिलाहरु विगत केही वर्ष देखि विभिन्न संघ सँस्थामा रहेर काम गरेका वा संगठित भएका छन् ।

भन्ने कुरा माथिको तालिकावाट प्रष्ट देखिन्छ । ८८% महिलाहरु कुनै न कुनै संघ सँस्थामा संलग्न रहेको पाइयो भने मात्र ९ प्रतिसत महिलाहरु संघ संस्थामा छैनौ भन्ने जवाफ पाइयो । र २ प्रतिसतले थाहा छैन भने वाट यस अध्ययन क्षेत्रका महिलाहरुको संघ सँस्थामा संलग्नता व्यापक मात्रामा भएको देखिन्छ । यी संघ सँस्थाहरुमा आमा समुह, महिला स्वयम सेविका , वचत समूह, कृषि समूह , सहकारी सँस्था आदि छन् भने ‘काष्डा’ नामको गैह्रसरकारी सँस्थाले प्रत्येक गाँउमा समुह गठन गरेको पाइयो । नेपालसकारको गरिवी निवारण कार्यक्रम पनि यही संस्थासंग साजेदारीमा सञ्चालन भई रहेको र त्यसको नियममा महिलाहरुलाई अनिवार्य नेतृत्वमा राख्ने प्रावधान रहेकाले महिलाहरुलाई राम्रै अवसर प्राप्त भएको छ ।

यस क्षेत्रका महिलाहरु आफ्ना समस्याहरु लिएर स्थानीय विकास अधिकारी , जि.शि.का र अन्य निकायहरुमा डेलिगेशन समेत जाने गरेको पाइयो । साथै गाँउमा जुवा तास र जाँड रक्सीको बेचबिखनको विरुद्ध पनि आवाज उठाएका पाइयो । तर महिलाको जायज काममा प्रशासन, राजनीतिक दल र अन्य निकायहरुवाट उस्तो सहयोग नभएको गुनासो यी महिलाहरुको छ । विभिन्न संघ सँस्थामा संलग्न भएतापनि गैह्र सरकारी सँस्था प्रति भने यी महिलाको राम्रो धारणा पाइएन । हाम्रो फोटो लिएर आफ्नो स्वार्थ पुरा गर्छन् भन्ने गुनासो यिनीहरुको छ । तथापी महिलाहरु यति शसक्त हुनमा ती सँस्थाहरुको भूमीकालाई नजर अन्दाज भने गर्न सकिदैन ।

## ५.२ आर्थिक पक्ष (Economic aspects)

आर्थिक पक्ष अन्तरगत अध्ययन क्षेत्रका महिलाहरुको पेशा , जमिनमा स्वामित्व , आय श्रोत ,कामको प्रकार ,र पुरुषहरुको सहयोगका वारेमा अध्ययन गरिएको थियो ।विभिन्न प्रश्नावलीहरु वनाई लिइएको अन्तरवार्तावाट संकलित तथ्याङ्कहरुले निम्नानुसारको निम्नानुसारको आर्थिक अवस्था रहेको छ ।

### ५.२.१ पेसा (Accuption)

उत्पादनका कार्यमा महिलाहरु अत्यधिकमात्रामा लागेको पाईन्छ । तर उनिहरुको श्रमवाट प्राप्त उत्पादनको मुल्य लाई मुद्रामा हर हिसाव न गरिने भएकाले महिलाहरुलाई नाम र दाम दुवै प्राप्त हुँदैन । दिनको करिव १६ घण्टा सम्म काममा व्यस्त रहने यहाँका महिलाहरुले निम्न पेसा अँगालेका छन् ।

**तालिका नं १८**

| सिनं | पेसा | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | घरधन्दा | ७ | ८% |
| २ | घरधन्दा र खेती | ७७ | ८१% |
| ३ | व्यापार | ५ | ५% |
| ४ | नोकरी | २ | २% |
| ५ | मजदुरी र अन्य | ४ | ४% |
| ६ | जम्मा | ९५ | १०० % |

श्रोत : फिल्ड सर्वे २०६५

माथिको तालिकामा ८१ प्रतिसत महिलाहरु कृषि पेसामा व्यस्त रहने र त्यसका अतिरिक्त घर धन्दामा लाग्ने गरेको पाइयो । जीवन भरी ढुङ्गा माटो सँग जुधिरहने यी महिलाहरु धान खेतीमा वीउ उमारे देखि काट्ने वेलासम्म एउटा वोटलाई ५ चोटी समात्नु पर्ने अवस्था छ । जतिसुकै परिश्रम गरेपनि खानु खाद्य र खेती गर्नु वाद्य भन्ने उखान याँहा चरितार्थ छ । यसको अर्थ केहो भने नेपाल खाद्य संस्थान को कार्यलयवाट चामल नलिए सम्म वर्ष भरि खान नपुगे पनि परम्परा देखि गरिदै आएको खेति वाद्य भएर गर्नु पर्ने यहाँको वाध्यता नै वनेको छ । खेती गर्नु भनेको खेत वारीमा काम गर्नु मात्र होइन । साँझ विहान खाने पकाउने रअन्य कामहरु पनि यिनीहरुले नै गर्नु पर्छ ।

घरमा खेतीको काम गर्ने मान्छे भएकी महिलाहरुले खेत वारीमा नगई घर धन्दामा लागेका हुन्छन् । घर धन्दा अन्तरगत खाना पकाउने , कपडा धुने, पशु चराउने , वच्चाको हेरचाह गर्ने आदि काम पर्दछन् । यस कार्य अन्तर्गत अध्ययन क्षेत्रमा ७ प्रतिसत महिलाहरु भेटिए ।

बजारको व्यवस्था धेरै पहिले देखि रहेको भएपनि यस क्षेत्रमा भरखरमात्र महिलाहरु व्यापारमा लागेका छन् । व्यापार अन्तरगत वहुसंख्यक महिलाहरु होटल व्यवसायमा छन् भने त्यस पछि किराना पसल, कपडा पसल र अन्य पसलमा छन् । अध्ययनको क्रममा ४ प्रतिसत

महिलाहरु मजदुरी गरेर जीवन यापन गर्ने गरेको पाइयो । कतिपय दलित महिलाहरु यस पेसामा रहेका पाइयो तर मजदुरीमा स्थायी रुपले लागेको पाईदैन । यिनीहरुलाई मौसमी मजदूर भन्दा फरक पर्दैन । सवै भन्दा कम महिलाहरु नोकरीमा लागेको पाइयो जम्मा २ प्रतिसत महिलाहरुमात्र यस पेशामा रहेको कुरा तालिका वाट प्रष्ट हुन्छ । तर यो सख्या प्रतिदिन वढ्दो क्रममा छ ।

व्यापार र नोकरीमा महिलाहरुको आकर्षण वढ्दैगएको देख्दा अवका केही वर्षमा कृषि पेसामा परिवर्तन आउने देखिन्छ ।

## ५.२.२ परिवारको मुख्य आम्दानी (Main source of income of family)

८१ प्रतिसत नेपालीहरुको प्रमुख आम्दानीको श्रोत खेतीपाती नै रहेको सन्दर्भमा अध्ययन क्षेत्रमापनि अर्को परिस्थिती छैन । साथै कतिपय महिलाहरुका परिवारको प्रमुख आम्दानीको श्रोत व्यापार नोकरी र ज्याला मजदुरी रहेको पाइएको छ । जुन कुरा तलको तालिका वाट प्रष्ट हुन्छ

।**तालिका नं १९**

| सि नं । | परिवारको आम्दानीको प्रमुख श्रोत | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | खेती | ५० | ५२% |
| २ | व्यापार | ९ | ९% |
| ३ | नोकरी | १२ | १३ % |
| ४ | ज्याला मजदुरी | २४ | २६% |
| ५ | जम्मा | ९५ | १००% |

श्रोत : फिल्ड सर्वे २०६५

यस क्षेत्रका महिलाहरु खेतीपाती मा नै संलग्न रहेको कुरा तालिका नं १८ वाट स्पष्ट भईसकेको छ । तर यस तालिकामा परिवारको मुख्य आम्दानी खेतीवाट घटेर गएको छ । यसको अर्थ कतिपय महिलाहरु आफु खेतीमा संलग्न रहेपनि निजका परिवारका पुरुषहरु व्यापार वा नोकरीमा लागेका हुन्छन् । खेतीवाट भन्दा त्यो परिवारमा अन्यत्र वाट वढि आम्दानी हुन्छ भन्ने तथ्य यसले देखाउछ । त्यसकारण प्रमुख आम्दानी खेतीवाट हूने ५० % महिलाहरु छन् । त्यस्तै

ज्याला मजदुरी वाट आम्दानी गर्ने महिलाहरुको परिवार २६%  छन् भने नोकरीमा १२ र व्यापारवाट प्रमुख आम्दानी हुने  ९⸝प्रतिसत महिलाका परिवारहरु छन् ।  आम्दानीलाई मुख्य आधार मान्ने होभने याँहाँ किसान र मजदुर महिलाको संख्या अधिक रहेको पाईन्छ । यिनीहरुको अवस्था दयनीय नै छ ।

### ५.२.३ परिवारको वार्षिक आम्दानी (Respondents' Gross Family Income per year)

कुनैपनि परिवारको वार्षिक आम्दानीले त्यस परिवारको आर्थिक अवस्थालाई झल्काउदछ । अध्ययन क्षेत्रका महिलाहरुका परिवारको वार्षिक आम्दानीलाई तलको तालिकामा देखााइएको छ ।

**तालिका नं २०**

| सि नं | परिवारको वार्षिक आय | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | २0000 भन्दा कम | ४९ | ५२% |
| २ | २0000देखि ५0000 सम्म | ३६ | ३८% |
| ३ | ५१000 देखि १00000 सम्म | ८ | ८% |
| ४ | १00000 भन्दा माथि | २ | २% |
| ५ | जम्मा | ९५ | १00 % |

श्रोत : फिल्ड सर्भे २०६५

नमूना लिएका महिलाका परिवारहरु मध्ये वार्षिक २0000 भन्दा कम आम्दानी हुने परिवारहरुको संख्या ठूलो छ । जुन ५२% छ । यस्ता परिवारहरुमा सालभरमा एक जार नयाँ कपडा अथवा जुत्ता फेर्न धौ धौ पर्छ । राम्रो लुगा र मिठो खाना धेरै टाढाको कुरा हुदोरहेछ । मासु चाख्न पनि दशैं कुर्नु पर्ने यी परिवारहरुको स्थिति दयनीय छ ।

त्यस पछि ३८ प्रतिसत परिवारको वार्षिक आम्दानी २0000 देखि ५0000 सम्म छ । यस समूहका परिवारहरु भने वर्ष भरी मुस्किलले खाना पुऱ्याउदछन् । चाडवाड वाहेक अघि पछि मिठो मसिनो खान यीनीहरुलाई पुग्दैन । वच्चा वच्चीहरुको शिक्षामा पनि राम्रो लगानी गर्न सग्दैनन् । ८ % महिलाका परिवारहरु भने  यहाँका हुने खाने मध्येका पर्दछन् । सारै कन्जुस्याई र

छिट्टै धनि वन्ने सपना वोकेका मध्येका यिनै परिवारका मानिसहरु हुने भएकाले महिलाहरुको स्थिति यहाँपनि राम्रो देखिदैन ।

अधिकृत वा नासु स्तरका नोकरी गर्ने वजारमा ठूल ठूला पसल भएका आई एन जि ओ हरुमा जागिर भएका परिवाको वार्षिक आम्दानी १००००० भन्दा माथि छ । यो संख्या सारै कम भए पनि यस्ता घरका महिलाहरुको अवस्था सारै सुखि र सम्पन्न छ अधिकांस मानिसहरुको आम्दानीको श्रोत कृषि नै भएको सन्दर्भमा कृषि उत्पादन हुने जमिनमा कस्को स्वामित्व छ भन्ने कुराले महत्व राख्दछ । महिलाका नाममा जग्गाको स्वामित्व नहुने भएकाले परिवारमा उनिहरुको अवस्था कमजोर हुन जान्छ । अध्ययन क्षेत्रका महिलाहरुको जमिन माथिको स्वामित्व यस प्रकारको रहेको छ ।

## ५.२.४ जमिनको स्वामित्व (Land holding pattern)

अधिकांश मानिसहरुको आम्दानीको श्रोत कृषि नै भएको सन्दर्भमा कृषि उत्पादन हुने जमिनमा कस्को स्वामित्व छ भन्ने कुराले महत्व राख्दछ । महिलाको नाममा जग्गाको स्वामित्व नहुने भएकाले परिवारमा उनिहरुको अवस्था कमजोर हुन जान्छ । अध्ययन क्षेत्रका महिलाहरुको् जमिनमाथिको स्वामित्व यस प्रकार रहेको छ ।

**तालिका नं २१**

| **सि नं** | जमिनको स्वामित्व छ ? छैन ? | **संख्या** | **प्रतिसत** |
|---|---|---|---|
| १ | छैन | ८० | ८४ % |
| २ | छ | १३ | १४ % |
| ३ | थाहा छैन | २ | २ % |
| ४ | **जम्मा** | ९५ | १०० % |

अध्ययन क्षेत्रका ८०% महिलाहरुका नाममा जग्गाको स्वामित्व छैन भन्ने जवाफ आयो । तिनीहरुको परिवारमा निर्णयक भुमिका नरहेको पाइयो । भने १३ प्रतिसत महिलाहरुसँग मात्र जमिनको स्वामित्व रहेको देखियो । तिनीहरुका घरपरिवारमा राम्रो अवस्था देखियो । कतिपयले आफ्नो नाममा जग्गा भएकोमा गर्भ गरे । भने २ प्रतिसतले जग्गाका स्वामित्व वारे आफुलाई

केहि थाहा नभएको वताए । के देखियो भने कृषि उत्पादनको महत्वपूर्ण जिम्मेवारी लिएका महिलाहरुको नाममा जमिनको स्वामित्व रहनु पर्ने अनिवार्य जस्तै देखियो ।

### ५.२.५ पुरुषहरुवाट महिलाहरुका काममा सहयोग

### (Cooperation from their male)

समाजमा महिला र पुरुषहरुले गर्ने कामहरु स्पष्ट रुपमा तोकिएका हुन्छन् । पितृसतात्मक समाजको विशेषता नै सामन्तवादी समाजको विशेषता नै हो कि महिलाहरुले घर धन्दा र पुरुषहरुले घर वाहिरको काम गर्ने । साथ साथै महिलाहरुले कृषिका कार्यहरुमा पनि सहभागी हुनु पर्ने भएकाले उनिहरुलाई दोहोरो जिम्मेवारी निर्वाह गर्नु पर्ने हुन्छ । अध्ययन क्षेत्रका महिलाहरुलाई के कति कार्य वोझ हुन्छ ? र तिनीहरुका पुरुषहरुले के कस्तो काममा सहयोग गर्दछन् ? भन्ने विषयमा छलफल गर्दा निम्नानुसारका जवाफहरु प्राप्त भए ।

तालिका नं २२

| सि नं | कामको प्रकार | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | खानापकाउने | ७ | ७% |
| २ | गाईवस्तु चराउने | १५ | १६ % |
| ३ | खेती कार्य | ५४ | ५७ % |
| ४ | कपडा धुने | ५ | ५% |
| ५ | व्यापार | ९ | १० % |
| ६ | सवैकाममा | ५ | ५ % |
| ७ | जम्मा | ९५ | १०० % |

श्रोतः फिल्ड सर्वे २०६५

यस तालिकावाट सवै भन्दा वढि ५७ प्रतिसतले उनिहरुका पुरुषहरुवाट खेतिको काममा सहयोग पाएको र खेतीवाट उत्पादन भएको अन्नले परिवार पाल्न सकिएको वताए । त्यस्तै १६ प्रतिसत महिलाहरुले उनिहरुका पुरुषहरुले गाई वस्तु चराएर सहयोग गरेको वताए भने ९ प्रतिसत महिलाहरुलाई उनिहरुका पुरुषहरुवाट व्यापारमा सहयोग भएको र व्यापारमा दुवै

जनालागेर काम गर्दा मनग्य फाइदा पुगेको वताए । त्यस पछि खानापकाएर सहयोग गर्ने पुरुषहरु ७ प्रतिसत देखिए भने ५ प्रतिसतले लुगा धोएर सहयोग गर्ने गरेको पाइयो । यस क्षेत्रमा कुनैपनि महिलाहरुले आफ्ना पुरुषहरुले सहयोग गर्दैनन् भन्न नचाहेको पाइयो यस्तो प्रश्नलाई असहभागि अवलोकनवाट अध्ययन गर्दा सवैकाममा सहयोग गर्ने भनेका पुरुषहरु नै महिलाहरुलाई कुनै काममा सहयोग गर्दा रहेन छन् । बरु दिन भरि वजारमा घुमेर साँझ घर आँउदा मदहोसमा आउने र श्रीमती तथा आमाहरुलाई दुख दिने गरेको पाइयो ।

### ५.२.६ घरायसी निर्णयमा महिलाहरुको भूमीका

### (Role of women in House Hold Decision Making)

घरको चौतर्फी विकासकालागि त्यसघरका सवै सदस्यहरुको क्षमताअनुसारको दाहित्व रहन्छ । त्यसमा पनि परिवार नामको रथ चलाउन पुरुष र महिला नामका दुवै पाङ्ग्राहरु बरावर चल्नु पर्छ । हर पल महिलाहरुको राय मात्र लिने होइन कि उनिहरुको निर्णय लाई कार्यन्वयन गरी अगाडी बढ्नु उत्तिकै जरुरी हुन्छ ।

हिन्दु समाजको आदर्श अनुसार महिलाहरुको उमेर, हैसियत र जिम्मेवारीका सिमाहरु निर्धारण गरिएका हुन्छन् । तर जनजाती हरुमा ती सिमाहरुका पहाड रहँदैनन् भन्ने कुरा विभिन्न समाजशास्त्रीय अध्ययनहरुले बताएका छन् । यस अध्ययन क्षेत्रमा लिएका नमुना सहभागीहरुलाई 'तपाईहरु घरको निर्णय प्रक्रियामा भागलिनु हुन्छ कि लिनुहुन्न' भनि सोधिएको प्रश्नको जवाफहरु यस प्रकार प्राप्त भए ।

तालिका नं २३

| सिनं | घरायसी कार्यमा | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | निर्णय लिन्छु | ५९ | ६२% |
| २ | मेरो कुरा केही लाग्दैन | ३६ | ३८% |
| ३ | जम्मा | ९५ | १०० % |

श्रोत : फिल्ड सर्भे २०६५

यस तालिकामा घरायसी कार्यमा निर्णय लिने कुरामा ६२ % महिलाहरु सहभागी हुने गरेको पाइयो यस तथ्याङ्गले अध्ययन क्षेत्रका महिलाहरु घरको निर्णयमा एकल परिवार , आफै घरमुलि

भएकी र श्रीमान श्रीमती विचमा राम्रो समजदारी भएका परिवारहरुका महिलाहरु पाइए भने वाँकी ३६ प्रतिसतमहिलाहरु (सासु ससुरा वा  जेठाजु घरमुलि हुने) परिवारमा निर्णय लिन नपाउने देखियो । कतिपय पुरुषहरुसँग राम्रो सम्वन्ध नभएका र पुरुषहरु शिक्षित भएका तर महिलाहरु अनपढ भएका परिवारका महिलाहरु यस समुह भित्र पर्दछन् ।

### ५.२.७ महिलाहरुसँग व्यक्तिगत सम्पति - दाइजो वा पेवा (Personal property of women) (DAIJO-PEWA)

विवाह हुँदा महिलाले माईतीवाट दानकारुपमा प्राप्त भई आफ्नो साथमा लिएर जाने सम्पतिलाई दाइजो भनिन्छ भने विवाह पूर्व वा पछि आफ्नो छुट्टै स्वामित्वहुने गरि कमाइएको वा प्राप्त गरिएको सम्पतिलाई पेवा भनिन्छ । नेपालको पूर्वि तराइमा  दाहिजो प्रथा सारै विकृत वनेर आएको छ । दाहिजो कै कारण कतिपय महिलाको विहे हुन सकिरहेको छैन । (उदाहरणको रुपमा नेपालगंज नगर पालिका वस्ने हास्नुन सिद्धिकी लाई कम दाइजो ल्याएको भन्ने आरोपमा जिउँदै मट्टी तेल शरिरमा खन्याएर आगो लगाएको घट्ना जुन जिल्ला अदालत बाँकेमा विचाराधिन छ) । भने कतिपयको विहे पछि पनि कम दाइजो ल्याएको भनि प्रताडित हुन्छन् । साथै दाइजो प्रथा घरेलु हिंसाको एक प्रमुख कारण भएको छ ।

अध्ययन क्षेत्रमा दाहिजो प्रथा विकृत छैन वरु एउटा विशिष्ठ सँस्कृति र परम्परागत मूल्य र मान्यतालाई निरन्तरता दिइएको छ । यहाँ दाइजो भन्नासाथ विहे गर्दा बेहुलीको साथमा दिइने एकसरो साधनहरु :- जस्तै : भाँडाकुँडा (हुड्डा, खड्कुला, थाल, गिलास, लुगा फाटो ओड्ने ओछ्याउने आदि) तथा लगाउने कपडाहरु ,पशुवस्तुहरु -गाई भैंसी ,घोडा आदि लाई वुझिन्छ । यस प्रकारका सर समानहरु स्वेच्छिक मात्र हुन्छन् । सामाजिक प्रतिष्ठा वाहेक यहाँ दाइजोले कुनै महत्व राख्दैन । दाइजो दिएर दुलाह पक्षलाई खुसी पार्नु भन्दा लाडु र अर्सा ( महमा मुछेर घिउमा पकाएको मिठाई) टक्रयाएर दुलही पक्षलाई खुसी पार्नु यहाँको विशेषताहो । तर पनि संचार र यातायातको विकासले यी परम्परामा केही प्रभाव भने परेकै देखिन्छ । सहभागि महिलाहरुसँग दाइजो पेवाको स्थिति के छ ? भनि सोधिएकोमा यस्तो जवाफ प्राप्त भयो ।

तालिका नं २४

| सि नं | वर्णन | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | दाहिजो पेवा छैन | ३१ | ३३% |
| २ | छ | ६४ | ६७% |
| ३ | जम्मा | ९५ | १०० % |

श्रोत : फिल्ड सर्वे २०६५

यस तालिकाले दाइजो पेवा छैन भन्नेको संख्या ३३ प्रतिसत देखियो । छ भन्नेको संख्या ६४ प्रतिसत देखियो । किन ती महिलाहरुसँग दाइजो वा पेवा छैन भनि व्यापक छलफल गर्दा 'उरालु' पोइल गएकी - ( प्रेमविवाह गरेर गएकी ) वा दोश्रो विवाह गरेकी महिलाहरु र विवाह गर्दा दाइजो ल्याएकी तर घर छुट्टिइ भिन्न हूँदा वा पशु धन भए नास भई सकेको अवस्थामा दाइजो छैन भन्ने जवाफ आएको देखियो । वहुमत महिलाहरुसँग अर्थात ६७ प्रतिसत महिलासँग दाइजो छ र उक्त दाइजोसँग माईतीको भावनात्मक सम्वन्ध रहेको देखियो । यसर्थ यहाँ दाइजोले महिलाको माइतीको सम्झना वाहेक उत्पादन र जीवन निर्वाहका साधनकोलागि त्यति ठूलो महत्व राख्दैन ।

अध्याय ६ (छ)

## ६.१ सारांस **Summary**

मानव विकास सुचकाँकमा तल परेका एसियाइ देशहरु मध्ये नेपाल पनि एक हो । महिलाहरुको दयनीय स्थीती यसको एउटा कारण हो । महिलाको अवस्था नाजुकभए पनि राष्ट्रिय उत्पादनमा उनिहरुको भुमिका अहम छ । दुखको कुरा उत्पादनका साधनहरुको स्वामित्वमा भने महिलाहरुको पहुँच छैन । नेपालमा महिलाहरुलाई शसक्त वनाएर सामाजिक , र अर्थिक विकासमा सहभागी वनाउन सकिएको छैन ।

हुनत यस अघि नेपाल एक हिन्दु धर्म सापेक्ष राष्ट्र थियो । तर आज एक धर्म निरिपेक्ष राष्ट्रमा परिणत भईसकोको छ । धर्ममा प्रभावित विश्वका विभिन्न देशहरुमा छोराको सर्वोच्चता देखिन्छ । धर्महरुमा पनि महिला शसक्तिकरणकालागि उच्च आदर्शहरु पनि नभएका होइनन् । छोरिहरुलाई अर्काका घर जानै पर्ने र वुढेसकालमा वा आमालाई छोराहरुले नै पालन पोषण गर्नु पर्ने र मरिसके पछिपनि छोराले नै काजक्रिया गर्नु पर्ने जस्त धर्मान्धताका कारण सवैमा छोराको चाहाना हुन गएको हो. । यही भावनाले नेपालीहरुको सम्पुर्ण जीवनमा प्रभाव पर्दछ । पैत्रीक सम्पती माथि छोराको अधिकार हुनु , विवाह पछि महिलाको थर मा परिवर्तन गरि पतिको थर जोड्नु । वच्चाको स्याहार सुसार आमाले मात्र गर्नु । आदि विभेदपूर्ण दृष्टान्तहरु नै नेपाली महिलाहरुका समाजिक तथा आर्थिक समस्याका कारण भएकाले तीनको निराकरण नगरि ५१ प्रतिसतको संख्या ओगटेका नेपाली महिलाहरुलाई राष्ट निमार्णमा सहभागि गराउन सकिदैन ।

देशको विकट कणार्ली अन्चल र जुम्ला जिल्लाकै पनि सदरमुकाम रहेको यस चन्दननाथ गा वि स का महिलाहरुको सामाजिक र आर्थिक स्थिति पत्तालगाउन २०६५ साल आश्विन महिना देखि मंशिर महिना सम्म पुरा ३ महिना अध्ययन गरिएको थियो । यस गाविसमा हिन्दु , वौद्ध , इसाई का साथै थोरै संख्यामा मुसलमान पनि छन् । यस गाविसका १३९३ घर धुरी मध्ये हरेक वडाहरुवाट कम्तीमा १० वटा घरहरुका महिलाहरु नमुनाका रुपमा लिई जम्मा नौ वडाका ९५ जना महिलाहरुलाई समावेश गरिएको थियो । वहुसंख्यक हिन्दुहरुको वाहुल्यता रहेको याँहा व्यापारकालागि नेपालगँजवाट आएका थोरै मुसलमान , मुगु जिल्लावाट वसाई सरी आएका भोटेहरु र हिन्दु वावु आमाका इसाइ सन्तानहरु छन् ।

यहाँ प्रमुख जातिहरुमा वाहुन , क्षेत्री ,र दलितहरु छन् भने नेवार ,गुरुङ्ग, मगर भोटे आदि जनजातीहरु छन् । यस अध्ययनमा प्रतिधित्व गर्ने महिलाहरुको उमेर १६ वर्ष देखि ६५ वर्ष सम्मको छ । तीनलाई तीन समुहमा वाँडिएको छ ।

साक्षारता दर यस गाविसमा कर्णाली अन्चलका अन्य गाविसमा भन्दा माथि (३३% छ । तर देशको् साक्षारता प्रतिसत भन्दा ९ प्रतिसतले कमि छ । यस .एल .सी पास भन्दा माथि २ जना मात्र महिलाहरु सहभागी हुन सके. भने यस एल सी पास सम्मका ४ जना महिलाहरुमात्र सर्वेक्षणमा परे ।

निर्मित प्रश्नावलीको प्रयोग गरि अन्तरवार्ता लिइनुका साथै वहुविधि वाट तथ्याङ्क संकलन गिएको थियो । अध्ययन क्षेत्रका महिलाहरु कृषि तथा घरेलु कामका अतिरिक्त व्यापार , नोकरी ,र पशुपालनमा पनि संलग्न रहेको पाइयो । भने दशैं , तिहार लोसार आदि चाड पर्वका अतिरिक्त तीज ,तागा आदि महिलाका छुट्टै चाड पर्व हुन् । निर्णय प्रक्रियामा महिलाहरुको sxeflutf कम देखिन्छ । त्यस्तै पुरुषहरुवाट सहयोग कम देखियो । कडा मिहनद गरेपनि मुल्यमा भजाउन सकिने काममा महिलाहरु पछिनै छन् । संघ संस्था र समुहमा महिलाहरुको सहाभागित उल्लेख्य छ । र यो क्रम वढ्दो छ । यहि क्रम वढ्दै गएमा महिलाहरु स्वतन्त्र र आत्म निर्भर वन्ने छन् । तर व्यक्तिगत सम्पतीको अन्त्य र सहकारीता मुलक आर्थिक क्रियाकलाप सञ्चालन हुन जरुरी छ ।

## ६.२ निश्कर्ष **Conclusion's**

यो अध्ययनवाट निम्न निकर्षहरु निकालिएको छ ।

१. उपाध्याय वाहुनको समुदायमा १४ वर्ष भन्दा कम उमेरमा छोरीहरुको विहे गरिएको पाइयो । जातीय अहंकार र कठोर आदर्शहरु त्यसका कारणहरु हुन् भने अशिक्षा , गरिवी अस्वस्थता , आदि त्यसका परिणाम हरु हुन् ।

२. वहुसंख्यक छोरीहरुको विवाहको निर्णय तिनीहरुका वावु आमा र नातेदारहरुले गर्दछन् ।

३ छोरीहरुको विवाह परिपक्व उमेरमा गर्नु पर्दछ भन्ने चेतनामा विकास भएको छ ।

४ . छोरीहरुको शिक्षाकालागि महिलाहरु सचेत भएका छन् ।

५ सानो परिवार नै सुखि परिवार हो भन्ने कुरामा सवै महिलाहरु सहमत छन् ।

६ संघ सँस्थाहरुमा महिलाको सहभागिता वढ्दो छ ।

७ वहुसंख्यक महिलाहरु खेती पातीमा संलग्न छन् । तर उत्पादन कम हुने र कडा परिश्रम गर्नु पर्ने भएकाले गरिवि व्याप्त छ । र जीवन कष्टपूर्ण छ ।

८ वार्षिक २०००० भन्दा कम आम्दानी हुने परिवार हरु आधा भन्दा बढि छन् ।

९ महिलाका नाममा जग्गाको स्वामित्व छैन ।

१० वयस्क भन्दा युवा पुरुषहरुले महिलाको काममा सहयोग गर्दैनन् ।

११ दाहिजो सामाजिक समस्या नभई परम्परा र माइती प्रतिको भावनात्मक पक्षको प्रतिविम्व हो ।

१२ महिलाहरु दुखि विरामी पर्दा तिनका पुरुषहरु द्धारा राम्रै सहयोग र सेवा हुने देखियो ।

१३. तागा यस क्षेत्रका महिलाहरुको मौलिक चाड देखियो जुन दिन पुरुषले हेर्ने र महिलाले खाने दिनका रुपमा चिनिन्छ ।

१४. महिलाहरुको सरकारी जागिरमा पहुँच एकदमै कम देखियो ।

१५. महिलाहरु साक्षार वन्न निकै लालायित छन् तर आवश्यक सहयोग कहिँ कतै वाट भएको देखिएन ।

## ६.३ सिफारिस तथा सुझावहरु Recommendation

यो सोध पत्र Master's Degree in sociology को प्रयोजनकालागि व्यक्तिगत लगानीमा तयार पारिएको भए पनि निरन्तर ३ महिनाको अध्ययन र फिल्ड भ्रमणवाट प्राप्तभएका उपलब्धिहरु यस क्षेत्रमा महिलाहरुको अवस्थाको अध्ययन र सुधार गर्न चाहने जो सुकैकालागि लाभदायिक हुने छन् ।

१. रुढिग्रस्त भावना र धमान्धताका कारणले महिलाहरुको विवाह सानै उमेरमा गरिन्छ । यसलाई निर्मुल पार्ने एक मात्र विकल्प भनेको शिक्षा हो । यसकालागि अनिवार्य र निशुल्क शिक्षा को व्यावस्था हुनु जरुरी छ ।

२. कानुनले तोकेको उमेर १८ वर्ष भन्दा पहिल्यै वाल विवाह गरिने भएकाले यसमा प्रहरी , प्रशासन , राजनीतिक दल , मानव अधिकार कर्मी समाजका सवै नागरिकहरु सचेत भई

आ आफ्नो जिम्मेवारी निर्वाह गर्नु पर्छ । अपराध गरि सके पछि पनि मेलपिलाप वाट दोशी

उम्काउने परिपाटीको अन्त गरिनु पर्छ ।

३. कानुनले तोकेको उमेर नै परिपक्व उमेर नभएकाले २१ वर्ष पुगिसके पछि मात्र विवाह गर्ने कानुनी व्यवस्था गरिनु पर्ने ।

४. हरेक वडाहरुमा शिशुसाला र वालोद्यानको व्यवस्था गरिनु पर्छ । सार्थ निरक्षरता हटाउन प्रौढ शिक्षा र महिला शिक्षाको कक्षाहरु संचालन गरिनु पर्छ ।

५ महिलाहरुले गर्ने सवै कामको पमुल्याङ्कन मुद्रामा गरिने परिपाटी सुरु गरिनु पर्छ । खाना पकाएको , दाउरा र स्याउला संकलन गरेको , पशु चराएको । , आदि काम गर्दा कति मुल्य हुन्छ भन्ने वहस हरेक घर परिवारमा चलाउनु पर्छ ।

६ परम्परागत खान पिन र परिकारहरुमा परिवर्तन गरिनु पर्छ । महिला स्वास्थ्यलाई ध्यानमा राखि खाद्य परिकार हरु वनाइनु पर्छ ।

७ महिलाहरुको स्वास्थ्य सुधारका लागि चिकित्सकहरुले घर दैलो कार्यक्रम वा गाँउ घर क्लिनिक संचालन गरिनु पर्छ ।

८ एकल परिवारको अवधारणा तिव्ररुपमा विकास भइ रहेकाले समाजका वृद्ध महिलाहरुले वुढेस कालमा दुख पाउने हुँदा हरेक वडाहरुमा वृद्धाश्रमहरु स्थापना गरिनु पर्छ ।

९ यस अध्ययन क्षेत्रका केटा केटीहरुलेमा वाहिर जिल्लामा विहे गर्ने क्रम तिव्ररुपमा वढिरहेकाले याँहाको मौलिक सँस्कृति लोपहूने खतरा छ । यसलाई वचाउनकालागि विद्यालय स्तर देखिनै सँकृती कक्षा र पाठय पुस्तकहरु संचालन गरिनु पर्छ ।

१० वावु आमाले सम्पति आफ्ना छोराहरुलाईमात्र होईन छोरीहरुलाई पनि आफु जीवीत छँदै वाँडि दिनु पर्छ ।

११ महिलाहरुलाई सरकारी जागिरमा लगाउनु पर्छ । खालिएका सवै विज्ञापनहरुमा ५१र ५० को सुत्र लगाइनु पर्छ ।

१२ महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थालाई सुधार गर्न हरेक नीति निर्माण तथा कार्यनोयनको तह सम्म महिला सहभागितालाई अनिवार्य गरिनु पर्छ ।

१३ विभिन्न जाती र क्षेत्रका आधारमा पछि परेका महिलाहरुलाई अघिवढाउन आरक्षणको व्यवस्था गरिनु पर्छ । त्यस्ता आरक्षणहरुको प्रमुख आधार आर्थिक अवस्थालाई वनाइनु पर्छ ।

१३ वि ए गरेर मात्र विहे गरौ भन्ने नारा लाई व्यापक वनाइनु पर्छ ।

१४ पढेकाले काम गर्नु हुँदैन भन्ने भावनालाई निरुत्साहीत पार्न कामगर्दै सिक्दै गर्ने । उत्पादनका लागि शिक्षा वा शिक्षालाई उत्पादन श्रमसँग जोड्ने शिक्षा नीति लागु गरिनु पर्ने ।

१५. अपाङ्ग असहाय महिलाहरुलाई अति खतराको सूचिमा राखेर सरकारी सेवा सुविधाहरु वितरणको व्यवस्था मिलाउनु पर्छ ।

# अन्तरवार्ता सूचि

## क) जानसंख्यकीय पक्ष

१ .नाम :

२ जातः

३ उमेरः

४ पेसाः

५ धर्मः

६ भाषा - (मातृभाषा)

७ परिवार संख्या :

८ पारिवारिक अवस्था :

| सि नं | घरको सवन्ध | उमेर | लिङ्ग | वैवाहिक स्थिति | शिक्षा | पेसा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

१ तपाई घरको के हुनु हुन्छ ?

क ) आमा

ख) छोरी

ग) वुहारी

घ) भाई वुहारी

ङ.) अन्य

ख) शैक्षिक पक्ष

१ शैक्षिक पृष्ठभुमि

क) साक्षार　　　　　　　　　ख) निरक्षर

ग) माध्यमिक　　　　　　　　घ) यस एल सी पास

ङ) एस एल सी भन्दामाथि

२ के तपाई यो भन्दा अगाडि पढ्न चाहनुहुन्छ ?

क) चाहन्छु　　　　　　　　ख) चाहदैन

३ के तपाई शिक्षा नै महिलाको सामाजिक जीवनको मुख्य तत्व हो भन्ने सोच्नुहुन्छ ?

क) लाग्छ ।　　　　　　　　ख) लाग्दैन

४. केटीहरुको शिक्षालाई प्रभावकारी वनाउन के गर्नू पर्ला ?

क) पोषाक　　　　　　　　　　　　ख) निशुल्क

ग) महिला र गरिववलाई प्राथमिकता दिनुपर्छ　　घ) अन्य

ग) आर्थिक पक्ष

तपाईको परिवारको मुख्य आम्दानी के हो ? र खर्च कसरी गर्नुँ हुन्छ ?

| सि नं | आम्दानीको प्रमुख श्रोत | वर्षिक आम्दानी | खर्च |
|---|---|---|---|
| १ | कृषि | | |
| २ | नोकरी | | |
| ३ | व्यापार | | |
| ४ | अन्य | | |

२ तपाइको परिवारमा कस्ले कमाउनु हुन्छ ?

३ तपाईको परिवारमा तपाईलाई पैसा खर्च गर्ने अनु मति छ कि छैन ?

क) छ　　　　　　　　　　ख) छैन ।

४. तपाईको नाममा जग्गा जमिन छ ?

क) छ ।　　　　　　　　　ख) छैन ।

छ भने कस्तो जमिन हो भन्नुहोस ?

५ के तपाईले कुनै संघ सँस्थावाट कुनै खालको ऋण लिनु भएको छ ?

क) लिएकी छु    ख) लिएकी छैन

छु भने खुलाउनु होस

क) व्यक्तिगत साहुसँग    ख) कृषिविकास वैङ्कवाट

ग) साना किसान विकास कार्यक्रमवाट    घ) अन्य श्रोत वाट

६ तपाईसँग दाइजो वा पेवा केही व्यक्तिगत सम्पति छ ?

क) छ ।    ख) छैन

७) तपाई आफ्नो परिवारमा निर्णय लिने प्रक्रियामा सहभागि हुनुहुन्छ ?

क) हुन्छु    ख) हुँदैन

## घ) सहभागिता

१ तपाईको गाँउमा कुनै सामाजिक संस्थाहरु छन् ?

क) छन्    ख) छैनन्

ग) थाह छैन

२ के तपाई कुनै सँस्थाको सदस्य हुनुहुन्छ ?

क) छु ।    ख ) छैन ।

ग) थाह छैन ।

३ तपाईको सँस्थामा पुरुष र महिलाहरुलाई समान सहभागिताको मौका दिइन्छ ?

क) दिइन्छ ।    ख) दिइदैन ।

ग) थाह छैन ।

४. पुरुषहरुले महिला आवाजलाई महत्व दिन्छन् कि दिदैनन् ?

क) दिन्छन्    ख) दिदैनन्

ग ) थाह छैन

५ के तपाई आफ्ना समस्याहरु निर्धक्कसँग राख्न सक्नुहुन्छ ?

क) सक्छु ।    ख) सग्दैन ।

६ त्यस सँस्थामा महिला सहभागितामा सुधार गर्ने विषयमा कुनै छलफल हुन्छ ?

क) हुन्छ ।    ख) हुँदैन ।

ङ.) सामाजिक पक्ष

१ महिलाको विवाहको उमेर कति हुनु ठिक हो ?र तपाईले कति वर्षको उमेरमा विवाह गर्नु भयो ?

क) विवाहको उमेर ख)आफुले विवाह गरेको उमेर

२ तपाईको विवाहको निर्णय कस्ले गरयो ?

क) आमा वावुले ख ) नातेदार हरुले

ग) म आफैले घ) साथिहरु वा अन्यले

३ विवाह भन्दा पहिले श्रीमानलााई देख्नुभएको थियो ?

क ) देखेकी थिएँ । ख ) थिइन ।

४ विशेष अवसरमा तपाई आफ्ना छिमेकीहरुसँग सहयोग आदन प्रदान गर्नुहुन्छ ?

क ) गर्छु ख) गर्दैन

५ तपाईको श्रीमान वा परिवारका अन्य पुरुषहरुले तपाईको घरको काममा सहयोग गर्नु हुन्छ ? गनुहुन्छ भने कस्तो प्रकारको काममा सहयोग गर्नु हुन्छ ?

क ) गर्नु हुन्न ख) गर्नु हुन्छ ।

: खानापकाउन

: गाई वस्तु चराउन

: कृषि

: ज्यालादारी श्रम

: कपडा धुने काममा

: अन्य काममा

६ तपाईको आफ्नो छुट्टै कुनै चाड पर्व छ ? छ भने नाम भन्नुहोस् ।

क) छ । नाम ख) छैन ।

**महिला सम्बन्धी १५औं जिल्ला परिषद जुम्लाको भावी नितिगत निर्णय :**

१. सवै क्षेत्रमा महिला सहभागिता ५०% पुऱ्याउने र यसका लागी जिल्ला स्तरबाटै आवश्यक पहल गर्ने ।

२. महिला माथी हुने घरेलु तथा सामाजिक हिंसा लाई नियन्त्, निरुत्साहित गरिने ।

३. सम्पतिमा महिलाको समान अधिकारको प्रत्याभुतिका लागी पहल गरिने ।

श्रोत :- वार्षिक जिल्ला विकास योजना २०६५/०६६

## ९.२ अध्ययन क्षेत्रका महिलाहरुले विभिन्न अवसरमा गाइने गित हरु :

### ९.२.१. रोपाईको बेला गाइने गित :

ऋतुरानाय, भिट्टा पाती पलाई गयो ऋतुरानाय ।
घाडा मौरी ठन्कीगयो ऋतुरानाय ॥
मासमास माघ मास ऋतुरानाय ।
घाडी प्याउरे फुली गयो ऋतुरानाय ॥
ऋतु ऋतु आइर गयो ऋतुरानाय ।
किर वोव सौंरायनन् ऋतुरानाय ॥
छ छ मास भेट्न आउँला ऋतुरानाय ।
बज्यू सौंराइ लाग्यो न की ऋतुरानाय ॥
बाबा सौंराइ लाग्यो न की ऋतुरानाय ।
आमा सौंराइ लाग्यो न की ऋतुरानाय ॥
दाज्यु सौंराइ लाग्यो न की ऋतुरानाय ।
भाउज्यु सौंराइ लाग्यो न की ऋतुरानाय ॥

### ९.२.२. रोपाई व्यवस्थापनको गित :

बयाललुडिय ।

बयल जति फिरी गया बयाललुडिय ॥

कतिसय हलि वाउसे बयाललुडिय ।

कतिसय रोपनेरी बयाललुडिय ॥

हलि वाउसे भोकाइ गय बयाललुडिय ।

X X X

काँछ जीयइ अन्निडालो बयाललुडिय ॥

काँछ जीयइ डौटीटालो बयाललुडिय ।

खाट भित्र जिरे नुन बयाललुडिय ॥

सोह्रसय हलिवाउसे बयाललुडिय ।

### ९.२.३ विवाह गर्दा गाइने गित मागंल :

चिनेउकी चिनेनौ छिता को हुन रामचन्द्र ।

जैखा मुड भालरिय उही हुन रामचन्द्र ॥

चिनेउकी चिनेनौ छिता को हुन रामचन्द्र ।

जैखा हुनन् सोल श्रृगार उही हुन रामचन्द्र ॥

चिनेउकी चिनेनौ छिता को हुन रामचन्द्र ।

जैखो होला हाँस राउटे उही रामचन्द्र ॥

चिनेउकी चिनेनौ छिता को हुन रामचन्द्र ।

### ९.२.४ छोरी विदाईमा गाइने गित :

चेली लागिन् परदेश ।

बाबाको दरवारै छुट्यो चेली लागिन् परदेश ॥

दाजुको दरवारै छुट्यो चेली लागिन् परदेश ।

भाउज्युको दरवारै छुट्यो चेली लागिन् परदेश ॥

बोवको दरवारै छुट्यो चेली लागिन् परदेश ।
बज्यूको दरवारै छुट्यो चेली लागिन् परदेश ॥
बन कोइली रुन लागिन चेली लागिन् परदेश ।
धेला जाडे भुक्न लाग्यो चेली लागिन् परदेश ॥
लासघोडो राम्न लाग्यो चेली लागिन् परदेश ।
आँगन भैंसी राम्न लाग्यो चेली लागिन् परदेश ।
गोठ कैलु राम्न लागिन चेली लागिन् परदेश ॥

### ९.२.५ **दशैंको मागंल गित :**

काँर उब्जीन काँर उब्जीन नौदुर्गा भुवानी ।
भित्रमुगु छाँया क्षेत्र ऋणी मच्छे पाट्न ॥
आओ आओ बहिनालायौ तुमी बैनी काँहा वस् मालिका मालिका ।
आफु रोज्यौ दाज्यु नवै रंगे माडु ॥
हामी फाल्यौ काष्टै र पाटन ।
आफु रोज्यौ दाज्यु नवै र जात्तु ॥
हामी फाल्यौ नगर खवर ।
वर्ष दिनको भेट्न आउँला बैनी
यतै बस् ॥

### ९.२.६ **सानै उमेरमा बिहे गरी गएकी चेलीको गित :**

बाट थी चौतारो पानीको धारो उही माथि बडको रुख
मुड र डवटी लोकले देख्छ को देख्छ मनको दुख
बाट थी चौतारो पानीको धारो उही माथि बडको रुख
चौबन्दी चोलो लोकले देख्छ को देख्छ मनको दुख
बाट थी चौतारो पानीको धारो उही माथि बडको रुख
नाकको नथन लोकले देख्छ को देख्छ मनको दुख
बाट थी चौतारो पानीको धारो उही माथि बडको रुख

आँखाको गाजल लोकले देख्छ को देख्छ मनको दुख

बाट थी चौतारो पानीको धारो उही माथि बडको रुख

हातका बाला लोकले देख्छ को देख्छ मनको दुख

बाट थी चौतारो पानीको धारो उही माथि बडको रुख

टाटुका माला लोकले देख्छ को देख्छ मनको दुख

बाट थी चौतारो पानीको धारो उही माथि बडको रुख

### ९.२.७. **<u>माइतीघरमा आफन्त नभएकी छोरीको गित :</u>**

दर्जीको कुसुमे रुमाल धारो तुरुतुरु

माइत हाम्रा बोव छैनन् रुन्छौ धुरुधुरु

दर्जीको कुसुमे रुमाल धारो तुरुतुरु

माइत हाम्रा बाबा छैनन् रुन्छौ धुरुधुरु

दर्जीको कुसुमे रुमाल धारो तुरुतुरु

माइत हाम्रा दाज्यु छैनन् रुन्छौ धुरुधुरु

दर्जीको कुसुमे रुमाल धारो तुरुतुरु

माइत हाम्रा भाइलु छैनन् रुन्छौ धुरुधुरु

दर्जीको कुसुमे रुमाल धारो तुरुतुरु

माइत हाम्रा भतिजा छैनन् रुन्छौ धुरुधुरु

### ९.२.८ **<u>साथी सँग बिछोड हुँदाका गित हरु :</u>**

१. फुल फुल्लो छ फल लाग्दैन पाटन बुकीको

तेरा पथ म छु भन्ने कोही छैन दुखीको

२. जुन छन्जइ जुनेली रात मा छन्जइका माइत

आइजा काल लैजा मलाई यस्तो भया चाही त

३. अहिले हाट गोला गाट भरानो मानो छ

बाली बैंसे घरवार छुट्यो के गरी खानु छ

४. ल्याओ भाउज्यु तेल काइयो कोर नन्द केश

रात दिन रोयइ कि साथी परदेश

अध्याय ६

**प्रमुख पाँच जातजातिको जनसंख्या प्रतिसतमा**

| क्षेत्री | व्राह्मण | सार्की | ठकुरी | कामी |
|---|---|---|---|---|
| ६३.१२ | ९.५४ | ६.६४ | ५.७६ | ५.१८ |

श्रोत राष्टिय जन गणना २०५८

प्रमुख पाँच भाषा वोल्नेको संख्या प्रतिसत

| नेपाली | मगर | भोटे | मैथली | हिन्दी |
|---|---|---|---|---|
| ९६.६७ | ०.५४ | ०.८६ | ०.१३ | ०.०४ |

पशु पंछि संख्या (२०५८/५९)

गाई भैसीको संख्या ८३६३

भेडा वाखाको संख्या १४२२४४

हाँस कुखुराको संख्या ६४९४२

| | | |
|---|---|---|
| ५. | कनका सुन्दरी भगवती मन्दिर | कनका सुन्दरी गा.वि.स. |
| ६. | चिमारा मालिका मन्दिर | चिमारा लेक |
| ७. | शिव मन्दिर | दानसाँघु |
| ८. | ठाकुर ज्यू मन्दिर | कार्तिक स्वामी |
| ९. | विष्ट ज्यू मन्दिर | " |
| १०. | सिस्ने हिमाल | सिस्ने |
| ११. | भण्डार वन | हाँकु |
| १२. | राक्षस वन | " |
| १३. | पातरासी हिमाल (६३८७मी.) | पातरासी |
| १४. | पातोपानी | तातोपानी |
| १५. | हुड्के दह | हाँकु |
| १६. | गिडिदह | " |
| १७. | गिडीदह कलर चेन्ज | " |
| १८. | जोगीनी दह | " |
| १९. | भच्चीने झरना | पडमारा वाता |
| २०. | पड्किने ताल | पातरासी |
| २१. | विराट दरबार | बिराट |
| २२. | पाण्डव गुफा | पाण्डव गुफा |
| २३. | केदारनाथ वारे | नराकोट |
| २४. | कालिका मालिका | सनिगाउँ १ |
| २५. | महादुवाडा मन्दिर | धापा ९ |
| २६. | रोपनी भगवती | धापा ८ |
| २७. | थार्पिवाडा मालिका | धापा २ |

२८. गणेश थान गुफा — कार्तिक स्वामी

२९. सिद्ध गुफा — कार्तिक स्वामी २

३०. लामा विस्ना — बड्की ९ ओदी

३१. कैलाश — सनिगाउँ ३

३२. नैनेल — सनिगाउँ २

**दशौ योजनामा जुम्ला जिल्लाको वार्षिक कृषि उत्पादन खाका :-**

विभिन्न बालीहरुको उत्पादन तथा क्षेत्रफल

| क.सं. | बाली | एकाई | वर्ष ०५८/०५९ | वर्ष २०६३/०६४ | घटि वढि प्रतिसत |
|---|---|---|---|---|---|
| १ | खाद्यान्न | क्षेत्रफल | १८५२५ | १८४५७ | – ०.३३% |
| | | उत्पादन | २२३०५ मे.ट. | ३३२२४ मे.ट. | +२३ |
| | | उत्पादकत्व | १.४२ | १.८ | +२३ |
| २ | तेलहन | क्षेत्रफल | ४५ | ३७ | –१५ |
| | | उत्पादन | ३६ | ३७ | +२.७ |
| | | उत्पादकत्व | | | |
| ३ | दालबाली | क्षेत्रफल | २४०० | २७५० | +१४.५८ |
| | | उत्पादन | ३८४० | ५५०० | +४३ |
| | | उत्पादकत्व | १.६ | २ | +२५ |
| ४ | आलु | क्षेत्रफल | २५२० | २७६४२ | +२१ |
| | | उत्पादन | २२६८० | २७६४२ | +२१ |
| | | उत्पादकत्व | ९ | १०.२ | +१३.१३ |
| ५ | तरकारी | क्षेत्रफल | १२० | २४० | +१०० |
| | | उत्पादन | ३६० | १३२० | +३०० |
| | | उत्पादकत्व | ३ | ५०५ | +८३.३३ |
| ६ | फलफुल | क्षेत्रफल | १५४० | १९६३ | +२७.४६ |
| | | उत्पादन | ४६२० | १०७९६ | +१३३.६७ |
| | | उत्पादकत्व | ३ | ५.५ | +८३.३३ |
| ७ | मसलाबाली | क्षेत्रफल | ४५ | १०१ | +२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उत्पादन<br>उत्पादकत्व | १.७<br>७६.५ | २<br>२०२ | +१७.६४<br>+१६४ |
| ८ | अन्य फापर ,<br>चिनु , लट्टे | क्षेत्रफल<br>उत्पादन<br>उत्पादकत्व | १००८<br>११०८<br>१.१ | ११६१<br>२४३६<br>२.१ | +१५<br>+१२०<br>+९० |

श्रोत : कृषि विकास कार्यक्रम तथा तथ्यांकको एक झलक २०६४/०६५

# सन्दर्भ सामग्री **Bibliogrophy**


१ आचार्य मिना १९८१ नेपाली महिलाहरुको अवस्था त्री वि वि काठमाण्डौ

२ अर्याल डि . १९९० सार्क महिला र नेपाल ववर महल काठमाण्डौ

३ वेनेट एल . १९८० परम्परा र नेपाली महिलाको कानूनी अवस्थामा परिवर्तन ।

४. राष्ट्रिय जनगणना २०३८,४८,र २०५८ का प्रतिवेदनहरु केन्द्रीय तथ्याङ्क विभाग काठमाण्डौ

५. सि.इ.आर.आइ.डि.१९९२ चेलीवेटी कार्यक्रम एक अध्ययन त्रि.वि.वि काठमाण्डौ ।

६. गांधी एम.के. १९३१ यौङ्ग इण्डिया न्यू दिल्ली

७. न्यौपाने एम.१९८२ घरायसी निर्णयमा महिला सहभागिता

८. नेपाल नवौं ,दशौं पञ्चवर्षिय योजना

९. सुज .१९८० समकालिन भारतका महिलाहरु मनोहर पब्लिकेशन न्यू दिल्ली

१०. सेडोना डि.१९८७ नेपालको गरिवीको अवस्था ओ.यू.पि न्यू दिल्ली

११. श्री शक्ति १९८०–१९९३ महिला विकास र प्रजातन्त्र

१२. श्री शक्ति १९८०–१९९५ महिला विकास र प्रजातन्त्र

१३. सिंह यस १९९५ नेपालका महिलाहरुको तथ्याङ्क विवरण

१४ सुवेदी पी.१९९३ नेपाली महिला उठ्दैछन् ।

१५. युनिसेफ १९९२ नेपालका महिला र वालवालिका एक विश्लेषण

१६. सं.रा.संघ १९७०—१९९०

१७. आचार्य वलराम २००६ लैगिक अध्ययन

१८ रत्नाकर देवकोटा वृहत जुम्ला राज्यको ऐतिहासिक विभेचना

१९ कृषि विकास कार्यक्रम तथा तथ्याङ्क एक झलक २०६४/०६५

२०. वार्षिक प्रगति विवरण आ.व. २०६४/०६५

२१ दलित सेवा संघ जुम्ला जातिगत विवरण २०६४/०६५

२२. जि.शि.का.जुम्ला शैक्षिक ब्रुसर २०६५

२३ महिला विकास कार्यलय जुम्लाको वार्षिक प्रगति विवरण आ.व.२०६४/०६५